कविशिरोमणि लेखनाथ पौड्याल



# लालित्य

भाग १ र २

# लालित्य

# लालित्य

(कविता–सङ्ग्रह)

(भाग १ र २)

कविशिरोमणि लेखनाथ पौड्याल


मञ्जरी

# लालित्य

प्रकाशक : मञ्जरी पब्लिकेशन
पुतलीसडक, काठमाडौं ।
फोन नं. : ०१-४४४०८५५
इमेल : manjaripublication@gmail.com
आवरण : टाइम्स क्रिएसन, पुतलीसडक, काठमाडौं
ले-आउट : मञ्जरी डेस्क
मञ्जरी पब्लिकेशनद्वारा प्रकाशित, पहिलो संस्करण, २०७६ असार
पूर्व संस्करण : साझा प्रकाशन, २०५८
**सर्वाधिकार © प्रकाशकमा**
ISBN : 978-9937-712-34-7
यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक अनुमतिविना कुनै पनि माध्यमद्वारा पुनरूत्पादन, प्रसारण वा फोटोकपी गर्न पाइने छैन । कसैले त्यसो गरेको पाइए प्रतिलिपि अधिकार ऐनअन्तर्गत कारबाही गरिनेछ ।

---

**LALITYA** By Kavishiromani Lekhnath Poudyal



१९४१ पुस २६ - २०२२ फागुन ७

## वक्तव्य

मैले जुन मातृभाषाको सेवा गर्ने उत्साह लिएर कलम उठाएथैं त्यस बखत यो हाम्रो मातृभाषा यति चाँडो यस्तो उच्च स्तरमा पुग्न सक्ला भन्ने कुरोको मलाई कल्पना पनि थिएन । फेरि उस वेला त्यस्ता अड्चनहरू पनि धेरै थिए, उसले भरखरको सिकारू लेखकलाई उत्साहित गराउनाको सट्टा नैराश्य अँध्यारो खाडलमा नै धकेल्थे ।

अहिले यहाँ त्यस वेलाको सामाजिक, राजनैतिक परिस्थितिको उल्लेख गर्नु सर्वथा अनुचित देखिन्छ, तापनि म यतिसम्म त नभनी रहन सक्तिनँ कि त्यो युग अर्कै थियो, व्यवस्था पनि अर्कै थियो, त्यसमा लेखकले मातृभाषाका उपर कलम बढाउँदा तिरस्कार, आक्षेप, खप्की इत्यादि प्रशस्त पाउँथ्यो, तर कतैतिरको कुनै कुनाबाट सहयोग वा प्रोत्साहन पाउनु आकाश-कुसुम जस्तै दुर्लभ थियो ।

किन्तु मैले **'कर्मण्येवाऽधिकारस्ते, मा फलेषु कदाचन'** भन्ने गीताको उक्तिद्वारा प्रेरित भएर भाषा-सहित्य-विकासको मार्गमा पर्न आएका प्रत्येक विघ्नबाधाको सामना गर्दै उत्साहको बत्तीलाई

निभ्न नदिई वेला-वेलामा केही रचनाहरू तपाईंहरूका अगाडि उपस्थित गर्दै आएको थिएँ, यो कुरा सबैले जान्नुभएकै छ ।

फेरि त्यस वेला मेरो कलमबाट निस्किएका स-साना फुटकर कविता तपाईंहरूजस्ता सहृदयी पाठक-वर्गको साहित्यिक तृष्णालाई कुनै अंशमा मेट्न सक्लान् भन्ने विश्वास पनि मलाई थिएन । पछि-पछि जब मैले आफूलाई तपाईंहरूबाट प्रोत्साहन पाएँ, अनि मेरो उत्साह र आत्मविश्वास पल्लवित हुँदै जानु पनि मनुष्य-हृदयका निमित्त स्वाभाविकै कुरो हो ।

त्यसले गर्दा क्रमशः केही न केही लेख्दै आएँ, लेख्दै पनि छु । अहिले धैरैजसो देशबन्धुहरूको अनुरोध-अनुसार अघि वेला-वेलामा लेखिएका र यत्रतत्र छरिएका कविताहरू र केही नयाँ कविताहरूसमेत एकत्रित गरी यो दुई भागमा विभक्त 'कविता-सङ्ग्रह'को रूपमा तपाईंहरूको अगाडि राख्न पाउँदा मलाई ठूलो हर्ष लागेको छ । यो दुई भागमा छुटेका कविताहरू जे जति छन् तिनको पनि तेस्रो भागमा सङ्कन गरी तपाईंहरूको सामुन्ने उपस्थित गर्न सकें भने म आफूलाई सफल परिश्रमी सम्झनेछु । तपाईंहरूबाट यस्तै प्रोत्साहन पाएको पक्षमा म पनि-

*'सूक्तीनां प्रतिभानाञ्च मञ्जरीणाञ्च जृम्भितम् ।*
*नवमेव मनोहारि.....'*

भन्ने महाकवि क्षेमेन्द्रको उक्ति-अनुसार केही न केही लेखहरूद्वारा मातृभाषाको सेवा र पाठक-वर्गको मनोविनोद गर्नमा सदा तत्पर रहनेछु ।

-लेखक

# कविता-क्रम

## भाग एक


| | |
|---|---|
| गणेश-स्तुति | १७ |
| सरस्वती-स्मृति | १९ |
| बाल राम | २१ |
| शेषशायी विष्णु | २२ |
| शिव-समाधि | २३ |
| सूर्य-महिमा | २४ |
| श्रीकृष्ण-भक्तिको रहस्य | २७ |
| शिव-पञ्चाशिका | २८ |
| श्री दुर्गा | ४१ |
| महाकाली | ४२ |
| शरशय्यामा लडेका भीष्मपितामहले गरेको श्रीकृष्ण-स्तुति | ४३ |
| राधा-कृष्ण | ४६ |
| काल-महिमा | ४७ |
| मुरली-मोह | ४९ |
| दशैं | ५० |

| | |
|---|---|
| तिहार | ५२ |
| श्रीकृष्ण-लीलाको सानू किरण | ५४ |
| जीवन-चङ्गा | ५६ |
| कवि-कविताऽलाप | ६० |
| को ? को ? | ७० |
| म कस्तो हूँ | ७१ |
| सत्य-सन्देश | ७३ |
| वसन्त कोकिल | ७४ |
| विवेक-वाटिकाको सानू फूल | ७७ |
| नैतिक-दृष्टान्त | ७८ |
| पिंजराको प्यासा मैना | ८१ |
| हिउँदका दिन | ८२ |
| नारद र विज्ञान | ८५ |
| साहित्यको फुटबल | ८७ |
| शिक्षक र भिक्षुक | ८९ |
| धन-महिमा | ९१ |
| सत्य-सन्देश | १०० |
| वसन्त | १०१ |
| सत्य-सन्देश | १०५ |
| अरुणोदय | १०७ |
| गङ्गाजीसित | ११० |
| सान्त्वना | १११ |
| विश्रामघाटको पवित्र स्मृति | ११५ |

| | |
|---|---|
| विज्ञानको मोह | ११६ |
| सत्य-सन्देश | ११८ |
| गौँथलीको चिरिबिरी | ११९ |
| शरणाऽऽगति | १२४ |
| कन्याहरूको गौरीसित अभ्यर्थना | १२५ |
| चुँडिएको चङ्गासित | १२७ |
| परिश्रान्त चातक | १२८ |
| संसारको स्वरूप | १३१ |
| जीवन-ज्योति | १३२ |
| अध्यात्म-वाटिकाको सानू सुगन्धी फूल | १३४ |
| प्रभात | १३५ |
| सत्य-सन्देश | १३९ |
| पिँजराको सुगा | १४१ |
| सत्य-सन्देश | १४६ |
| चाखुराको प्रेमोल्लास | १४७ |
| अल्छीको सातसुरे उद्योग-वीणा | १५० |
| मनोलड्डु | १५१ |
| आश्चर्य | १५७ |
| कुचो | १५८ |
| सन्ध्या | १५९ |
| पूर्व-स्मृति | १६८ |
| मन:परिवर्तन | १६९ |
| वंशीधरको दिव्य वंशी | १७४ |

## भाग दुई


| | |
|---|---|
| राष्ट्रभावनाको गीत | १७७ |
| गौँथलीको चिरिबिरी | १७८ |
| विरहिणीका उपर सखीको प्रश्न | १८५ |
| प्रवासीलाई आमाको प्रत्युत्तर | १८९ |
| प्रवासी बन्धुसित प्रवासी पुत्रको मार्मिक चिट्ठी | १९१ |
| सत्य सन्देश | १९५ |
| विवेक-वाटिकाको सानू फूल(क) | १९६ |
| राष्ट्रभाषाको भविष्यउपर एक दृष्टि | १९७ |
| परशुरामको द्रोणाचार्यसँग उक्ति | २०१ |
| ईश-विनय | २०३ |
| राष्ट्रको जागृति | २०५ |
| कविताको खोजी | २०८ |
| पाटीमा ढाक्रेको पसारो | २१० |
| सत्य सन्देश | २१२ |
| पतित-पावनी गङ्गाजीको झाँकी | २१३ |
| धीर | २१४ |
| विवेक-वाटिकाको सानू फूल(ख) | २२० |
| कलमसित | २२१ |
| आश्चर्यचकित चातक | २२४ |
| प्रभात | २२५ |
| कोपिलालाई आश्वासन | २२८ |

| | |
|---|---|
| वयोवृद्ध कोइलीको बिलौना | २३१ |
| कविको उन्निद्रता | २३३ |
| म मधेशमा | २४२ |
| नेपाल र नेपाली | २४९ |
| प्रतिभा | २६२ |
| आर्यजाति | २६४ |
| जीवन-नदी | २७२ |
| केदार-दर्शनको रहस्य | २७५ |
| विचित्र-वाहिनी | २७६ |
| हाँसेका साहित्य-सागर | २८४ |
| पिंजराबाट छुटेको सुगा | २८५ |
| मातृभूमिको प्रार्थना | २९४ |
| बूढो बटुवाको प्रातः कालीन गन्थन | ३०३ |
| रामराज्य | ३०१ |
| श्रद्धाऽऽञ्जलि | ३०७ |

# भाग एक

# गणेश-स्तुति

१

जय गणनायक ! मेरो
　　　　हृदय-कमलमा सदा गरी वास ।
दिनमणिले तमको झैं
　　　　गरिदिनुहोस् ! सकल विघ्नको नाश ॥

२

प्रभुको सुर, मुनि सबले
　　　　निज निज शुभकर्म-सिद्धिको लागि ।
वन्दित चरण-कमलमा
　　　　मन-भुमरो होस् अनन्य अनुरागी ॥

३

ऋद्धि र सिद्धि दुवैले
　　　　सेवित, शिव-पार्वती-तपः-सार ।
प्रभुको उद्‌भव-लीला
　　　　सम्झी मन हुन्छ गद्‌गदाऽऽकार ॥

४

चन्द्र-मुकुटमा, गालामा-

दूर्वा-माला, कपोलमा भुमरा ।

तुन्दिल मङ्गलमूर्ति

प्रभु स्मरणै छ शान्तिको छहरा ॥

५

सिन्दूर-तिलक धारी

वसन्त-बालाऽर्क झैं अरुण ।

सदय वराऽभय-पाणि

प्रभुको गर्छू झुकी सदा स्मरण ॥

# सरस्वती-स्मृति

१

मिहीं प्राणै वीणा, मन मृदु नखी, कम्प कलना,
गरी लाखौं झिक्ती स्वर-मधुरिमा स्मेरवदना ।
रसीलो फक्रेको हृदय-कमलै आसन गरी
बसेकी वाग्देवी क्षणभर नबिर्सूं जुनिभरि ॥

२

सफा वर्णाऽऽकार स्फटिकमय मालाकन धरी
जगत्मा तद्द्वारा व्यवहृति-कला शीतल गरी ।
सदा भर्दै हाम्रो हृदयबिच आलोक-लहरी
बसेकी वाग्देवी क्षणभर नबिर्सूं जुनिभरि ॥

३

सुनेको, देखेको, अनुभव गरेको जति कुरा
कुनै आधा मात्रातक पनि नछोडी सब पुरा ।
छपाई राखेको स्मृतिमय महापुस्तक धरी
बसेकी वाग्देवी क्षणभर नबिर्सूं जुनिभरि ॥

४

यही हाम्रो भित्री हृदयमय गम्भीर सरमा
डुबी उत्री खेल्दो, चपल, चटकी हंसवरमा ।
चढी लीला-साथै भुवनमहिमा जीवित गरी
बसेकी वाग्देवी क्षणभर नबिर्सूं जुनिभरि ॥

५

जगद्व्यापी मेरो अति मधुर यो जीवन-कला
बुझ्यो जस्ले उस्को कसरि भय अज्ञान रहला ।
भनी सामुन्नेमा वर अभय मुद्राकन धरी
बसेकी वाग्देवी क्षणभर नबिर्सूं जुनिभरि ॥

# बाल राम

१

हेर्दा साह्रै उज्यालो, सजल जलदझैं शामलो शान्तिकारी
आनन्दी, बाललीला-ललितरुचि, मनोमोहनी-मूर्तिधारी ।
कौशल्याका गलाको सरस चहकिलो दिव्य माला-समान
सौभाग्य-ज्योति जस्तो सब रघुकुलको शक्ति-शोभा-निधान ॥

२

मानूँ घन्कीरहेको दशरथ नृपको हर्ष-सङ्गीत-सार
पृथ्वीको भार हर्ने विषयमय महानाट्यको सूत्रधार ।
कस्तो कस्तो हँसीलो, सुरमुनि सबको दुःख-विश्रान्ति-धाम
प्यारो माङ्गल्यमूर्ति क्षणभर नभुलूँ चित्तले 'बाल राम' ॥

# शेषशायी विष्णु

१

कस्तो क्षीरसमुद्र हो ? कुन तहाँ शय्या बन्यो शेषको ?
क्या हो नाभिसरोज खास, जसमा लीला छ लोकेशको ?
कस्मा लक्ष्य छ शङ्ख चक्र दुईको ? के हो गदा-गौरव ?
केको सूचन गर्छ पङ्कज? तथा त्यो झल्कँदो कौस्तुभ ?

२

लक्ष्मीको कुन लक्ष्य हो ? गरुडको के रूप हो वास्तव ?
त्यो पीताऽम्बरको रहस्य कुन हो ? जानी बुझी यो सब ।
विश्व-व्यापक विष्णुको म गरूँला आराधना क्यै भनी
डुब्दा तर्क-वितर्कका जलधिमा सारा बित्यो जीवनी ॥

# शिव-समाधि

१

कैलासोपत्यकाको स्फटिकमय महावेदिमा बाघछाला
बिच्छ्याई, बाँधि पद्माऽऽसन, सब मनका वृत्तिमा गुप्त ताला-
कस्तै, सुस्तै जमाई क्रमसित उरमा बन्ध त्यो उड्डियान
निःश्वासोच्छ्वास रोकी, तन अचल गरी शैलशृङ्गै समान ॥

२

विश्वव्यापी उज्यालो हृदय-कुहरको केन्द्रमा चेत्त्य चित्त
एकै पारी मिलाई, चिति-जलनिधिमा भै स्वयं एकछत्त ।
पूर्णाऽऽनन्द-प्रकाश-स्थित शिव भगवान् भक्तिको वश्य जानी
गौरी झैं भक्ति गर्ला जुन जन, उसको जन्म हो भाग्यमानी ॥

# सूर्य-महिमा

१

जय जगदीश्वर ! मङ्गलकारी !
जय जय दिनकर ! कल्मषहारी !
उज्ज्वल प्रभुको मण्डल-भित्र ।
पूर्ण छ जीवन-शक्ति पवित्र ॥

२

प्रभुको झलमल किरणाऽऽलोक
पाइ चराऽचर यो सब लोक ।
जीवन-जागृति-रमिता गर्छ
त्यो यदि नमिलोस् पलमा मर्छ ॥

३

सप्त ग्रह छन् घोडा, काल-
फनफन घुम्दो चक्र विशाल ।
नित्य सुवर्णद्युतिमय रथमा
यात्रा प्रभु अम्बरपथमा ॥

४

रङ्ग बदल्दै दुनियाँभरको

दिन, ऋतु, महिना, संवत्सरको ।

चक्र निरन्तर प्रभुका भरमा

घुम्दछ फनफन दुर्गम सुरमा ॥

५

ऋषि, मुनि, हाम्रा ऋक्, यजु, साम

वेदत्रयको उज्ज्वल धाम ।

प्रभुकन जानी साँझबिहान

निश्चल गर्छन् घटमा ध्यान ॥

६

नीलो नभोमय सरमा भारी

राजहंसको लीला धारी ।

खेलिरहेको जुग-जुग-सम्म

प्रभुको महिमा अगम अचम्म ॥

७

सृष्टि-स्थिति-लय-लीलाकारी

ब्रह्मा, विष्णु त्रिपुरसंहारी ।

तीन देवको चित्र चरित्र

गुप्त छ प्रभुकै महिमा-भित्र ॥

८

धपधप बल्दो गोलाऽऽकार
प्रभुको मण्डल पारावार ।
जसका लाखन रश्मि-तरङ्ग
सबतिर छर्छन् अद्‌भुत रङ्ग ॥

९

प्रभुको मण्डल ज्योतिष्कोश
पर्दछ टाढा लाखन कोस ।
तैपनि हामी ज्योतिर्धारा-
सम्पति भोग्छौं घर घर सारा ॥

१०

धमिलो भ्रम वा तम पर सारी
जीव-जगत्को नजर उघारी ।
गरने सब यो विश्व-विकास
प्रभु नभए को लेला सास ?

११

प्रभु-विन न त यो चल्दछ सृष्टि
खुल्दछ न त यो चेतनदृष्टि ।
अब कुन अर्को ईश्वर जानी
उसको म बनूँ भक्त ज्ञानी ॥

# श्रीकृष्ण-भक्तिको रहस्य

१

खोजी गैह्र कुना कुना धरणिका, छामी सबै सागर
फारी दुस्तर वायुमण्डल, बुझी आकाशको अन्तर ।
ज्योतिश्चक्र पनी घुमी फनफनी, लाचार भै आखिर
पत्ता क्यै नमिली गली विरहले राम्रै झुकाई शिर ॥

२

हे श्रीकृष्ण ! अनाथनाथ ! भगवन् ! प्यारा कहाँ छौ भनी
भित्री व्याकुल भावले जब तिमी मूर्छा परौला अनि ।
बोलेथ्यौ जुन ठामबाट पहिले तत्काल त्यै ठाममा
देख्नेछौ झलमल्ल दिव्य भगवान् साक्षात् स्वयं-धाममा ॥

# शिव-पञ्चाशिका

१

जय शङ्कर ! चन्द्रशेखर !
जय शम्भो ! भगवन् ! महेश्वर !
प्रभुको महिमा विचित्र छ
जसमा यो सब सृष्टि-चित्र छ ।

२

भगवन् ! भवभीति-भञ्जन
जगदीशान ! दयानिकेतन !
प्रभु चिन्मय पूर्ण सागर
भव-सत्ता लहरी-बराबर ॥

३

अथवा नभमा थरी थरी
स्फुरणा वा परिपञ्च-माधुरी ।
जुन फुर्दछ नाथ ! त्यो सब
प्रभुको हो प्रिय ताण्डवोत्सव ॥

४

प्रभुकै उस नृत्यमा फसी

रवि, तारा, ग्रह, मेदिनी, शशी ।

गगनाऽऽत्मक रङ्गमञ्चमा

सब नाच्छन् विविध प्रपञ्चमा ॥

५

चतुराऽऽनन, विष्णु, वासव,

यम यक्षाऽऽदिक देवता सब ।

प्रभुको उस नृत्य-रङ्गमा

सब छन् मस्त बडो उमङ्गमा ॥

६

नभमा नटराज ! शोभन

जब मिल्किन्छ ठुलो गजाजिन ।

प्रभुको अनि चल्छ ताण्डव

सब भन्छन् तर त्यो कहाँ ? कब ?

७

कुन त्यो विभुको गजाजिन

किन याँकिन्छ र हुन्छ नर्तन ।

अति गूढ रहस्य नाथको

गति पुग्थ्यो कसरी अनाथको ?

८

प्रभुको जुन विश्वरूप हो
उसको गैह्र निरूपणा अहो !!
विधिले तक गर्न सम्झन
कठिनै पर्दछ भूतभावन !

९

श्रुतिशास्त्र सबै थरी थरी
तरिकाबाट विवेचना गरी ।
नमिली उस रूपको पता
कहँदै छन् प्रभुको अनन्तता ॥

१०

शरणाऽऽगत छू, अनन्तमा
डुबनेछैन समर्थता ममा ।
मनमाफिक गर्दछु स्तुति
अरु जस्तै भगवन् ! यथामति ॥

११

चितिशक्तिमयी महेश्वरी
प्रणयाऽऽलिङ्गन-रङ्गमा परी ।
प्रभुमा समभाव धर्दछिन्
परमाऽऽनन्द-विहार गर्दछिन् ॥

१२

तपको र विवाहको कथा
उस अर्धाऽसनको मिठो कथा ।
परमेश्वर ! धन्य मान्दछु
तर त्यो रूपक-रूप ठान्दछु ॥

१३

ससुरा गिरिराज सुन्दर
गिरिराजै छ निवास-मन्दिर !!
गिरिजा गृहिणी, गिरीशकी
यसमा नाथ ! रहस्य क्यै छ कि ?

१४

भुवनै प्रलयाऽऽग्निमा परी
डढदा भस्म बनेर बेसरी ।
प्रभु शून्य मशानमा बसी-
रहने दुर्धर भस्म त्यो घसी ॥

१५

उस घोर मशान-वासको
उस एकाम्मय अट्टहासको ।
महिमा उहि जान्न सक्तछ
प्रभुमा जो लवलीन भक्त छ ॥

१६

परमेश्वर भूतिभूषण !
उस वेला कुन भूतको गण ।
प्रभुका सँगमा रमाउँछ
मन यस्मा अति चक्कराउँछ ।।

१७

लय-साथ रहन्छ सिर्जना
लय छोडी कुन सृष्टि-कल्पना ?
लय-कारण गूढ तत्त्व छ
शिव ! जस्मा प्रभुको शिवत्व छ ।।

१८

अरुमा वृष चढ्छ भीषण
प्रभुको त्यो वृषमा नियन्त्रण ।
वृषवाहन ! दिव्य यो कला
नबुझी को भयबाट उम्कला ?।।

१९

वृष बादल हो कि ? धर्म हो ?
बयलै हो कि ? विशिष्ट कर्म हो ?
नबुझी सब तारतम्य यो
वय मेरो बहँदै बिदा भयो ।

२०

झलमल्ल सुमेरुको उता
उस कैलास गिरीन्द्रको पता ।
जुन धीर यथार्थ पाउला
उसलाई कुन कष्ट आउला ।।

२१

जगदीश ! सुमेरु त्यो कहाँ ?
फिर कैलास दुरन्त त्यो कहाँ ?
अलमल्ल सबै अहो ! किन ?
कब होला झलमल्ल जीवन ?

२२

मनको भुमरो हलुङ्कसी
प्रभुका पादसरोजमा पसी ।
पिउँदै मकरन्द मस्त भै
कहिले प्यास बुझाउला सबै ?

२३

पद-पङ्कजकै रज:कण
प्रभुका प्राप्त भयो र रावण ।
त्रिजगद्विजयी पनी भए
प्रभुकै पार्षद मुख्य मानिए ।।

२४

सनकाऽऽदि महर्षि नाथको
गुणगाथा दृढ भक्ति-साथको ।
लवलीन भएर गाउँदै
घुमदै छन् कृतकृत्यता लिँदै ॥

२५

नखदेखि अहो !! शिखातक
प्रभुको भेष र भूषणाऽऽदिक ।
जगदीश ! छ विश्ववन्दित
सब लोकोत्तर सारगर्भित ॥

२६

भय-भावक-भाव-भासुर
प्रभुका कम्मरको बगम्बर ।
परमेश्वर ! गर्छ पावन
उस मायापटको निदर्शन ॥

२७

दुइ बाहुलिको दयामय !
दुइ मुद्रा प्रभुको वराऽभय ।
शरणाऽऽगत भक्त-खातिर
अविनाशी सुखकान्ति-निर्झर ॥

२८

भयभञ्जन ! त्यो त्रिशूलको
बुझ्ने वास्तव गूढ मूल को ?
जसमा फुलको थुँगासरि
लयमा अड्दछ 'काशिका'-पुरी ॥

२९

करमा जुन त्यो कपाल छ
उसमा तत्त्व कुनै विशाल छ ।
त्यहिँ पो छ कि भाग्यजालको
लिपि-माला सबका कपालको ?

३०

हरमा हर ! काममर्दन !
जुन त्यो हुन्छ विभूति-मर्दन ।
उसमा प्रभुको असङ्गता-
समताको महिमा जतातता ॥

३१

विकराल भुजङ्ग फन्फनी
विषले नील गलाविषे पनि ।
किन नाथ ! लपेटनूभयो
बुझ्ने को अति गूढ तत्त्व यो ?

३२

अहहा ! विषपानको कथा
    मनमा भर्दछ संशय-व्यथा ।
अरुका श्रमको सुधा फल
    प्रभुलाई किन त्यो हलाहल ?

३३

अथवा अरुका निमित्तमा
    विष-बाधा पनि भित्र चित्तमा ।
तृणतुल्य गनोस् भनीकन
    दिनुभो नाथ ! ठुलो निदर्शन ॥

३४

भुवनै दहने कडा विष
    वशमा भो कुन धारणा-वश ।
शितिकण्ठ ! निगूढ यो कला
    कहिले बालक भक्त सम्झला ॥

३५

वदन-द्युति विश्वमोहिनी
    स्मितले विस्मित गर्छ चाँदनी ।
उसभित्र जती डुबे पनि
    मन फिर्दैन कसै पुग्यो भनी ॥

३६

नयन प्रभुका ललाटको
स्मरको कारण बिल्लिबाठको ।
नचिह्नी अरु योग-साधना
जगदीशान ! सबै विडम्बना ॥

३७

शशिशेखर ! नाथ ! नाथको
जुन अर्धेन्दु-कला छ माथको ।
उसको सुषमा सुधामय
सबमा भर्दछ जीवनोदय ॥

३८

नयनऽग्नि-शिखा छ त्यो तल
उसमाथी शशिखण्ड शीतल ।
दुइ तत्त्व विरुद्ध हुन्, तर
अविरोधी प्रभुमा परस्पर ॥

३९

त्यसरी शिरमा विलक्षण-
स्थितिमा अग्नि र सोम धारण ।
गरने जुन शक्ति सत्त्व हो
प्रभुको त्यै त महेश्वरत्व हो ॥

४०

जसका द्युतिको अगिल्तिर
  शरमाएर झुकाउँदै शिर ।
जगदीश्वर । वैद्युती छटा
  धमिलो बन्दछ धन्य त्यो जटा ॥

४१

स्फुरणास्फुटता अथाह त्यो
  अथवा दिव्य जटा-कटाह त्यो ।
गमको छ गिरीश । दुर्गम
  गमभन्दा बढिया नमो नमः ॥

४२

मुकुटाऽकृति त्यै जटामहाँ
  फिर गङ्गा जननी कहाँ कहाँ ।
बहँदी जगदेकमङ्गला
  हर । गङ्गाधर । धन्य त्यो कला ॥

४३

जगदीश । जटा र जाह्नवी
  दुइको दिव्य दुरन्त त्यो छवि ।
दिलमा झलमल्ल भो जब
  अनि यो विश्व सबै शिवै-शिव ॥

४४

डिमि डिम् डिमि डिम् गरीकन
    मुटुको धड्कन भित्र पावन ।
डमरु प्रभुको बज्यो जब
    अनि शम्भो ! सब यो शिवै-शिव ॥

४५

त्रिगुणाऽऽत्मक चित्त हो सब
    तिनपत्रे प्रिय विल्व वास्तव ।
प्रभुको पदमा खुशीसित
    शिव ! गर्छू अब यो समर्पित ॥

४६

जय विश्वविकास-कारक !
    जय मृत्युञ्जय ! मृत्युवारक !
मनमा नरहोस् दयामय !
    अब मेरो जनि-मृत्युको भय ॥

४७

दिलबाट अनाथ दासको
    भय मृत्युञ्जय ! मृत्यु-पाशको ।
नहरी प्रभुको कहाँ ? कव ?
    कुन मृत्युञ्जय नाम-गौरव ॥

४८

त्रिपुराऽऽन्तक ! नाम नाथको
त्रिपुरै बन्धन यो अनाथको ।
भगवन् ! किन यो नतोडने
प्रभुकै भक्त म बद्ध छू भने ॥

४९

ममतामय भङ्ग यो घना
धतुरो मुख्य नाश 'अहम्' पना ।
उपहार दुवै खडा गरें
जगदीशान ! म पाउमा परें ॥

५०

जय नाथ ! शरण्य ! शङ्कर !
जय शम्भो ! शिव ! चन्द्रशेखर !
शरणाऽऽगत 'लेखनाथ' को
प्रभु-बाहेक कहाँ छ नाथ को ?

*इति शिवपञ्चाशिका समाप्त*

# श्री दुर्गा

१

जस्को हर्दम् खडा छन् अगलबगलमा सेविका दिव्य कन्या
पक्री तर्बार-खेट-द्वय दुइ करले, शौर्य-सौन्दर्य-धन्या ।
त्यस्ती, सौदामिनी झैं रुचिर-रुचि, ठुलो सिंहमाथी चढेकी
साक्षात् अग्नि-स्वरूपा, विमल मुकुटमा चन्द्ररेखा जडेकी ॥

२

आठोटा बाहुलीमा नियम-सित सदा शङ्ख-चक्राऽऽदि धर्दी
आकारैले विरोधी शठ रिपुकुलमा भीति-सञ्चार गर्दी ।
दुर्गा देवी त्रिनेत्रा त्रिभुवन जननीबाट कल्याण-धारा
वर्षोस् भन्दै झुकाई शिर, पदयुगमा नित्य गर्छू पुकारा ॥

# महाकाली

१

दन्केको त्यो श्मशानाऽनल-नगिच महारौद्र अट्टाऽट्टहास
गर्दै भर्दै त्यसैले गगन-कुहर वा शून्य विश्वाऽवकाश ।
उत्तानू भै लडेको अचल उस महाकालको छातिमाथि
कुल्ची सारा समेटी नियतिमय कुनै कोषमा जीव-जाति ॥

२

लम्बा जिब्रो पसारी वर, अभय तथा कर्तरी, मुण्ड धारी
झप्पे झाँक्रो फिँजारी, कटिबिच रसना पाँसुलाको लतारी ।
घाँटीमा मुण्डमाला, श्रवणयुगलमा कुण्डलाऽऽकार मुर्दा
पैह्री नाचीरहेकी स्मरण गर महाकालिका कष्ट पर्दा ॥

# शरशय्यामा लडेका भीष्मपितामहले गरेको श्रीकृष्ण-स्तुति (अनुवाद)

१

अब मति सब यो वितृष्ण गर्छु
विभु भगवान् यदुनाथमा म धर्छु ।
प्रकृतिसित हुँदा कुनै विहार-
जुन विभुको सब सृष्टि भो तयार ॥

२

रवि-कर सरि गौर वस्त्रधारी
त्रिभुवन-मोहन, शामलो तयारी ।
मुख पनि अलकाऽऽवली खुलेको
नरहरिमा मन होस सधैं भुलेको ॥

३

मुख सब रण-रङ्गमा उडेको
रज पसिनामय केशले खुलेको ।
कवच-बिच मदीय बाण खास
गडि अति घायल कृष्णको म दास ॥

४

रथ लगि दुइ सैन्य बीच पारी
सुनि सब अर्जुनका कुरा विचारी ।
रिपुतिर दिइ नेत्र, आयु उन्को
सब हरने हरिमा छ भाव मन्को ॥

५

बुझि रिपुदल बन्धुले भरेको
वध नगरूँ भनि पापमा डरेको ।
विजयकन बताइ तत्त्व सारा
भ्रम हरने हरिको पर्दै सहारा ॥

६

निज कबुल भुली कबूल मेरै
सफल गरी रथ छोडि उत्तिखेरै ।
गजतिर हरि झैं मतर्फ बढ्दो
कर-बिच चक्र छ, वस्त्र हर्र उड्दो ॥

७

शित शर छुटि घातकी मबाट
कवच फुटि चुहि रक्त अङ्गबाट
उसरि मकन मार्नमा सतृष्ण
शरण खडा हुनुहुन्छ नाथ कृष्ण ॥

८

सितहय रथ-सारथि प्रधान
भइ लिइ चाबुक वाग शोभमान ।
हरिबिच रति होस् म मर्छु, भक्त-
जुन हरि हेरि मरी भए विमुक्त ॥

९

मधुर गति, विलास, हास, केलि,
प्रणय-विलोकन पाइ मस्त खेली ।
गरि अनुकरणै मदाऽन्ध सारा
ब्रजरमणी जसमा मिले पियारा ॥

१०

गरि मुनि-नृप-वर्गले विशेष-
खचित युधिष्ठिर-यज्ञमा प्रवेश ।
खुशिसित अधिबाट पूज्यमान
प्रकट यहीं भगवान् विराजमान ॥

११

रचिकन सब जीव ई यथेष्ट
घट-घटमा रवि झैं स्वयं प्रविष्ट ।
यदुपति विभुमा म हुन्छु लीन
भइ भय भेद र मोहले विहीन ॥

# राधा-कृष्ण

१

उपर कदमछाया, पासमा कामधेनु
प्रणयसित लिएको हातमा दिव्य वेणु ।
मधुर युगल राधाकृष्णको मूर्ति खास
विषय-विकल मेरो चित्तमा होस् प्रकाश ॥

# काल–महिमा

१

भाका, भूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो
इन्द्रै बिन्ति गरून् झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो ।
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्ट्याइ छान्दैन त्यो
खाता जाँचि सबै दुरूस्त नबुझी बिर्सेर हान्दैन त्यो ॥

२

राजा रङ्क सबै समान उसका, वैषम्य गर्दैन त्यो
आयो, टप्प टिप्यो, लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ।
लाखौं औषधि, अस्त्र-शस्त्र-महिमा देखेर डर्दैन त्यो
व्याधा-तुल्य लुकेर चल्दछ सदा, मारेर मर्दैन त्यो ॥

३

आँसूको दहमा नुहाउँछ चिसो पानी रुचाउन्न त्यो
सुक्खा जर्जर अस्थिपञ्जर-विना शय्या बनाउन्न त्यो ।
मैलो भस्म-सिवाय अङ्गभरमा केही लगाउन्न त्यो
हाहाकार सरी मिठो अरु कुनै सङ्गीत गाउन्न त्यो ॥

४

जो जो मिल्छ सुलुक्क निल्छ, मुखमा हाली चपाउन्न त्यो
थाल्यो च्वाम्म सबै चपाउन भने आहार पाउन्न त्यो ।
जत्ती निल्छ उती उकेल्दछ पनी, केही पचाउन्न त्यो
यै चालासित कल्प-कल्प कहिल्यै खाई अघाउन्न त्यो ॥

# मुरली-मोह

## गाना

धन्य अहा ! त्यो कृष्णको मुरली ।
रननन रननन रन्कन लाग्यो कति राम्रो सुर ली ॥

इन्द्रिय ! सब पस कर्ण-विवरण, कर्ण ! बिला त्यो मुरली-सुरमा
मुरलीसुर आ हृदयाऽम्बरमा कत्ति पनि नगली ॥

जलचर नभचर सब चुप लाग, तृण तरु लहरा कर्ण-पुट माग ।
जड पत्थर पनि जडता त्याग, सुनीरहू है नचली ॥

बिन्ति छ बादल ! पर जा, पर जा, चाँदनि ! तँ पनि अलिछिन घर जा ।
मारुत ! सिरिसिरि पल्लव नबजा मुटुमा घुस्यो बिजुली ॥

यमुना ! यमुना ! तिमी पनि आऊ, बस भुमरीमय कान झुकाऊ ।
'लेख' हृदय-बिच त्यो सुर भाऊ, अगम मधुर सकली ॥

# दशैं

### गजल

हट्यो सारा हिलो-मैलो हरायो पानिको वर्षा,
भवानीको भयो पूजा, चल्यो साऽऽनन्दको वर्षा ॥

जता जाऊ उतै भन्छन् दशैं आयो । दशैं आयो !
यही आनन्द-चर्चाले सबै सङ्कष्ट बिर्सायो ॥

ठुला साना सबैलाई दशैं अत्यन्त राम्रो छ,
चलेको चाडमा ज्यादा यही उत्कृष्ट हाम्रो छ ॥

गरी दुर्गाऽऽर्चना भारी प्रसाद प्रेमले धारी,
ठुला साना सबै रैती बने साऽऽनन्द शृङ्गारी ॥

सबै राम्रा, सबै ठाँटी, सबै नाना तमासामा,
सबैका माथमा जौका पहँला आँकुरा लामा ॥

सबै अत्यन्त आनन्दी सबै छन् पीङमा दङ्ग,
सबैको देखिँदै आयो उज्यालो चेहरा रङ्ग ॥

विजेता आर्यको यो हो पुरानू कीर्तिको स्तम्भ,
[1]खडा राखीदिए दुर्गे ! जगन्माता ! पछीसम्म ॥

१. यो कविता नेपाली भाषा प्रकाशिनी समितिको पहिलो पुस्तकका लागि लेखिएको हो ।

# तिहार

१

सुखमय पारी सब संसार
आयो रसिलो चाड तिहार ।
बन्दछ मानू सबको काम
खुसी छन् राजा रैति तमाम ॥

२

अन्न छ सबका घर घर पूर्ण
छैन कसैको पेट अपूर्ण ।
काग र डुलुवा कुत्तासम्म
भत नहेर्ने यो छ अचम्म ॥

३

घर घर सबका भाँती भाँती
झकमक बल्छन् दीपक-ताँती ।
झिलिमिलि झिलिमिलि वारी पारी
यो छ मजाको रमिता भारी ॥

४

जय जय लक्ष्मी ! आऊ आऊ
स्थिर गर हाम्रा घरमा पाउ ।
भन्दै हिन्दू सब नर नारी
गर्छन् पूजा भवन सिँगारी ॥

५

खेती-पाती पूर्ण तयारी
ढकमक फुलले ती फुलबारी ।
हँसिलो मुखका सब नर नारी
सबतिर लक्ष्मी-पूजा भारी ॥

६

वर पर सबका दाज्यूभाइ
बटुलिन थाले टीका लाई ।
हिंड सब जाऔँ बहिनीबाट
पहिरौँ टीका पारौँ ठाँट ॥

७

सब सिद्धयाई टीकाटाला
पहिरि गलामा लामा माला ।
चिजबिज खाऔँ, चाड मनाऔँ
बेर नलाऔँ, जाऔँ जाऔँ ॥

# श्रीकृष्ण-लीलाको सानू किरण

**(सुदामालाई अङ्कमाल गरी कनिकाको पोको पक्रेर प्रेमरसमा डुबेको श्रीकृष्णतर्फ हेरी)**

**रूक्मिणी-** (आश्चर्यचकित भावले) उहाँ को ?

**श्रीकृष्ण-** (प्रेमविह्वल भएर) प्रेमी

**रूक्मिणी-** (पोको देखाएर) त्यो कुन गठरि ?

**श्रीकृष्ण-** (सत्यभावले) सौगात गह्रुँका

**रूक्मिणी-** (चाख मानेर) म हेरूँ (हात पसार्छिन्)

**श्रीकृष्ण-** (नाक खुम्च्याई) के चिन्छ्यौ ?

**रूक्मिणी-** (क्यै खायसी भावले) तदपि

**श्रीकृष्ण-** (जबर्जस्ती कनिका झिकी देखाएर) तिमी खान्छ्यौ र कनिका ?

**रूक्मिणी-** (मुख हेरेर) छि है, त्यस्तो खाने कसरी ?

**श्रीकृष्ण-** (फाँको हाली चपाउँदै) यसरी गद्‌गद बनी

**रूक्मिणी**- (घृणाको भावले) मयाँ लाग्ला

**श्रीकृष्ण**- (प्रेमसित अर्को फाँको हालेर) लागोस्

**रूक्मिणी**- (कौतुक भावले) म पनि (हात पसार्छिन्)

**श्रीकृष्ण**- (शिर हल्लाएर) नदिने

**रूक्मिणी**- (जबर्जस्तीसित) दिन्नँ म पनि (हात समात्छिन्)

उहाँ को ? प्रेमी, त्यो कुन गठरि ? सौगात गह्रुँका,
म हेरूँ ? के चिन्छ्यौ ? तदपि ? तिमि खान्छ्यौ र कनिका ?
छि है, त्यस्तो खाने कसरि ? यसरी गद्गद बनी
मयाँ लाग्ला ? लागोस्, म पनि, नदिने, दिन्नँ म पनि ॥

# जीवन-चङ्गा

१

कछुवाले अङ्ग सरी खुम्च्याई बाह्य वृत्तिका तार ।
भित्र अलिकति हेर्दा अर्कै रसिलो चमत्कार ।।

२

दुर्गम भै उर्लेकी तलतिर समतुल्य मोहकी गङ्गा ।
फरफर गर्छ उपर यो जीवनमय पातलो चङ्गा ।।

३

ममता-सहित अहन्ता ग्रन्थि परेका बडा रम्य ।
सुख दुखका कका छन् खूब मिलेका दुवै टम्म ।।

४

मनमय घुम्छ लटाई फनफन फन्का पला पला मारी ।
अतिशय दुर्लभ तर त्यो रसिक लटाई लिने चमत्कारी ।।

५

सङ्कल्पको छ धागो छुटी-रहेको लगातार ।
गर्दछ जसका भरमा जीवन-चङ्गा विचित्र सञ्चार ॥

६

त्यो मसिनो धागो खिरिलोपन ल्याउने ताजा ।
घसिएको बहुत सफा विवेक बल बुद्धिको माजा ॥

७

चङ्गाको मुखचाहीँ प्रवृत्तिमय रङ्गले लाल ।
अलिअलि कालो आशा-पुच्छर, उसको छ चल्बले चाला ॥

८

वैषम्य भै ककामा अलिकति गतिमा घुस्यो भने दोष ।
ग्वाँक मिलाउनलाई संयम, सुविचार, शान्ति सन्तोष ॥

९

यस्तो अद्भुत चङ्गा तयार पारी बडो चमत्कारी ।
नभमा कौतुक गर्ने कुन होला धीर अविकारी ?

१०

जति जति गडेर हेर्छु यस चङ्गाको विचित्र सञ्चार ।
उति उति शून्य गगनमा विलीन हुन्छू, नदेखदा पार ॥

११

कहिले नीलो दहमा सफरी माछो सरी भारी ।
लीला गर्छ गगनमा चक्कर लाखौं थरी मारी ॥

१२

कहिले प्रेमहवामा सरररर अक्काशिँदै जान्छ ।
कहिले फरक्क फरकी तल-तल कौंठीपनी खान्छ ॥

१३

कहिले भुजङ्ग जस्तै सुलुसुलु बग्दै बटारिन्छ ।
कहिले विधिवश बिचमा अरुअरुसँग बेसरी लटारिन्छ ॥

१४

कहिले पुगेर माथि सोझै बहँदै शनैः शनैः सल्ल ।
निश्चल टक्कर मारी अडिन्छ बउँडाइ-बोहरी-तुल्य ॥

१५

जलचर नभचर सबका सुन्दर लाखौं थरी चाल ।
देखिन्छन् यहिं हाम्रो जीवन-चङ्गाविषे सदाकाल ॥

१६

अक्काशिएर ज्यादा माथी जाँदा हराउने भय छ ।
तल गङ्गा-लहरीले लपक्क पार्ने बिछट्ट संशय छ ॥

१७

शीतल सरसर बहने बीच गगनको सफा हावा ।
जति पायो उति यसले खान्छ गजब चालले कावा ॥

१८

कहिलेदेखि उडेथ्यो ? अब उडने हो कति बेर ?
आखिर चङ्गा ठहऱ्यो चुंडिनालाई छ के बेर ?

१९

जति दिन यो उड्ने हो उति दिन उड्नै छ बीचमा नअडी ।
तर त्यो देखिनुपरने अद्‌भुत चङ्गा उडाउने लहडी ॥

२०

जय जगदीश्वर ! देखैं विश्वव्यापी प्रकाश त्यो खास ।
सूक्ष्म लटाईभित्र रहेछ प्रभुको निवास वा भास ॥

# कवि-कविताऽऽलाप

(१९६७ सालमा लेखिएको र ६९ सालमा निर्णयसागर प्रेसमा प्रकाशित)

१

**कवि–**

भगवति ! कविते ! देवी ! जुग-जुग तिम्रो म हूँ सदासेवी ।
बाहिर निस्कन आज, किन मानेको बडो लाज ?

२

**कविता–**

रसिला गुणिजन हेरी हालि अँगालो गलाविषे फेरि ।
रञ्जन पारि समाज डुली-रहेकी मलाई के लाज ?

३

**कवि–**

तिमी भनि अरु सब बात छोडि बिताएँ बसी बसी रात ।
तैपनि करुणा गरिनौ कसूर के देखि सामुमा परिनौ ?

४

कविता-

गर तिमी आफनू काम, नलेउ बाबू ! कसूरको नाम !
मेरै कर्म अभागी बुझेर दबिएँ कुना लागी ॥

५

कवि-

जसका वश परि सुकृति, कहलाए व्यास, वाल्मीकि प्रभृति ।
मम-मनमा धैर्य धरी उही तिमी छौ अभागिनी कसरी ?

६

कविता-

शक्तिन बाबू ! सहन अब अरु केही कुरा नभन ।
चरचरि चिरिन्छ छाती वाल्मीकि, व्यास सम्झँदामा ती ॥

७

कवि-

तिमी छौ रसरङ्गवती भनेर डाकेँ गरी ठुलो विनति ।
उल्टा आँसु खसाली किन रुन लाग्यौ धुरूधुरूखालि ॥

८

कविता-

व्यासाऽऽदिक सत्कविले छोडि मलाई बिदा भए जहिले ।
उस दिनदेखि छु नङ्गी, छैन कुनै रङ्गिचङ्गिको भङ्गी ॥

९

कवि-

जाऊन् वृद्ध व्यास-प्रभृतिको तिम्रो भयो र के नाश ?
अझ पनि सत्कवि हामी खडा छँदै छौं बडा नामी ॥

१०

कविता-

शिव ! शिव ! बज्रसरी शरीरभेदी कुरा सुनौं कसरी ?
अब चुप चुप बाबू ! गर्‍यो मलाई अभाग्यले काबू ॥

११

कवि-

तिमि भनि म गर्छु मान तिमी अझ थुन्छ्यौ स्वयं वृथा कान ।
हुन आयो कुन हेतु ? रहेछ तिम्रो कहाँ केतु ?

१२

कविता-

तिमी जस्ता बनि कविजी गर्दछु कविता भनेर पत्र फिँजी ।
लाग्नू यो केहि दशा, नबिग्रि हुन्थ्यो कहाँ सहसा ?

१३

कवि-

मनकन बेसरि पोली, नबोल अति पेचिलो रूखा बोली ।
चिह्निनौ कत्ति मलाई, जान तिमी व्यासको भाइ ॥

१४

**कविता-**

आफनु शक्ति नजानी नबने अबदेखि 'पण्डितम्मानी' ।
कुर बरु धनिका ढोका, मिल्छन् पछि दानको पोका ॥

१५

**कवि-**

प्रतिभा पूर्ण छ मेरी लेखि लगाएँ किताबको ढेरी ।
यस्तो सत्कवि सुजन, जान्छु र ढोकाविषे म किन ?

१६

**कविता-**

अक्षर अक्षर भाँची कनिकुथि गरि खालि छन्दमा नाची ।
प्रतिभा नभए कसरी लेखनु कन्था अगाडि सरी ॥

१७

**कवि-**

लेखनशैली मेरो प्रसादगुण-शालिनी हेरी ।
बालक पनि छन् दङ्ग थियो कि यो व्यासमा ढङ्ग ?

१८

**कविता-**

खतिदिनु दिन दिन कन्था-ग्रामीण भ्रष्ट बोलिको पन्था ।
बुझ्दछ पल्टन सारा, चल्दछ अनि बिक्रिको धारा ॥

१९

**कवि-**

अपठित जङ्गलिलाई सम्झन सजिलो किताब फैलाई ।
हुनुपरने यश मात्र, किन अपयशको भएँ पात्र ?

२०

**कविता-**

छेउ न टुप्पो पारी कविता-सौन्दर्य बेसरी मारी ।
गरि उल्था खालि कथा, नभने कवि हूँ भनेर वृथा ॥

२१

**कवि-**

गरूँला उन्नति भारी तिमिकन सर्वाङ्ग-सुन्दरी पारी ।
भन्ने यो अभिलाषा पेचि कुराले भयो नाश ॥

२२

**कविता-**

स्तन यस्ता भनि लेखि वर्णन गर ती कुरा पढेदेखि ।
शिक्षित हुन्छ समाज, पच्दछ मनको सबै लाज ॥

२३

**कवि-**

व्यासजिका पनि देख अनेक शृङ्गारका लेख ।
गुड्डी त्यसै नहाँक छोपनुपर्ला वृथा नाक ॥

२४

**कविता-**

व्यासजिका लेख जति हेरी हेरी सफा गराइ मति ।
पाएछौ खुप सार, भँडुवा ग्रामीण शृङ्गार ॥

२५

**कवि-**

हितकारी जो छ खडा गर्नु उसैका समीपमा झगडा ।
अनि सब होला जाती सिँगारियौली भलीभाँती ॥

२६

**कविता-**

जसले लेखनशैली बिगारनाले भएँ बडी मैली ।
उही मेरो हितकारी !! धन्य महात्मा दयाधारी !!

२७

**कवि-**

झिकिकन संस्कृत-नेल, गराइ भाषाविषे ठुलो मेल ।
खेलाएँ जसलाई शत्रु उसैको भएँ अरे हाइ !!!

२८

**कविता-**

झिकिकन संस्कृत-सारी मर्यादा अङ्को मारी ।
ननचाए उदर-दरी भरीभराऊ हुने कसरी ॥

२९

कवि-

भाषामा उपदेश लेखिदिनाले स्वयं बुढो देश ।
लिन सक्तछ शुभ शिक्षा मागनुपर्दैन अन्त गै भिक्षा ॥

३०

कविता-

गर झगडा सब माफ, बल्ल सुनायौ मिठा कुरा साफ ।
देश सुधारन भाषा कुञ्जि छ यो काखमा खासा ॥

३१

कवि-

भाषाका गुणधारा मालुम मनमा छँदाछँदै सारा ।
किन तिमी येतिञ्जेल थापि-रहेकी ठुलो झेल ॥

३२

कविता-

भद्दा अवनतिकारी रसिया जस्ता किताबका भारी ।
दिन दिन बढ्दा देखी अघोर मनमा उठ्यो सेखी ॥

३३

कवि-

शिक्षा विचारशाली लेखनु मिहिनेत मात्र हो खालि ।
गर्दछ को रुचि यसमा, छन् सब बोक्रे कथा-रसमा ॥

३४

**कविता–**

रसिला नैतिक बात लेखन उठ्दैन आफनै हात ।
भन बरु छ भने होश, किन फिर अरुमा वृथा दोष ॥

३५

**कवि–**

उपयोगी परिपाटी लिएर कन्था कटाकटी काटी ।
लेख्नु यो कठिन कुरा छन् सब त्यस्ता कहाँ चतुरा ॥

३६

**कविता–**

उपकारी मर्मज्ञ विचारवाला गुणी महाप्रज्ञ ।
भाषमा छैन कुनै यो त बताएँ स्वयं अघि नै ॥

३७

**कवि–**

अधिका सत्कवि जस्ता मिल्छन् कविजी कहाँ सस्ता ।
तर तिमि हार नखाऊ, स्थिर गर भाषाविषे पाउ ॥

३८

**कविता–**

होला शिक्षित देश भनेर भाषाविषे सहें क्लेश ।
कविको पुगेन ढङ्ग उल्टा, मेरो टुटे अङ्ग ॥

३९

कवि-

दर्द बुझेँ चुपचाप सब तिमि मनमा नलेउ सन्ताप ।
आफनु जीवनसम्म सुधार गरुँला सकेसम्म ॥

४०

कविता-

अघितिर पुच्छ घुसारी कविता प्रत्यक्ष लोकमा पारी ।
गंकन्छौ तिमि यसरी, सुधार होला हरे ! कसरी !

४१

कवि-

गुणवति ! सुन अबदेखि गन्थन गन्था विकामका लेखी ।
गरनेछैनँ दिमाग पक्का यो चित्तमा राख ॥

४२

कविता-

बेस भन्यौ अबदेखि विचारशाली मिठा कुरा लेखी ।
मेरो गरनु सुधार, शिरमा तिमि बोक यो भार ॥

४३

कवि-

पहिले अलिअलि हाँसी नुहिकन पछि बसेर छासी ।
अर्ति दियौ हितकारी नपाइसकना बडा भारी ॥

४४

कविता–

बढिया हो यो वचन, तिमिसित शिवजी खुशी रहून् बहुत ।
बन्द गरौं सब बात, सुत अब धेरै गयो रात ॥

४५

[1]खुशिसित बसि मेरो लेख यो हेरि साफ
गुण जति लिनुहोला दोषमा पाउँ माफ ।
भनि नुहिकन सारा मित्रमा प्रीतिसाथ
गरदछ कर जोडी प्रार्थना 'लेखनाथ' ॥

१. त्यस अवस्थामा नेपाली भाषा कुन हालतमा रहेछ ? त्यस कुराको पत्ता यस लेखबाट मिल्छ ।

# को ? को ?

यो छाला, हाड, मासु, रगतहरू सबै देखिने बाह्य बोक्रो
त्यो बोक्राभित्र अर्को अलिकति मसिनु प्राण दोस्रै छ बोक्रो ।
तेस्रो त्यै-भित्र बोक्रो मन, अझ उसको भित्र आनन्द बोक्रो
बोक्रोको तुच्छ धोक्रो लिइकन म भनी बोल्छ को भित्र खोक्रो ?

# म कस्तो हूँ

१

बनूँ सत्यवादी, पढूँ नित्य विद्या
हटाऊँ सबै चित्तदेखिन् अविद्या ।
बडो धीर विद्वान्, बडो बुद्धिमान
फलानू छ भन्ने चलाऊँ बयान ॥

२

म को हूँ ? कहाँ छु ? कहाँ के छ हाल
लिएको छु के काम ? कस्तो छ चाल ?
सबै यो बिचारूँ विपज्जाल टारूँ
बडो बुद्धिमानी जगत्मा फिजारूँ ॥

३

लिएको छ जो लक्ष्य सोही कुरामा
खडा हूँ, उसैमा गरूँ घोर धामा ।
कुनै विघ्न आईपरेमा उजार-
नहूँ, कामलाई लगाऊँ म पार ॥

४

सधैँ हूँ उज्यालो सधैँ हूँ हँसीलो
    सबैको म हूँ मित्र जस्तै रसीलो ।
कसैलाइ काहीं नपारूँ म मर्म
    लिऊँ नित्य लोकोपकारी सुधर्म ॥

५

यता भिक्षुदेखिन् उता भूपसम्म
    सबैको बुझूँ कर्मको तारतम्य ।
सुखैश्वर्य पाए नगम्कूँ गजक्क
    विपत् पर्न आए नहूँ थक्क-थक्क ॥

## सत्य-सन्देश

कालो मन्दाकिनीको जल, जलनिधिका मोतिको ज्योति कालो,
कालो सौदामिनीको चहक, सब शरच्चन्द्रको कान्ति कालो ।
कैलास-श्रेणि कालो, झलमल गरने सूर्यको विम्ब कालो,
यो सारा सृष्टि कालो, मन-बिच छ भने दम्भ दुर्भाव कालो ॥

# वसन्त-कोकिल

१

भरी लता-वृक्ष-विषे टनाटन
नवीन लाखौं फुल पालुवाकन ।
वसन्त आयो कलकण्ठको अब
सुनिन्छ साह्रै कल कण्ठ-गौरव ॥

२

अगाडि जो दीन बनी लुकीकन
बिताउँथ्यो केवल दुःखमा दिन ।
अहो !! उही कोकिल हेर आज यो
प्रमोदले पूर्ण महासुखी भयो ॥

३

बसी बगैँचा-बिच मोजमा परी
नयाँ कलीला सहकार-मञ्जरी ।
चपाउँदै मस्त भएर बेसरी
कुहू कुहू गर्दछ त्यो घरी-घरी ॥

४

चलीरहेको छ सिरीसिरी हवा
        झुलीरहेछन् सब मञ्जु पालुवा ।
जता दियो दृष्टि उतै सुखी मन
        प्रमोदले पूर्ण नहोस त्यो किन ?

५

समीरले पुष्प-परागको झरी
        लगाउँदा त्यो रस-रङ्गमा परी ।
झुलीरहेको छ शरीर बेसरी
        मुछेर तेही रजमा घरी-घरी ।।

६

पिएर साऽऽनन्द रसालको रस
        घुमाउँदै नेत्र दुवै मदाऽऽलस ।
सहर्ष खोली सुरिलो गलाकन
        घनक्क घन्काउँछ त्यो सबै वन ।।

७

घरी घरी भुर्र उडी अलीकति
        घुमेर शाखान्तरमा यताउति ।
बडो बहाडी रसिकै बनी तहाँ
        ढलीमली गर्दछ पालुवामहाँ ।।

८

चुचो ठड्याईकन चट्ट मञ्जरी
ठुँगेर च्यापीकन देखिने गरी ।
फरक्क फर्कन्छ घरी पछिल्तिर
प्रसन्नता-साथ लतारि पुच्छर ॥

९

[१]न शीत बाधा, न त घामको डर
न बाग नङ्ग्रा, न त वृष्टिको पिर ।
वसन्तको गौरवले गरीकन
खुशी छ साह्रै कलकण्ठको मन ॥

१. यो कविता पनि धेरैअघि लेखिएको र नेभाप्र समितिको स्थापना हुनासाथ पाठ्यपुस्तकमा छापिएको छ । -लेखक

# विवेक-वाटिकाको सानू फूल

[1]आत्मज्योति छ जो अखण्ड भरिलो भित्री हृदाऽऽकाशमा
लागेको छ वितर्क-बादल ठुलो त्यो ज्योतिका पासमा ।
जो त्यो बादल युक्तिको पवनले विस्तार पन्छाउला
नित्याऽऽनन्द अनन्त शान्ति-सुखको माधुर्य त्यै पाउला ॥

१. अमर शहीद शुक्रराज शास्त्री फाँसीमा चढाइएको दिन मनमा उठेको उद्वेग शान्त पार्न लेखिएको ।

# नैतिक-दृष्टान्त

१

बडाले जो गर्‍यो काम हुन्छ त्यो सर्व-सम्मत ।
छैन शङ्करको नङ्गा, मगन्ते भेष निन्दित ।।

२

गरदैन ठुलो व्यक्ति मर्यादा-स्थिति-लङ्घन ।
बसेको छ महासिन्धु सीमा-बद्ध बनीकन ।।

३

दबिन्छ गुणिको दोष गुणको राशिमा परी ।
रश्मिले चन्द्रको दाग दबाएकै छ बेसरी ।।

४

कसैको लोकमा छैन एकैनास समुन्नति ।
अरूको के कुरा हेर सन्ध्यामा सूर्यको गति ।।

५

छोटो बढ्यो भने ज्यादा फूर्ति ढाँचा बढाउँछ ।
उर्लँदो खहरे हेर कत्तिको गड्गडाउँछ ।।

६

ज्यादा सोझो हुनूभन्दा टेढिनु छ फलाऽऽधिक ।
गरिंदैन कुनै सोझो ग्रहको पूजनाऽऽदिक ।।

७

टपर्टुज्या पनी हुन्छ मूर्खमध्ये प्रतिष्ठित ।
बोलने को अँध्यारोमा महात्मा जुन्किरीसित ॥

८

सानैदेखि छुचो हुन्छ दुष्ट मानिसको मति ।
घोचने जङ्गली काँढा पहिले नै तिखा कति ॥

९

मिलेर काम गर्नाले हुन्छ अत्यन्त फाइदा ।
एकता हेर कस्तो छ मौरीको महमा सदा ॥

१०

जे दिँदैन उही दिन्छु भनी गर्जन्छ सत्त्वर ।
जो हो नबर्सने मेघ उसैको हुन्छ घर्घर ॥

११

हुनुपर्दछ मौकामा शत्रुको पनि सेवक ।
कोइली कागकै बच्चा बन्छ सानू छँदातक ॥

१२

गुणग्राही जहाँ छैन उहाँ के गरला गुणी ।
कौडीमा तक मिल्किन्छ भिल्लका देशमा मणि ॥

१३

योग्य स्थानविषे मान सानाले पनि पाउँछ ।
कृष्णाका तटको ढुङ्गो देवता कहलाउँछ ॥

१४

उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर ।
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ॥

१५

मेटिँदैन कसैबाट आफ्नू कर्म-पद्धति ।
वनवासी बने राम चौधै भुवनका पति ॥

१६

धर्म हो धीरको धैर्य राखनू दुःखजालमा ।
मानू मौनव्रती हुन्छ कोइली शीतकालमा ॥

१७

सारा सार लिई कन्था छोडी-दिन्छ गुणी जन ।
रस चूसेपछि भृङ्ग फूलमा भुल्दथ्यो किन ॥

१८

सङ्गले पनि जाँदैन दुष्टको दुष्टता रिस ।
श्रीखण्डमा बसी सर्प कहाँ हुन्थ्यो र निर्विष ॥

१९

[१]मूर्खका मनमा अर्ती गाली-तुल्य बिझाउँछ ।
दुध पान गरी सर्प खाली विष बहाउँछ ॥

---

१. (यो कविता पनि उहिल्यै समितिको पाठ्यपुस्तकमा छापिएको छ । –लेखक )

# पिञ्जराको प्यासा मैना

हड्डीको पिंजरा शरीर, उसमा मैना 'म' भन्ने चरो
त्यो क्याँ क्याँ गरदो छ शान्ति-रसको पानी-विना भै खरो ।
चारा इन्द्रिय-लभ्य यो विषयको लाखौं खन्याए पनि
भित्री व्याकुलता र दाह उसको छुट्दैन कत्ती पनी ॥

# हिउँका दिन

१

मित्र हो ! हिउँका दिन आए
सूर्यले मधुर कान्ति फिँजाए ।
छैन काहिं झरि बादल वर्षा
हर्षको छ सबमा अब वर्षा ॥

२

वेगसाथ बिजुली पनि भागी
त्यै महाघन-घटासँग लागी ।
इन्द्रनील मणि झैं अति जाती
देखियो गगनमण्डल माथि ॥

३

देखिए नद-नदीहरू साफ

घामको घटिसक्यो परिताप ।

पान्थका पनि खुले सब रस्ता

लोकलाइ छ बिछट्ट सुबिस्ता ॥

४

अन्न पात घरमा हुलि भारी

पूर्ण पारिकन बाँधि भकारी ।

आफना घरघरै ति किसान

मस्त छन् सब अमीर-समान ॥

५

सूर्य दक्षिण कुनातिर लत्रे

खुम्चिए कमलका दल झुत्रे ।

लोकबाट गरमी सब भाग्यो

शीतको प्रबलता हुन लाग्यो ॥

६

चञ्चले बिजुलि झैं गरि चट्ट

देखिएर दबिने दिन झट्ट ।

रात-चाहिं सब छन् अति लामा

काटनै बहुत पर्दछ धामा ॥

७

राति फाँटभरमा कुहिराको

राश लाग्दछ घोर मजाको ।

हेरदा शिखरबाट बिहान

देखिने सब कपास-समान ॥

८

मानियो सरस चाड तिहार

तापनू छ अब खालि पहार ।

घाममा बस र पुस्तक फोऊ

पाठ घोक, पहिला तिमी होऊ ॥

(यो कविता ने. भा. प्र. स. को पहिलो किताबका निम्ति लेखिएको हो । -लेखक)

# नारद र विज्ञान

**नारद**- यस्तो नील अनन्त शून्य पथमा यो लम्कने कौन हो ?

**विज्ञान**- मेरो नाम मुनीन्द्र ! विश्वभरमा विख्यात विज्ञान हो ।

**नारद**- लम्कन्छौ किन दूर-दूर नभमा ?

**विज्ञान**- बस्ती नयाँ खोजन ।

**नारद**- आँट्यौ के ग्रह-गोलमा पनि कुनै उत्पात मच्चाउन ?

**विज्ञान**- चाँडै पुग्न सके अहा !! ग्रह सबै खाने थिए ठक्कर ।

**नारद**- ज्योतिश्चक्र पनी मनुष्य पशु झैं स्वार्थी र अन्धो छ र ?

**विज्ञान**- बन्छन् अन्ध सबै पऱ्यो यदि भने मेरो प्रभा भासुर ।

**नारद**- यस्मा के छ सबूत ?

**विज्ञान**- के भुलनुभो, सङ्ग्राम देवाऽसुर ?

१

यस्तो नील अनन्त शून्य पथमा यो लम्कने कौन हो ?
मेरो नाम मुनीन्द्र ! विश्वभरमा विख्यात विज्ञान हो ।
लम्कन्छौ किन दूर-दूर नभमा ? बस्ती नयाँ खोजन
आँट्यौ के ग्रह-गोलमा पनि कुनै उत्पात मच्चाउन ?

२

चाँडै पुग्न सके अहा !! ग्रह सबै खाने थिए ठक्कर
ज्योतिश्चक्र पनी मनुष्य पशु-झैं स्वार्थी र अन्धो छ र ?
बन्छन् अन्ध सबै पऱ्यो यदि भने मेरो प्रभा भासुर
यस्मा के छ सबूत ? के भुलनुभो, सङ्ग्राम देवाऽसुर ?

# साहित्यको फुटबल

१

भाषाको[1] छ, विशाल चौर जसमा गर्दै ठुलो तर्खर
भै कोही फरवार्ड, रेफरि कुनै ब्याकिङ् र गोल्कीपर ।
खेल्दै छौं फुटबाल बालक सबै साहित्यको बेसरी
हावा छैन परन्तु भित्र उसमा गुड्दैन केही गरी ॥

२

खेल्न्यै हो अब खेल यो यदि भने चाँडो अगाडि सरी
ल्याऔं शुद्ध विचार-पम्प, उसमा जोडौं र त्यो सुस्तरी ।
हावा जागृतिको क्रमैसित भरौं सर्वत्र त्यो टन्न होस्
भर्दा जोड परेर किन्तु पहिल्यै टुट्ने र फुट्ने नहोस् ॥

---

१. (यो कविता द्वितीय कविसम्मेलनमा पढिएको हो । -लेखक )

३

त्यो घात प्रतिघात-सङ्क्रमणको चातुर्य-सौदामिनी
लड्नासाथ उडेर चक्कर लिंदै घुम्दै रहोस् फन्फनी ।
खेल्छौं हामि जती उती चटपटे उस्को नयाँ रङ्ग होस्
सारा दर्शक-वर्ग मस्त सुरमा ताली पिटी दङ्ग होस् ॥

# शिक्षक र भिक्षुक

१

शिक्षक– (ढोकामा उभिएको भिक्षुतिर हेरी) त्यो को ?

भिक्षुक– (नम्रतासित) भिक्षुक हूँ

शिक्षक– (रूखो स्वरले) यहाँ किन पसिस् ?

भिक्षुक– (आश्चर्यसित) भिक्षा कहाँ गै गरूँ ?

शिक्षक– (मुख फेरी) त्यो मिल्दैन मबाट

भिक्षुक– (वक्र उक्तिले) मिल्छ अरु के ?

शिक्षक– (रहमीसित) शिक्षा लिई जा बरु

भिक्षुक– (ठाडो स्वरले) त्यो आफैं लिनुहोस् मबाट

शिक्षक– (तिरस्कार भावले) तँ पनी शिक्षा मलाई दिने ?

भिक्षुक– (निर्धक्कसँग) यस्तै गर्व थियो र पूर्वजुनिमा ऐले भिखारी बनें

२

शिक्षक– (अनपत्यारी सित) त्यो फोस्रो गफ हो

भिक्षुक– (भावगर्वित उक्तिले) कठै !! हजुरको चस्मा धमिलो किन ?

**शिक्षक**– (चस्मा पुछ्दै) यो चस्मा बहुतै सफा छ

**भिक्षुक**– (आश्चर्यसित) कसरी आयो त अन्धोपन ?

**शिक्षक**– (कड्केर) अन्धो छू म कहाँ ?

**भिक्षुक**– (दृढतासित) यहीं

**शिक्षक**– (परपर हेर्दै) नजरले छर्लङ्ग देख्छू सब

**भिक्षुक**– (हँस्सीसित) तेस्रो नेत्र उसो भए त शिवको
चाहिन्न पक्का अब

१

त्यो को ? भिक्षुक हूँ यहाँ किन पसिस् ? भिक्षा कहाँ गै गरूँ ?
त्यो मिल्दैन मबाट, मिल्छ अरु के ? शिक्षा लिई जा बरु ।
त्यो आफैं लिनुहोस् मबाट, तँ पनी शिक्षा मलाई दिने ?
यस्तै गर्व थियो र पूर्वजुनिमा ऐले भिखारी बनें ॥

२

त्यो फोस्रो गफ हो, कठै !! हजुरको चस्मा धमिलो किन ?
यो चस्मा बहुतै सफा छ, कसरी आयो त अन्धोपन ?
अन्धो छू म कहाँ ? यहीं, नजरले छर्लङ्ग देख्छू सब
तेस्रो नेत्र उसो भए त शिवको चाहिन्न पक्का अब ॥

# धन-महिमा

१

मनुष्यको जीवन-वृक्षलाई
अमन्द आनन्द-सुधा दिलाई ।
बडो उज्यालो रसिलो सदैव
गराउन मुख्य धनै छ दैव ।।

२

विपन्न, सम्पन्न, अशक्त, शक्त,
अयोग्य योग्याऽऽदिक यो विभक्त ।
प्रपञ्च, जो हो उसको प्रधान
निदान खाली धनलाई जान ।

३

सभा, कला-कौशल, खेति-पाती
लगान वाणिज्य अनेक भाँति ।
सुधार, शिक्षाऽऽदि सबै प्रपञ्च,
धनै भए मात्र बनी-रहन्छ ।।

४

यथार्थमा हेर मनुष्यलाई
मनुष्यताको सँगमा मिलाई ।
चढाउने उन्नति-शैल-माथि
धनै छ यौटा स्पृहणीय साथी ॥

५

धनै भए लभ्य छ गाँस, वास
धनै भए मात्र रहन्छ सास ।
धनै छ सर्वोत्तम सार जे छ
सबै धनैमा लटकी-रहेछ ।

६

कसेर चारैतिरबाट ल्याई
नचाउने नित्य मनुष्यलाई ।
रहेछ एकै धन-नाम खास
महेशको मोहन मन्त्र-पाश ॥

७

अशेष यो विश्वविषे विशेष
लगाइ आँखाकन लेश लेश ।
विचार आफैं बुझ हाव-भाव
रहेछ कस्तो धनको प्रभाव ?

८

यसो गरे देखि यती हुनेछ

यती भए दुर्लभ फेरि के छ ?

भनेर खाली धनका निमित्त

समस्त संसार छ यो प्रवृत्त ॥

९

बुझ्यौ जहाँसम्म रहन्छ सास

सदा उहाँसम्म धनाऽऽभिलाष ।

अखण्डता-साथ बनी-रहन्छ

पुग्यो मलाई कुनचाहिं भन्छ ? ॥

१०

पुगी-सक्यो प्राण सबै गलामा

परीरहेको छ अघोर धामा ।

तथापि पाए धनको प्रसङ्ग

पुलुक्क हेरीकन हुन्छ दङ्ग ॥

११

लिएर साधारण भिक्षुलाई

ठुला ठुला भूपतिसम्मलाई ।

विशाल आशामय पाश हाली

घिसारने मुख्य धनै छ खालि ॥

१२

विरक्त बन्छ, व्यवहार लिन्नँ
कलत्र-पुत्राऽऽदि कुनै म छुन्नँ ।
भनी मुडायो शिर, किन्तु आँखा
बनीरहेका धनमा चनाखा ॥

१३

गुणी विवेकी, कवि, साधु, सन्त
बडे बडे पण्डितजी, महन्त ।
सबै जनाका धन देखदामा
हुने दुवै नेत्र बिछट्ट लामा ॥

१४

जती तिमी हेर, जती विचार,
जतीसुकै निर्मल चित्त पार ।
सबै जना यै मनमोहकारी-
स्वरूपधारी धनका भिखारी ॥

१५

विचार, विद्या, बल, शक्ति, तत्त्व
विवेक, फुर्ती, पटुता, महत्त्व ।
सबै कुराको धनमा छ वास,
धनै छ सांसारिक सार खास ॥

१६

सदा नयाँ मङ्गलका तरङ्ग

प्रसन्नता, कौतुक, केलि-रङ्ग ।

बहाड, वैचित्र्य, विनोद, वाद

सबै कुरा हो धनको प्रसाद ॥

१७

धनै छ आराध्य, धनै प्रणम्य

धनै महामान्य र पूज्य रम्य ।

धनै यशोमूल, धनै प्रतिष्ठा

सबै कुराको धनमा छ निष्ठा ॥

१८

घमण्ड, ढाँचा, छल, दम्भ, पाप,

अमर्ष, दौर्जन्य, पराऽऽभिताप ।

असत्य, शाठ्याऽऽदिक दोष-धारा

धन-प्रभाभित्र दबिन्छ सारा ॥

१९

उदार, सर्वज्ञ, सुयोग्य, ठालु,

बडो महात्मा, चतुरो, सिपालु ।

हुनू छ सर्वोत्तम मान्य माऊ

भने बुझ्यो खालि धनै कमाऊ ॥

२०

विनोद, चातुर्य, विचार, शक्ति,
    महत्त्व, सौजन्य, विवेक, भक्ति ।
गुणज्ञता, भोग, विलास, चैन
    असाध्य केही धनबाट छैन ॥

२१

लिएर शास्त्रीय ठुला किताप
    बढाउने हो किन दुःख, ताप ।
तवर्गका अन्तिम वर्ण खालि
    पढी दुईटा वन भाग्यशाली ॥

२२

सुरूपधारी छ, गुणी, युवा छ
    प्रवृत्ति लोकोत्तर कर्ममा छ ।
परन्तु पैसा नभए अभागी
    गनिन्छ छोटो मतिहीन दागी ॥

२३

विचार, विद्या, विनयाऽऽदि जानी
    हुँदैन कोही पनि भाग्यमानी ।
यथार्थमा भाग्य भनेर नित्य
    पुकारिने वस्तु छ एक वित्त ॥

२४

हुँदै नहोस् क्यै गुण, शील, खूपी
स्वरूपमा होस् बहुतै कुरूपी ।
तथाऽपि मानिन्छ धनी मनुष्य
जताततै यो बुझनू अवश्य ॥

२५

धनै भए मात्र रहन्छ मान
धनै भए हुन्न फिका जमान ।
धनै भए बन्दछ बुद्धिमान
धनै भए मिल्छ ठुलो कमान ॥

२६

जसो गरी हुन्छ धन-प्रवाह
सदा बहाई बन 'वाह वाह' ।
हुनेछ धारो धनको पियारो
सुक्यो भने लोक सबै अँध्यारो ॥

२५

धनै छ यागाऽऽदिक-धर्म-हेतु
धनै छ भाग्योदधिमाथि सेतु !
धनै भए मान्दछ राहु केतु
धनै छ सर्वोत्तम भाग्य-केतु ॥

२८

कमाइ पैसा धनधान्य-शाली

बनेर ऐनातिर एकपालि ।

लगाउ आँखा, मनमा विचार

यथार्थमा कौन रहेछ सार ? ॥

२९

प्रशस्त पैसा मुठिभित्र राख

गरी कडा शब्द गरीब डाक ।

दिमाक देखाउ, लगाउ धाक

नहाँकिने के छ ? एथेष्ट हाँक ॥

३०

फिजी नयाँ लम्पट बेस बेस

लिएर बालिष्टविषे अडेस ।

जहाँ जसो भन्छ धनी मनुष्य

उहाँ उसै हुन्छ बुझ्यौ अवश्य ॥

३१

लगाइ घेरा धनवान-नेरा

खडा नयाँ मित्रहरू घनेरा ।

दरिद्रता खास उनै पुराना

जहान आपस्त पनी बिराना ॥

३२

विचार चारैतिरबाट बात
बताउ छोडीकन पक्षपात ।
यथार्थमा यो धनदेखि अन्त
कहाँ छ माया, ममता दुरन्त ॥

३३

अधीन-वर्त्ती धनकल्पवृक्ष
खडा परे (डे)को छ भने समक्ष ।
समस्त सांसारिक वस्तु-जात
यथेच्छ मिल्छन् सब हात हात ॥

३४

[१]धनाऽभिधा कल्पलता चढाई
शिंगार यो जीवन-वृक्षलाई ।
यसो भएदेखि विना-प्रयास
बहन्छ साऽऽनन्द सदा सुवास ॥

---

१. (यो कविता ने.भा.प्र. समितिको सुरुमा तेस्रो श्रेणीमा पढ्ने बालकका निमित्त लेखिएको हो । -लेखक)

# सत्य-सन्देश

दोषी माता-पिताका वचन, गुरुजनाऽदेश निःशेष दोषी
सत्याऽऽत्मा मित्र दोषी, गृह-परिजनको चाल देखिन्छ दोषी ।
पत्नीको प्रेम दोषी, अमृतमय मिठा वेदका वाक्य दोषी
यो सारा सृष्टि दोषी, विधि-वश छ भने आफ्नू दृष्टि दोषी ॥

# वसन्त

१

अन्धकारमय सङ्ककारी
शीतपूर्ण जठिलाऽऽकृति-धारी ।
शैशिरस्थिति समस्त हरायो
शान्त सुन्दर वसन्त उदायो ।।

२

छैन शीत शरदी अघि जस्तो
लागदैन गरमी पनि उस्तो ।
मध्यम स्थिति लिएर वसन्त
लोकलाइ सुख दिन्छ अनन्त ।।

३

जाल फारि गहिरो कुहिराको
उज्ज्वल द्युति फिँजारि मजाको ।
सूर्य उत्तर दिशातिर लागे
पद्मका विकट दुर्दिन भागे ।।

४

जो थिए तरु लताहरु नाना
पत्र, पुष्प, फल-हीन पुराना ।
हेर आज विधिले उनमाथि
पालुवा जडिदियो अति जाति ॥

५

जामुनू, तिलक, बञ्जुल, पैञ्यूँ
कोबिदार, महुवाहरु, कैञ्यूँ ।
उच्च वृक्षहरु हेर विचित्र
देखिए कुसुमले वनभित्र ॥

६

केतकी, बकुल, चम्पक, जाति,
पाटलाऽऽदि फुलको बहु भाँति ।
बागमा गमक(महक) त्यो गमकन्छ
चित्त चञ्चल भई चमकन्छ ॥

७

मन्द मन्द बहने सुखकारी
शीतलो सरस वृक्ष-विहारी ।
वायुले कुसुमको रज झारी
बागमा भरिदियो तर पारी ॥

८

टल्कने चहकिला अति काला

भृङ्गको रसमदाऽऽकुल माला ।

बागमा घुनुनुनू घुमनाले

दिग्दिगन्त सब घन्कन थाले ॥

९

वृक्षका मृदुल पल्लव-भित्र

खेलदै सरस खेल विचित्र ।

च्याउँ च्याउँ चिडिया खुशि मानी

बोल्दछन् बहुत सुन्दर वाणी ॥

१०

झार, पात, पिपिराहरु नाना

दर्शनीय हरिया मृदु साना ।

देखिए धरणिमा बहुमूल्य

चीनियाँ नरम-रेशम-तुल्य ॥

११

शीत-शुष्क-नलिकामय सारा

सारले रहित तुच्छ अँध्यारा ।

पोखरीहरु भए अब बल्ल

पद्मका कुसुमले झलमल्ल ॥

१२

आँपका मधुर मञ्जरि खाई
दीर्घ उच्चतर कण्ठ खुलाई ।
कोइली गरछ गान विचित्र
मस्त भै छिनछिनै रूखभित्र ॥

१३

[1]लोकमा छ न त वृष्टि न घाम
शीतको छ न कुनै धुमधाम ।
वायु चल्दछ बडो सुखकारी
धन्य सुन्दर वसन्त विहारी ॥

१. (यो कविता पनि नेपाली दोस्रो किताबमा राख्न लेखिएको हो । -लेखक)

# सत्य-सन्देश

थोत्रो पाटी उज्यालो, मलिन तृणकुटी, कन्दरा झन् उज्यालो
भिक्षा भारी उज्यालो, अझ घन वनको साग सिस्नू उज्यालो ।
फ्याड्लो गुन्द्री उज्यालो, वरपर घुमदा जीर्ण कन्था उज्यालो
तृष्णाको तुच्छ जालो मनबिच नभए जो मिल्यो सो उज्यालो ॥

## अरूणोदय

१

जय जगदीश्वर ! मनको रहमा
शून्य गगनमय भित्री तहमा ।
पलपल शीतल कलना-लहरी
निस्कन लागे ठहरी ठहरी ॥

२

मधुर ध्वनिको श्रवण-विवरमा
रेखा खिचियो पञ्चम सुरमा ।
जति जति डुबिकन हेरें भित्र
यति उति पाएँ भाव पवित्र ॥

३

प्रमुदित त्यहि नै भाव तमाम
गर्छ नखीको कोमल काम ।
जसले गर्दा वारंवार
झन्कन थाल्यो हृदय-सितार ॥

४

नासा-पुटमा थरि थरि महक
कसको कसको पाई बहक ।
लहबरि खेल्दै चहचह गर्छ
सुखका शीतल सीकर छर्छ ॥

५

तम सपनाको पर पर सारी
नयन-सरोरुह सरसर पारी ।
सुन्दर शीतल बिजुली छिनमा
दौडन थाल्यो हृदय-गगनमा ॥

६

उस बिजुलीका क्षणिकझलकमा
झल्क्यो अद्‌भुत दृश्यपलकमा ।
कृश रजनीको दीन मुहार
मलिन फिका सब गहना, हार ॥

७

सिम्रिक सारा पर छरिएको
चादर फुस्रोपन भरिएको ।
आँसु बहेको रजनी बिचरी
छटपटिएकी कसरी कसरी ?

८

रजनी ! रजनी ! बस अलि बेर
जनि गर, नदगुर रन्थनिएर ।
नजर फिराई अलिकति हेर
पूर्व गुलाफी खोपीनेर ॥

९

बालक दिनकर भरखरका ती
सुस्त पसारीकन कर माथि ।
गरछन् खोज प्रिय जननीको
बिन्ति छ रजनी ! नगर ननीको ॥

१०

हुन त उषाले लेली काख
प्रणय बढाई मानी चाख ।
किन्तु तिमी पनि ममता राख
धाईभन्दा जननी शाख ॥

११

अलिछिन श्यामल चादर-भित्र
उज्ज्वल रागी बाल पवित्र ।
गुट्टुमुट्टु पारी गुम्म तताऊ
अनि झुलनामा माथी ल्याऊ ॥

१२

[1]बसि बसि म पनी तेतिञ्जेल
हेर्दछु रजनी ! रसिलो खेल ।
अतिशय राम्रो पारैं फेला
शारदा अरुणोदयको बेला ॥

१. (यो कविता शारदा पत्रिकाको पहिलो अङ्कमा छापिएको छ ।)

# गङ्गाजीसित

## (गङ्गासागर-सङ्गमबाट कैलासतिर हेरेर)

१

त्याग्यौ स्वर्गपुरी, खस्यौ गिरिशका लम्बा जटाजूटमा
तेताबाट पनी पछारिन गयौ कैलासको कूटमा ।
थोरै बेर मिल्यौ लपक्क हिममा, फेरी तलै हुत्तियौ
चिच्याएर कराउँदै छहलिँदै डण्डूर पुर्दै गयौ ॥

२

फन्क्यौ खूब, अतासियौ, गिरिशिला चिर्दै हिंड्यौ लाखन
निस्क्यौ संथरमा ठुलो रहरमा, चढ्दै-गयो यौवन ।
पैलेको गति-भङ्गि-भाव बदल्यौ, झुक्दै गयो त्यो शिर
गङ्गाजी ! खिहिऱ्याउँदो जलधिमा डूब्यौ कठै !! आखिर ॥

# सान्त्वना

१

हे देवी ! मातृभाषा ! यसरि किन तिमी गर्दछ्यौ घोर शोक
बिन्ती मेरो छ तिम्रा चरणकमलमा, शोकको वेग रोक ।
जत्ति देखाउँछ्यौ त्यो मसिंत तिमि यहाँ आफनू दर्द बाधा
उत्ती काटिन्छ मेरो हृदय जिउ सबै हुन्छ तत्काल आधा ॥

२

हामी हौँ गोरखाली सकल, तिमि पनी गोरखा–मातृभाषा
तिम्रो हाम्रो बिछट्टै दृढ मिलन भएको छ सम्बन्ध खासा ।
मर्यादा फालि तिम्रो भुवनभर कतै छैन कल्याण हाम्रो
जानेको छू सबै यो, तर विधिगतिले पर्न आयो नराम्रो ॥

३

मौकामा मातृभाषा-उपर जति–जति गर्दछौं हामि हेला
उत्ती पर्छौं पछाडी जटिल विपदको सामने गैह्र फेला ।
चाँडै तातौं सुधारौं सकल जन मिली आफनू पाठ्यशैली
भन्ने यो मेल हामीहरूसित नहुँदा देखियो देवि ! मैली ॥

४

अङ्ग्रेजीमा कसैको प्रणय-रस, कुनै बङ्गला-संस्कृतज्ञ

हिन्दीमा मस्त कोही चतुर, कति महाजङ्गली मूर्ख अज्ञ ।

यस्तोमा एक दोटा पिलिपिलि गरिने जुन्किरीबाट खालि

सौभाग्याऽऽकाश तिम्रो कसरि सहजमा हुन्छ त्यो कान्तिमाली ॥

५

तिम्रो सेवा गरौँला, भरसक जननी ! दुःख तिम्रो हरौँला

पाऊ तिम्रै परौँला, हरतरह गरी कोष तिम्रो भरौँला ।

भन्ने ताना लिँदैमा सकल जिउ सुक्यो, जिन्दगी भो बिकामी

पत्ता लागेन केही, अब शिव ! शिव ! हा !! के गरौं यत्न हामी ॥

६

विश्वव्यापी नराम्रो हृदय चरचरी चीरने आर्तनाद

सुन्दामा आज तिम्रो पशु पनि मनमा लिन्छ केही विषाद ।

हे देवी ! मातृभाषा ! शिव ! शिव ! उसको लेखनू के बयान

पैले नै धैर्य छोडी जड कलम पनी रुन्छ यो सत्य जान ॥

७

हे देवी ! बन्धु हाम्रा सकल दृढ गलेबन्दले कान ढाकी

आनन्दैमा लडेका छन अधिक मिठो मोहको स्वप्न डाकी ।

चिच्च्याई व्यर्थ रुन्छ्यौ किन तिमि ? उनका कानमा यो बतास

पक्का पर्दै छ तिम्रो, हृदय गर कडा, धैर्यलाई ननाश ॥

८

लाखौं मानी धनी छन्, फिर कविहरूको पूर्ण देखिन्छ गिन्ती
हे देवी ! लाउँदी छौ तिमि पनि सबका पाउमा नित्य बिन्ती ।
केले हो तैपनि यो दिन दिन बढदो दर्द तिम्रो छ यस्तो
यो देखी दङ्ग पर्छू प्रतिदिन म, अहो !! कर्मको खेल कस्तो ?

९

हे देवी ! सत्य भन्छू, जटिल कुदिनमा जन्म तिम्रो भएछ
साँचै नै भाग्य-रेखा अलिकति बिचमा खुम्चिएकै रहेछ ।
यो केही पुर्पुराको अडचन नभएदेखि तिम्रो पुकार
तेसै खाली हावा भै कसरि गगनमा मिल्दथ्यो वार वार ॥

१०

कोही अन्धा, कसैका वर वर सुनने कान निष्पट्ट बैह्रा
कोही लाटा, कसैका उदरमय महागर्तमा नित्य पैह्रा ।
हाम्रै चाला छ यस्तो तिमिकन जननी ! के गरौंला सहाय
के देखी व्यर्थ रुन्छ्यौ यसरि छिनछिनै कल्पँदै हाय ! हाय ! ॥

११

वासै तिम्रो छ देवी ! गहन वनविषे, छौ तिमी निःसहाया
प्रेमी तिम्रा भिखारी सब, अरु तिमिमा कोहि गर्दैन माया ।
यस्तामा होइजाऊँ झटपट म पनी नागरी झैं उज्याली
भन्ने तिम्रो दुराशा सुखमय सपना-तुल्य देखिन्छ खालि ॥

१२

हिन्दी, उर्दू, मराठी, तदनु, गुरुमुखी, गुर्जरी, बङ्गलाको
देखी सौन्दर्य शोभा झकमक गरने रत्नशाली गलाको ।
तिम्रो त्यो फूटदो हो हृदय पटपटी, जान्दछू यो म सारा
जानी के हुन्छ देवी ! फगत जमिनमा पोख्दछू अश्रुधारा ॥

१३

हे देवी ! जे भए तापनि हृदय कडा वज्र जस्तै गराई
दिग्दारी दूर सारी बस तिमि चुप भै धैर्यलाई समाई ।
गर्दै छौं हेर हामी अझ पनि दिनहूँ यत्न तिम्रा निमित्त
औताई व्यर्थ रोई किन तिमि यसरी पार्दछ्यौ खिन्न चित्त ॥

१४

बिस्तारै खोल आँखा, उदय-गिरि-विषे पूर्ण शोभा लिएर
निस्केका चन्द्रमाका सरस किरणको माधुरीतर्फ हेर ।
ज्यादा पर्दैन बाधा अब तिमिकन त्यो, मिल्छ चाँडै प्रकाश
[1]यो पक्का जान छोटो मन गरि यसरी धैर्यलाई ननाश ॥

१. (यो कविता कुन अवस्थामा लेखिएको थियो सो कुरा मर्मज्ञ पाठकवर्गको विचाराधीन छ, यो गोर्खाली पत्रिकामा छापिएको पनि हो । -लेखक )

# विश्रामघाटको पवित्र स्मृति

१

भोगाऽऽशाको धमीलो भल पसि बढदा लोभको भेल भारी
पारी दुर्भावनाका पल-पल भुमरी, क्षोभका छाल मारी ।
कालिन्दी घोर काली विषय-रसमयी नित्य उर्ली बहन्छिन्
को तर्ने आँट गर्ने मकन अब भनी कानमा स्पष्ट भन्छिन् ॥

२

जो हुन् सन्तोष-शान्ति द्रुम दुइ तटका ती ढले जोरसङ्ग
दम्भ-क्रोधाऽऽदि गोही विकल हृदयमा भर्दछन् मृत्यु-रङ्ग ।
सङ्के डुङ्गा र फट्के सब शम दमका, लाग्न थाल्यो उचाट
त्यो फेला पर्न सक्ला कसरि अब हरे ! दिव्य "विश्रामघाट" ॥

# विज्ञानको मोह

१

सानू विज्ञान पैले जुन उदित हुँदा साहसी मर्त्यजाति
गर्थ्यो छाती फुलाई पल-पल सुखका कल्पना भाँति-भाँति ।
सोही उन्मत्त भस्माऽसुर बनि अहिले बाहु लम्बा पसारी
पीछा गर्दो छ दौडी विकट मुख लिई सर्वसंहारकारी ॥

२

जस्को निःसार बोक्रे चहलपहल वा रङ्गमा दङ्ग मानी
भुल्दामा पेट-पूजा-विधि विकट बन्यो भार भो जिन्दगानी ।
उस्कै आराधनामा अझ किन यसरी मर्छ यो मर्त्यजाति
कस्तो विश्वास, भक्ति, प्रणय, शिव ! हरे ! तुच्छ विज्ञानमाथि ॥

३

चाहे विज्ञान पैले त्रिभुवनभरको सार सारा उतारोस्

चाहे आकाशमाथी किसिम-किसिमको सृष्टि-शोभा फिँजारोस् ।

त्यो त्यस्को तुच्छ बोक्रे चटक-मटक हो भिन्न अर्कै छ चर्को

भर्कोलाग्दो अशान्ति-ज्वरमय सरुवा व्याधिको दीर्घ धर्को ॥

४

यो विद्याले सबैको हृदयबिच ठुलो उन्नति-भ्रान्ति पारी

दैवी सम्पत्ति, मैत्री शम, दम, करुणा, शान्ति, सन्तोष मारी ।

खित्का छोडेर गर्दा जटिल जहरिलो ग्याँसको अट्टहास

को हेर्ने सास फेरी उस बखत कठै !! सृष्टिको सर्वनाश ?

५

यै छोटो जिन्दगीमा अमृतपद दिने विश्वकल्याणकारी

उस्तो अध्यात्म-विद्याविषयक महिमा मोहले दूर सारी ।

फोस्रो विज्ञानमाथी जति जति गहिरो गर्दछौँ प्रेम हामी

रुन्छिन् सम्पूर्ण पृथ्वी उति उति डरले थर्थराएर कामी ॥

# सत्य-सन्देश

भर्दाभर्दै हजारौँ विषय-सुख-घडा देह लम्तन्न पर्दा
झर्दा सम्पूर्ण सेखी, तुजुक, पवनले निस्कने जोड गर्दा ।
सर्दा आपस्त डर्दै पर पर धमिलो नाचको अन्त्य पर्दा
गिर्दामा साथ जाने कुन कुन चिज हुन् ? सम्झ ती काम गर्दा ॥

# गौँथलीको चिरिबिरी

१

म बस्ने कोठाकै दलिन-बिचमा गौँथली बस्यो
पिटाएको तन्ना-उपर फिर मैला पनि खस्यो ।
मलाई त्यो देखी हृदय-बिच लाग्यो किरिकिरी
चरी बोल्यो मेरो मन सब बुझी त्यो चिरिबिरी ॥

२

अहो !! त्यस्ता ताता नजर अति राता विष सरि
तरी तात्यौ बाबा ! किन मनमनै त्यो रिस गरी ।
तिमी धर्मात्मा छौ घर-बिच म छू आज अतिथि
तिथी माघे औँसी शहरभर भूकम्प-फजिति ॥

३

जहाँ बस्थ्यौं हामी भवन उहि पातालमय भो
चल्यो भारी हा हा नसहिसकनू नै प्रलय भो ।
कहाँ पाऊँ ठाडो घर, कसरि ओतौं शिर भनी
दुवै भाले-पोथी फनफनि घुम्यौं व्याकुल बनी ॥

४

बिरालाको फेरि अधम चिलको, काग शठको
शिकारी बोहोरी, कुकुरहरुका दुष्ट हठको ।
परी शङ्का भारी सबतिर विचारी डुलि डुलि
निराशामा रुन्थैं अघि अघचिलो ठाम नमिली ॥

५

यहाँ तिम्रो सानू घर महल वा रामझुपडी
खडा देखी राम्रो गगन-बिच खेल्दै लडिबुडी ।
पसेको हूँ बाबा ! अलि दिन बसूँला कि म भनी
प्रियाको आगामी प्रसव दिनको उत्सव गनी ॥

६

तिमी भन्छौ मेरो सकल घर यो खास यसमा
चरी घुस्यो सानू कुन चिरिबिरे रङ्गरसमा ।
म भन्छू हे बाबा ! घर महल मेरो छ नभन
पलामा घर्केका घर उपर दौडाउ नयन ॥

७

निमेषैमा भत्की घररर गरी घर्र त्यसरी
ढली ज्यानै हर्ने घर छ डरको दीर्घ भुमरी ।
विधाताको भित्रै मधुर करुणाको रस परी
परेनौं तै हामी विकट भुमरीमा अरु सरि ॥

८

तिमी जान्ने सुन्ने मनुज चतुर, हामि बिचरा
चरा साह्रै साना अबुझ, वनका केवल किरा ।
तथापि श्रद्धाले झुकि विनति गर्छू म सरस
वृथा मेरो भन्ने जटिल ममता-ग्रन्थि नकस ॥

९

खुला पारी राम्रोसँग नयनको भित्र नयन
विचारी यो सारा गृह-विभवको चञ्चलपन ।
दयालू भै रोऊ मिलिजुलि सबै बान्धवसित
भलो होला जाऊ, रिस नगर रन्केर मसित ॥

१०

कुनै पल्टेका छन् मलिन मुख लाई रुखमनि
कुनै रुन्छन् बाटो-बिच नमिलि सानू रुख पनि ।
कुनै भोका शोकाऽऽकुल मरिरहेछन् नगरमा
हरे ! तिम्रो यस्तो कुन तुजुक यो तुच्छ घरमा ॥

११

त्यहाँ त्यो शय्यामा गर तिमि खुशीसाथ शयन
यहाँ यो डण्डीमा बसि बसि म चिम्लन्छु नयन ।
अरू सेरोफेरो सब मुफत मेरो छ नभन
अघी मेरो भन्ने कति कति गए ती सब गन ॥

१२

उतार त्यो भारी मधुर करुणा-द्वार मनको
गरी रक्षा सारा विकल बिचरा दीन जनको ।
यता विश्व-प्रेमी बन, मनुज-चोला सफल होस्
उता स्वर्गद्वार क्षणभर पनी बन्द नरहोस् ॥

१३

तिमीभन्दा लाखौं गुन अझ धनी मानिस पनि
डुलेका छन् बाबा ! फगत भिखमङ्गा सरि बनी ।
विधाताको सारा अघट घटना सम्झ मनमा
सबै मेरो मेरो भनि नभुल यो मोह-वनमा ॥

१४

कदाचित् यो तिम्रो भवन चकानाचूर पहिले
हुँदो हो ता हुन्थ्यो कसरि किन यो भेट अहिले ।
दया राख्यो भारी सदय विधिले सङ्गत भयो
सुन्यौ मेरो सानू चिरिबिरि, सबै पाठ पढ यो ।

१५

कसै शक्तैनौ यो यदि तिमि भने घच्च सहन
मलाई द्यौ बाबा ! फगत अब यो रात रहन ।
म भोली नै जान्छू नृपतिसँग भूकम्प कहन
पखेटा छन्, सक्छू अझ त नभमा सर्र बहन ॥

१६

गरी यस्तो राम्रो चिरिबिरि चरी त्यो चुप भयो
भनें मैले भैगो तँ बसि कुरिदे गैह्र घर यो ।
पखेटा पैंचो दे, बरु म पछि आएर तिरूँला
दयाधारी राजासित सकल मै बिन्ति गरूँला ॥

# शरणाऽऽगति

१

सबै हेरी जाँची विषय-सुखको चञ्चलपना
जगत् सारा सम्झी निमिषभरको तुच्छ सपना ।
झुकी बिन्ती गर्दै रघुवर ! म लोटैं चरणमा
अजानै हो भन्ने समझि लिनुहोला शरणमा ॥

२

दुराचारी व्याधा, अधम गणिका, भिल्ल, शबरी
सबैले पाएथे जुन मधुर कारुण्य-लहरी ।
उही पाऊँ भन्दै रघुवर ! म रुन्छू चरणमा
अजानै हो भन्ने समझि लिनुहोला शरणमा ॥

# कन्याहरूको गौरीसित अभ्यर्थना

१

जय जय गौरी ! शैलकुमारी !

महिमा प्रभुको मङ्गलकारी ।

निशिदिन हाम्रो दिलमा भित्र

खेलोस् भरदै भाव पवित्र ॥

२

सरल कुमारी-वय यो हाम्रो

फुलको कलि झैं कोमल राम्रो ।

क्रमसित यो सब फक्रन पाओस्

राप तापको आँच नआओस् ॥

३

गुण गौरवको यशको खास

यसमा मगमग मधुर सुवास ।

जननी ! पल-पल चढ्दै जाओस्

अपयश-बदबू घुस्न नपाओस् ॥

४

जुन विद्याले प्रभुको नाम

दुनियाँ जप्तछ आज तमाम ।

उसको अलिकति झल्को पाऊँ

जननी ! प्रभुको जय जय गाऊँ ॥

५

प्रभुको त्यै सब साहस शक्ति

त्यै सब शील र त्यै सब भक्ति ।

जननी ! हामीकन दिनुहोला

उज्ज्वल पारी नारी-चोला ॥

# चुँडिएको चङ्गासित

१

ए चङ्गा, जा तँ जा, ढुलुमुलु नगरी सर्र अक्कासिँदै जा
स्वर्गङ्गाका मसीना जलकणहरूको माधुरी क्यै लिँदै जा ।
बाटोमा निर्जरीका चपल नजरको दिव्य तारो हुँदै जा
दायाँ बायाँ नलागी पर पर उपरै सोझिँदै सोझिँदै जा ॥

२

पर्दा छेडी हवाको अलख पथ लिई बेसरी भित्रिँदै जा
यो धागो, यो लटाई, लटपट सब यो बिर्सँदै बिर्सँदै जा ।
देखून् यद्वा नदेखून् गतिविधि अरूले, मस्त आफू हुँदै जा
जाँदाजाँदै अगम् त्यो गगन-कुहरको केन्द्रमा लीन भैजा ॥

## परिश्रान्त चातक

१

हे मेरो प्रिय ! धीर ! नीरद ! कुनै सौभाग्यले आज यो
तिम्रो शब्द सुनें अचानक अहो !! छाती रसीलो भयो ।
धेरैसम्म निरुद्ध चञ्चुपुटको ढोका खुल्यो सुस्तरी
थाल्यो घन्कन घन्न-घन्न मुटुमा आनन्दको बाँसुरी ॥

२

त्यै श्रद्धा, रसरङ्ग त्यै छ, सब त्यै उल्लास कौतूहल,
त्यै तृष्णा मनको छ, सूक्ति-रस त्यै, त्यै भावना शीतल ।
त्यै सारा छ, तथापि दुर्नियतिले राखेन त्यो जीवन
खस्क्यो शक्ति शनैः शनैः नयनमा निस्क्यो धमीलोपन ॥

३

लायो दृष्टि जता उतैतिर कठै !! को सृष्टि अस्पष्ट छ
पाऊ पक्ष दुवै विपक्षमय छन् चल्दा बडो कष्ट छ ।
खाली तर्क-वितर्कका भुमरिमा घुम्दो छ यो जीवनी
मानू अर्जुन-भेद्य यन्त्र-बिचको दुर्दर्श माछो बनी

४

प्यारो ! स्निग्ध ! पयोद ! याद सब त्यो, त्यो शक्ति, उत्साह त्यो
त्यो स्फूर्ति, प्रतिभा, प्रभातमय त्यो सम्पूर्ण वेला बित्यो ।
ढल्क्यो जीवन-भानुको मधुरिमा, अर्कै छटा फैलियो
हेर्दा बाहिर यो प्रपञ्च-सुखको शोभा सबै मैलियो ॥

५

त्यो तिम्रो स्मित, मान, मोह, ममता त्यो दिव्य वाङ्माधुरी
त्यो छाया, छवि शीतलो सरसता, सौहार्दको त्यो झरी ।
सम्झन्छू मनले बडो प्रणयले त्यो सम्झँदामा पनि
बाधा हुन्छ मलाइ, धर्र सहसा धर्कन्छ यो जीवनी ॥

६

प्यारो ! मेघ तिमी सहर्ष जसरी खेल्छौ महाऽऽकाशमा
त्यै चालासित आज दैवगतिले मेरो हृदाकाशमा ।
खेलेको छ घुमी सबैतिर ठुलो वैराग्यको बादल
त्यो क्यै जान्दिनँ, झर्छ शान्ति-जल वा वर्षन्छ वर्षोपल ॥

७

भोगाऽऽशामय जो असाध्य मसिनू तीखो विषालू सियो
भित्री जीवनको अतर्क्य तहमा पैले बिझेको थियो ।
त्यै घाउ सब रागियो, उकुच भो, व्यामोहको सैन भो
तेसैको पिरले घट्यो बल सबै, चौपट्ट बेचैन भो ॥

८

चुच्चो निर्बल भो झुक्यो शिर, गले खुट्टा पखेटा पनि
स्वाँ स्वाँ नित्य गरीरहन्छ बिचरो छाती खलाँती बनी ।
थोत्रो जीवन-रङ्गमञ्च सब भो, थोत्रो छ पर्दा पनि
थोत्रै खेल खुलीरहेछ यसमा देखिन्न क्यै रोशनी ॥

९

यो पाटी, यसमा म अन्ध बटुवा, गन्तव्य बाटो छुटी
धेरै काल रहें विपत् सब सहें, भोगें ठुलो भुट्भुटी ।
प्यारो ! मेघ ! म भन्दछू थकित भै विद्युत्प्रभाले अब
सोझो शीतल त्यै पवित्र पथको देखाइद्यौ गौरव ॥

१०

धराधर ! परिश्रान्त उही जीर्ण विहङ्गम
भन्छ आश्चर्यका साथ यो स्वप्ना हो कि वा भ्रम ?

## संसारको स्वरूप

हाल्दै चिप्ला, मसीना शिथिल सब जरा सूक्ष्म भित्री हवामा
उम्रेको रूप-रेखा-विरहित रुखको गुप्त हाँगाबिंगामा ।
फन्का मारी हजारौं किसिमसित सबै जेलनूसम्म जेली
खेली खेली घुमेको जटिल चहकिलो धन्य आकाश-बेली ॥

# जीवन-ज्योति

१

दिनकर घुमून् वा पृथ्वी घुमून् वा, हावा घुमोस् वा जल घुमोस्
शिशुमारनामा चक्रै घुमोस् वा विकराल अथवा कालै घुमोस् ।
जुन वस्तु हो त्यो हर्दम् घुमेको उसको घुमावट धन्य हो
जसबाट निस्क्यो झलमल्ल यस्तो यो विश्व-जीवन-बिजुली अहो !

२

फनफन घुमेको उस चक्रको सब, सञ्चालना उही जान्दछ
जसलाई हाम्रो वेद सर्व-व्यापी पिता भनी मान्दछ ।
न त आदि उसको पाइन्छ कहीं न त अन्त्य काहीं मिल्दछ
जो गर्छ खोज उसको उसैको सत्ता उसैमा मिल्दछ ॥

३

यो विश्व-जीवन-सौदामिनीको सञ्चार गर्ने घर ठुलो
होला कहाँ त्यो ? कुन रेलिँदो हो त्यसमा अगम् गतिमा कुलो ?
यो तर्क गर्दागर्दै सबैको शिर घुम्छ त्यो चक्र सरि
घन्कन्छ आखिर व्यामोहको नै खाली गगनमा बाँसुरी ॥

४

आब्रह्म, भुसुना, तृण, वृक्षतकका प्रणीहरू खम्बा सरि
छन् भित्र मसिना तार मनका उनका कसेका बेसरी ।
सङ्कल्पको नै चर्को करेन्ट-ज्वाला निरन्तर चल्दछ
रङ्गित गुलुपको बीच वासनाको ज्योति झकाझक बल्दछ ॥

५

यो विश्व-जीवन-बिजुली निकाल्यो, त्यो विश्वकर्मा दङ्ग भो
झलमल्ल झल्क्यो यो विश्व सारा उसलाई अर्कै रङ्ग भो ।
सब झ्याल खोल्यो उस नाचघरका आफू बस्यो दर्शक बनी
लीला सुरु भो अद्‌भुत नटीको जम्मा भए नटुवा पनि ॥

६

मालिकनी भै गर्छे नटीले जुन जुन इशारा त्यै सब
नटुवाहरूले फिर गर्न थाले नृत्य-क्रियाको उत्सव ।
दर्शक बनेको त्यो विश्वकर्मा त्यै देखदा अलमस्त भो
देखिन्न अर्को मै एकलो छू भन्ने अत्याहट अस्त भो ॥

७

थोत्रा पुराना सामान पुर्जा प्रत्येक आफैं हेरदै
जस्तो जहाँ जो चाहिने हो त्यस्तो त्यहाँ त्यो फेरदै ।
हर्दम् तमासा हेर्ने तमासे त्यो विश्वकर्मा धन्य हो !
यो विश्व जसका भित्री नजरमा न त अन्य हो अनन्य हो ।

# अध्यात्म-वाटिकाको सानू सुगन्धी फूल

लाई सर्र कुचो छिटो जल चिसो सम्पूर्ण ढोका थुनी
खम्बाभित्र पसी, सुटुक्क नखसी त्यो तुच्छ खम्बा पनि ।
ढालीद्यौ, घर बिर्सिद्यौ, तर तिमी आनू बिचैमा बस
जानौला अनि पो सुधामय मिठो वेदान्त-विद्या-रस ॥

# प्रभात

१

रात पश्चिम दिशातिर भाग्यो
अन्धकार उसको पछि लाग्यो ।
लोकमा छ दिनको अब पालो
देखियो गगन केहि उज्यालो ।

२

विश्वमा न त समस्त उज्यालो
अन्धकार न त पूर्ण छ कालो ।
पुण्य-पाप-मय-जीवन-सङ्गी-
जीव झैं जगत भो दुइरङ्गी ॥

३

चन्द्र-बिम्ब गगनाऽऽन्तर-चारी
मन्द मन्द मलिनाऽऽकृति-धारी ।
हेर अस्तगिरिका शिर पारि
देखियो दबिनलाइ तयारी ॥

४

मोति झैं चहकिला ग्रह, तारा
जो थिए तिनि लुके अब सारा ।
खालि एक दुइटा अवशिष्ट
शिष्ट झैं मधुर कान्ति-विशिष्ट ।।

५

शीतलो कमल-सौरभधारी
वेगहीन हलुका सुखकारी ।
मन्द मारुत मनोहर आयो
धन्य हो ! प्रकृतिको महिमा यो ।।

६

दूरसम्म सुनिने कुखुराको
उच्च दीर्घतर सुन्दर डाको ।
घन्न कर्णपुटमा घनकन्छ
जोसुकै पनि बलाद् बिउँझन्छ ।।

७

रागपूर्ण सुख पूर्व दिशाको
देखियो चहकदार मजाको ।
साऽऽनुराग उसका छन वश्य
काखमा तरुण भानु अवश्य ।।

८

लाल पङ्कज फुल्यो ढकमक्क
खुम्चियो कुमुदचाहिँ टपक्क ।
लोकमा उदय वा सुख चैन
एकनास कहिल्यै रहँदैन ॥

९

गोप-वर्ण दधिमन्थन-कारी
नेति पक्रिकन पाउ पसारी ।
मान्थदण्डकन तान्दछ भारी-
शब्दले जलदको भ्रम पारी ॥

१०

काखिमा जल लिन घटधारी
मन्द मन्द गरदै गफ भारी ।
पानि-घाटतिर जान तयारी
देखिए सरस नागर नारी ॥

११

भस्म, दर्भ, तिल, जौ, फुल-पाती
पात्र, चर्म, सब ली बहुभाँति ।
ब्राह्मणाऽदिक बसे दृढचित्त
घाटमा नियत-कृत्य-निमित्त ॥

१२

पोलने विकट भानु हराए
	शान्त शीतकर बल्ल उदाए ।
भन्दछे मनमनै स्मृतिहीना
	चक्रवाक-वनिता अति-दीना ॥

१३

[१]निष्प्रपञ्च प्रलयाऽऽकृति-धारी
	नीदको जटिल जाल उघारी ।
फेरि कर्मपथमा दुनियाँले
	सुस्त सुस्त पद राखन थाले ॥

१. यो कविता क्रियामा हलन्त नगर्ने नियम भएको वेलामा नेपाली क्लासमा पढ्ने बालकहरूका निमित्त लेखिएको हो । -लेखक

# सत्य-सन्देश

जस्तो मानी धनीका नगिच हरघडी टप्प जोडेर हात
छाती खोलेर गर्छौं हृदय बुझी सदा नम्रता-साथ बात ।
दुःखीका साथ उस्तै विनयसित सदा मर्म सम्झेर बोल
गर्नै पर्दैन फेरि व्रत, जप, तपले स्वर्गको मोलतोल ॥

# पिंजराको सुगा

१

बालक बबुरो द्विज शुकनामा
हूँ, म परेको छू पिंजरामा ।
मकन हरे ! शिव ! शान्ति र चैन
सपनाबिच पनि रतिभर छैन ।

२

मेरा बान्धव बाबु र आमा
बस्छन् वनका एक कुनामा ।
कोसित पोखूँ मनको ताप
गरदै पिंजराबाट विलाप ॥

३

आँसु बगाई कहिले रुन्छु
कहिले मुर्दा-तुल्य म हुन्छु ।
कहिले पागल सरि उफ्रन्छु
केवल वनका सुख सम्झन्छु ॥

४

फलफुल खाई नित्य रमाई
वनमा फिरने बिचरालाई ।
विधिले पाऱ्यो पिंजरा-भित्र
कर्म हरे ! शिव ! हुन्छ विचित्र ॥

५

कति फिरदो हूँ कति उड्दो हूँ
कति कति देशान्तर डुल्दो हूँ ।
दैव ! हरे ! किन बालकलाई
बन्धन पाऱ्यौ व्यर्थ भुलाई ॥

६

शीतल पानी कुञ्ज-निवास
भोजन मीठो फलको खास ।
त्यो सब हुनगो आज विनाश
बाँकि छ एकै मनको त्रास ॥

७

हरियो वनको शीतल छाया
बान्धवसँगको मोह र माया ।
डुलनू फिरनू फलफुल खाई
सपनामय भो हाय ! मलाई ।

८

वृद्ध महातुर बाबा जननी

आँसु खसाली दीन बनी ।

नित्य रूँदा हुन् हाय !! विधाता !

तोडिदियौ किन त्यो दृढनाता ?

९

वरिपरि वैरीहरु छन् सारा

छैन कतैतिर कोहि सहारा ।

के गरुँ ! कसरी उम्की-जाऊँ ?

कोसित मनको दर्द बिसाऊँ ?

१०

यो सब गगनैभरमा खास

जसका हुन्थे भोग-विलास ।

उसको अब हा !! जीवन-पात्र

केवल सानू पिंजरा मात्र ॥

११

पिंजरा फोरूँ भनिकन चुच्चो

बलसँग धसदा भो सब बुच्चो ।

बेसरि कुँजिए पक्ष र पाउ

कसरी अब हा !! काल बिताऊँ ॥

१२

कहिले ठण्डी कहिले धूप
कहिले बकबक, कहिले चूप ।
बालकहरुको मनअनुसार
हुन्छ निरन्तर भाग्य-विचार ॥

१३

भाग्य-तमासा जब सम्झन्छु
अनि पछि सिल्ली-तुल्य म हुन्छु ।
आँसु बहन्छन् छाति चिरिन्छ
चित्त निरन्तर रोइरहन्छ ॥

१४

उठ्दछ मनमा घोर तरङ्ग
सबतिर हेरी हुन्छु भरङ्ग ।
प्राण नजाने काल नआई
के गरि कसरी बाँचूँ हाइ !!

१५

खानु छ खाली तौली धान
त्यो पनि आधा पेट छ जान ।
हेर्दछु भाँडो पानी छैन
भोगिरहेछु यस्तै चैन ॥

१६

शुष्क छ घाँटी, बन्धन चर्को
बोलनुपरने झर्को अर्को ।
बोली नबोलूँ लट्ठि उजाई
हुन्छ तयारी पीटनलाई ॥

१७

यौटा भन्दछ यो हो पाजी
अर्को भन्दछ यो छ बिराजी ।
भन्दछ तेस्रो आत्माराम !
पढो पढो जी, राखो नाम !॥

१८

यो कस्तो हो ? कसरी आयो ?
बसिकन पिंजराबिच के खायो !
यो सब बुझने कोही छैन
हाय !! यसैले मन रहँदैन ॥

१९

जीवन अर्पी बन्धन-भित्र
बोलनुपर्ने बोलि विचित्र ।
तैपनि चारा आधा मात्र
दैव ! रहेछौ करुणा-पात्र ॥

२०

दैव ! दिएथ्यौ तिमिले एक
बोलन सक्ने शक्ति विवेक ।
पाइरहेंछू तेसै-द्वारा
बन्धन, गाली, धम्की सारा ॥

२१

मकन दिलाई सङ्कट जेल
मानिस गरने कौतुक खेल ।
यो कस्तो हो पापाऽऽचार !!
दीन-दयालु ! लाऊ पार ॥

२२

गुणको वैरी मानुष-जाति
शुष्क गराई गुणिको छाती ।
प्राण-पखेरू नलिए-सम्म
खुश किन हुन्थ्यो, हाय ! अचम्म ॥

२३

पृथ्वीतलमा यौटासम्म
मानिस बाँकी रहँदा-सम्म ।
नाथ ! सुगाको जन्म नहोस
बल्ल मलाई आयो होस ॥[१]

१. यो कविता नेपाली तेस्रो किताबमा छापिएको हो । -लेखक

# सत्य-सन्देश

मत्ता हात्ती हलुङ्गो, विकत जलधिको ह्वेल माछो हलुङ्गो
जङ्गी बेडा हलुङ्गो, विकट कटकटे रेलगाडी हलुङ्गो ।
शैलश्रेणी हलुङ्गो, पृथुतम पृथिवी-गोल सारा हलुङ्गो
यो ब्रह्माण्डै हलुङ्गो, जब सब मनको तिर्सना लाग्छ टुङ्गो ॥

# चाखुराको प्रेमोल्लास

१

देखी निस्तन्द्र खासा चमचम गरने चन्द्रिकाको तरङ्
साना साना मिलेका अतिशय मसिना पक्ष पारी जुरुङ् ।
गर्दै उल्लास-चेष्टा चटुलतर चुचो चट्ट खोली चकोर
बिस्तारै भन्न थाल्यो पल-पल मनको तानिँदा प्रेम-डोर ।

२

हे मेरी प्राणप्यारी ! अधिक चहकिली ! चन्द्रिके ! रामछाया
देखाई मोह पाऱ्यौ हृदय-बिच बढ्यो जम्जमाएर माया ।
यो मायाको ठिगाना कसरि अब कहाँ लाउने हो बताऊ ?
तेसै आकाशमाथी चमचम यसरी चित्त चोरी नजाऊ ॥

३

आऊँ सोझै समाऊँ, अधिक पर तिमी, आउने शक्ति छैन
जाऊँ, नाता टुटाऊँ, चमचम गरने माधुरी बिर्सिँदैन ।
के गर्ने ? प्राणप्यारी ! फनफन घुमदै पर्न थालें म छक्क
आफैँ आई दिलाऊ मधुर रस-झरी नागरी झैँ थपक्क ॥

४

तिम्रो त्यो मुख्य वासस्थल शिर शिवको पर्छ अत्यन्त टाढा
गर्छ्यौ टाढै भए तापनि तिमि रसको माधुरी-वृष्टि गाढा ।
खेली ठाडै सुरेली प्रणयमय यही तार एकै समाती
सोझै आएर माथी अमर पद पनी पाउँदो हो कि ? छाती ॥

५

टाढादेखिन् खसेका विरल किरणको मन्द आभास मात्र
आँखाले पान गर्दा यसरि मन हरे ! हर्षको बन्छ पात्र ।
साँच्चैकी मूर्तिधारी तिमिकन म यहाँ पाउँदो हूँ त प्यारी !
भर्थें लाखौं भकारी छिन छिन सुखका भूतलै स्वर्ग पारी ॥

६

अम्बा जम्बै बिकम्बा अरुचि छ लिचिमा, पाप झैं आँप लाग्यो
फोस्रो मिश्री, मिठाई मह दह बहको, दाखको चाख भाग्यो ।
तिम्रो त्यो कान्तिधार फगत टुलुटुलू हेरदामा मलाई
संसारै प्राणप्यारी ! सकल हुन गएको छ खाली मलाई ॥

७

एक्कासी 'प्राणप्यारी' भनिकन यसरी जङ्गली जीव सानू
मेरो सौन्दर्यमाथी छिनछिन किन यो लीन भैजान्छ मानू ।
भन्ने आश्चर्य केही दिलबिच चढला, त्यो तिमी दूर फाल
ब्रह्माकै सृष्टिदेखिन् तिमिसित गरदो छू सधैं अङ्कमाल ॥

८

ज्यादा भो प्रेम-वार्ता, फगत अब यहाँ गर्दछू एक बिन्ती
बिन्तीको प्राणप्यारी ! अलिकति तिमिले राखनूपर्छ गिन्ती ।
प्रेमी हूँ प्रेम गर्छू तिमिसित म सदा यो कुरा सत्य जाने
कैलेकाहीं म केही अलिक पर भएमा मरेको नठाने ॥

# अल्छीको सातसुरे उद्योग-वीणा

१

आँखा भन्दछ अप्सरा सब नचा, सौन्दर्य-सीमा जँचा
आज्ञा गर्दछ कान गान उसमा गन्धर्वको नै मचा ।
श्रीखण्डद्रव कस्तुरी अतरमा सन्कन्छ यो नासिका
छाला भन्छ नयाँ नयाँ मखमली शय्या सजीला झिका ॥

२

जिभ्रो खायस गर्छ पायस, लिची, अङ्गुर मिश्री मह
लाल्ची चित्त कहन्छ हुन्छ, सबको चाहिन्छ चाक्लो दह ।
आत्मा भन्छ सबै बुझी शरणले वैराग्यको योगको
अल्छी छू, म कसो गरूँ ? सुर कुनै मिल्दैन उद्योगको ॥

# मनोलड्डु

१

चन्द्रचूड ! जगदीश ! महेश !
दीननाथ ! शिव ! संयमिभेष !
दण्डवत्कन गरी निहुरेर
गर्दछू म विनति प्रभुनेर ॥

२

लोभलाई अगुवा लिइ साथी
यो अगाध भव-सागर-माथि ।
दौडँदा बहुत जन्म बिताएँ
बल्ल आज भगवान् ! सुर पाएँ ॥

३

छुट्ट हूँ म अब ता जनदेखि
नासियोस अधिदेखि सब शेखी ।
चित्तवृत्ति प्रभुमा ठहरोस
लोभरूपि सँगि दूर सरोस ॥

४

वासना-विषयको सब तोडी
    पुत्र मित्र वनिताहरु छोडी ।
कोहि वृक्षमनि जङ्गलभित्र
    एकलै बसि गरूँ म चरित्र ॥

५

माथमा पनि जटाकन धारी
    भस्मले सकल देह सिँगारी ।
ईश-तुल्य भइ काटुँ म काल
    कोहि मानिस नपाउन चाल ॥

६

राखि आसनविषे मृगछाला
    कण्ठ-बीच पहिरी शिव-माला ।
बाँधि इन्द्रिय समाधि लगाऊँ
    योगिराज-पदवी म कमाऊँ ॥

७

एक मात्र कसि कौपिन खालि
    कन्दमूल फलले जिउ पाली ।
धैर्यसाथ दिनरात बिताऊँ
    द्वैतभाव मनले नचिताऊँ ॥

८

योगरीति जति बाँकि नराखी
एक एक गरि बेसरि चाखी ।
सार सार समझी अरु कन्था
फालि एक पकडूँ शिव-पन्था ॥

९

वासनाऽऽदि जति हो हठयोग
तेसले गरि हरी सब रोग ।
राजयोगतिर बुद्धि लगाऊँ
द्वैतभाव मनबाट भगाऊँ ॥

१०

ध्यान, पूजन, जपाऽऽदि विशाल
हो मनोरचित संसृति-जाल ।
बुद्धिबाट सब त्यो पर सारूँ
ज्ञानले गरि मनैकन मारूँ ॥

११

पाञ्चभौतिक जती सब धोका
जानि बन्द गरि इन्द्रिय-ढोका ।
निष्प्रपञ्च चिजमा मन हालूँ
ऐक्य-वह्नि फुकि साफ पगालूँ ॥

१२

श्वास-वायुकन बेसरि खारी
देह निश्चल मुढो सरि पारी ।
ब्रह्मरन्ध्र-बिच जीव चलाऊँ
योगशक्ति दिनरात बढाऊँ ॥

१३

क्यै नली विधि, निषेध, विकल्प
चित्त लीन गरि कैय्यन कल्प ।
निर्विकल्प परिपूर्ण असीम
चित्स्वरूप भइ दीप्त रहूँ म ।

१४

राश लागि धमिरा धुरिंदामा
उम्रि वृक्ष, लहराहरु लामा ।
देह पर्वत-समान बनोस
कोहि गै तर तहाँ नखनोस ॥

१५

सारि सारि छुरि छम्छम पारी
नाचदै गिडिगिडिकन मारी ।
अप्सराहरु भुलाउनलाई
आउँदा म नभुलूँ लहसाई ॥

१६

अष्ट सिद्धि पनि खालि कमारी
तुल्य जानि मनले पर सारी ।
आदिशक्तितक थर्थर पारूँ
कालको पनि घमण्ड उतारूँ ।

१७

इन्द्र, विष्णु, विधि आइ मलाई
बाबु ! ल्यौ वर भनेर फुल्याई ।
भ्रष्ट पारन कसै नसकून
कष्टसाथ ति पनी फरकून ॥

१८

दिव्य जोति शिरबाट उतारी
ब्रह्मगोल सब उज्ज्वल पारी ।
चन्द्र, सूर्य पनि मन्द गराऊँ
कोहिदेखि म कतै नडराऊँ ॥

१९

देव, सिद्धि, मुनि, किन्नर, तारा,
नाग, दैत्य फिर राक्षस सारा ।
ब्रह्म, विष्णुतक छक्क परून
थर्कमान भइ दूर सरून ॥

२०

आफुलाइ अलगै सबदेखि

फेरि आफुमय यो सब देखी ।

आफु मात्र परुँ साफ म दङ्ग

धन्य !! आफु-कृत आफनु रङ्ग ॥

२१

सानू यौटा मनोलड्डु लेखनाथ अनाथको

लिनुहोला कृपासाथ गहना पारि हातको ।[1]

---

१. यो कविता चौसट्ठी सालमा लेखिएको र ६९ सालमा निर्णयसार प्रेस बम्बईमा छापिएको हो, उनताकको क्रियामा पनि खुट्टो नकाट्ने नियमको यसमा पूर्णतया पालना छ । -लेखक

# आश्चर्य

१

त्यो देहेन्द्रियको महाशिथिलता, त्यो शक्तिको शून्यता
त्यो सारा उपचारको विफलता, त्यो बन्धुको व्यग्रता ।
त्यो नैराश्य-पयोदको मलिनता, त्यो कान्तिको क्षीणता,
त्यो दुःखी परिवारको विकलता, त्यो वैद्यको शीघ्रता ॥

२

त्यो गङ्गा-तटको बडो विकटता, त्यो दीर्घनिःश्वासता
त्यो लम्बा पथको प्रयाण-कटुता, त्यो दृष्टि-दुर्वर्णता ।
त्यो व्यामोह-विमुग्धता हृदयको त्यो दीप-निर्वाणता
प्रत्यक्षै छ तथापि तुच्छ मनमा यत्रो अहंमन्यता !!!

# कुचो

साना झुप्रा, मझौला घर, महल ठुला गैह्र झारी बढारी
राम्रो पारी, निखारी फुहर सब, कुचो गर्छ कल्याण भारी ।
कैलेकाहीं अकस्मात् विगलित बिचरा झल्कने रत्नसम्म
त्यो फालीदिन्छ तेही फुहर-बिच मिसी यै छ यौटा अचम्म ॥

# सन्ध्या

१

विस्तीर्ण कर्मपथका सब जीवलाई
विश्रान्तिको प्रबल उत्सुकता दिलाई ।
अस्ताद्रिका शिखरमाथि पुगे दिनेश
पल्ट्यो सबै प्रकृतिको महिमा विशेष ॥

२

विस्तारसाथ दिन दीन भएर आयो
पूर्ण प्रभापटल-सार सबै हरायो ।
झल्कीरहेछ सब पश्चिमतर्फ खालि
आश्चर्यको भवन-तुल्य अपूर्व लाली ॥

३

जस्तो थियो उदयमा रविको प्रकाश
उस्तै छ रक्त अहिले पनि एकनास ।
देखेर यो हृदयले अभिमानलाई
तत्काल गर्छ अनुशासन जानलाई ॥

४

खैंची प्रताप-परिपूर्ण कर-प्रसार
छोडी सबै गगनमण्डलको विहार ।
श्रीसूर्यले मलिन भाव लिएर जानु
स्पष्टै कहन्छ कुन वस्तु छ साथ लानु ॥

५

मेरो पर्‍यो दिनभरी सबमा प्रताप
भन्ने यही हृदयभित्र चढेर ताप ।
पोल्दा कठै !! सकल चित्त जलेर चित्र
लागे कि ? रक्त रवि डूबन सिन्धुभित्र ॥

६

हे उच्च ! धीर ! तुहिनाऽचल ! लौन तान
डूबें यसै जलधिमा म झिजो नमान ।
भन्दै विपन्न रविले करले अँगालो-
हाले कि ? हेर अझ शैल छ त्यो उज्यालो ॥

७

हावा-समान रथमा छन सात घोडा
आफू सहस्रकर मित्र बडा अजोडा ।
धिक्कार दैवगति !! तैपनि हाय ! हाय !!
सोझै गिरे जलधिमा रवि निःसहाय ॥

८

यद् वा सराग रवि रक्त यही पियारी
सन्ध्या-वधूकन लिई चरमाद्रिऽपारि ।
लागे विहारकन गर्न अनेक भाँति
पारी यतातिर तमोमय दीर्घ राती ॥

९

रात्री सधैं परपरै, बुढिया दिनश्री
के गर्दथे रवि तहाँ वसुको इतिश्री ।
सन्ध्यासँगै भुलिरहेछन ती अवश्य
फैलाइ रङ्गरसको गहिरो रहस्य ॥

१०

त्यै रङ्ग-रञ्जित पयोधर-खण्ड खास
झल्कीरहेछ मनमोहन एकनास ।
मानू स्वयम् प्रकृति-निर्मित दिव्य नौला
सोपान झैं सुरपुरी-पथको सुनौला ॥

११

सिन्दूर झैं चहकिलो परि त्यो प्रकाश
अस्ताद्रिका उपरको गगनाऽवकाश ।
सन्ध्यामयी रमणिको रमणीय भारी
सारी-समान झलकन्छ सफा तयारी ॥

१२

सन्ध्या-वधू क्षणिक त्यो उसमाथि ज्यादा
फैलाइ राग रवि अस्त भएर जाँदा ।
सोझी सती कमलिनी हुन गै भरङ्ग
मालिन्यको छ उसमा चढदो तरङ्ग ॥

१३

कालो कडा भ्रमर-रूप घुसेर आँधी
हल्लाउँदा हृदय खिन्न भएर ज्यादी ।
सङ्कोच-साथ करुण स्वर त्यो निकाली
हूँ हूँ गरी कमलिनी रुन थालिहाली ॥

१४

यस्ती यता कमलिनी यतिसम्म दिक्क
हाँसी उता सरस कैरविणी मुसुक्क ।
एकै तडाग-बिच ऊलटफेर यस्तो
देख्यौ कि ? दैवगतिको महिमा छ कस्तो ॥

१५

देखेर यो प्रकृतिको गहिरो झुकाव
पैदा हुँदा विविध कौतुकपूर्ण भाव ।
पक्षीहरू तरुविषे बसि ठाउँ ठाउँ
लाखौं थरी गरिरहेछन च्याउँच्याउँ ॥

१६

यद् वा सरासर गए ति पतङ्ग बन्धु
हाम्रो अहो । कसरि तर्छन घोर सिन्धु !
भन्ने यही बहस-खातिर बेर बेर
थाल्यो कि ? बोलन विहङ्गम-वर्ग हेर ॥

१७

गोपाल-बाल सरलाऽऽशय केलिरागी
गोल्याइ गाइ बटुलेर पछाडि लागि ।
आए सहर्ष घरमा सब हाँसखेल
गर्दै बडो प्रणयपूर्वक राखि मेल ॥

१८

बाँ बाँ गरी पुछर केहि खडा गराई
उफ्री प्रमोद-वश खूब धुलो उडाई ।
चिल्ला महामधुर कोइलि गाइ हेर
उफ्रीरहेछन खुशीसित गोठ-नेर ॥

१९

लैना ठुला पृथुलदोहन-भार गाई
ढल्की ढलक्क परबाट चरेर आई ।
खोजी कराइकन बालक वत्सलाई
लागे सबै दुध पिलाउन हत्पताई ॥

२०

बाच्छो यता अधिक तान्दछ दुग्धपूर
गोपाल गर्दछ उतातिर धारधूर ।
गाई तथापि अति निश्चल शान्तिपात्र
चाटीरहन्छिन खुशीसित वत्स मात्र ॥

२१

यस्तो थियो, यति गऱ्यौं, अब यो गरे त
सप्रन्छ यो समयको यतिसम्म खेत ।
भन्दै किसानगण त्यो गरदै हिसाब
फर्क्यो सहर्ष घरमा सरल-स्वभाव ॥

२२

श्रीखण्डशीतल ! मनोहर ! बाबु ! प्यारा !
आऊ भनी प्रणयले गरदै इशारा ।
कोही किसान-गृहिणी घरमा पुगेर
लागे अपत्यमुख चुम्बन गर्न हेर ॥

२३

आमा ! भनी छिनछिनै घरबाट ज्यादा
बोलाउँदा तनयले जिउ पारि आधा ।
भन्छे कुनै अलि परै पथबाट प्यारा !
आईपुगें नगर धेर तिमी पुकारा ॥

२४

त्यो बाल-वाक्य अति खायसको निवास
त्यो प्रेमपूर्ण जननी-वचन-प्रकाश ।
मानू सुधाजलधिका दुइटा तरङ्ग
एकै बने पलकमा लिइ दिव्य रङ्ग ।

२५

बिच्छ्याइ चर्म, कुश, कम्बल भस्म धारी
मारी पलेटि हृदयाऽम्बुज शुद्ध पारी ।
सन्ध्याऽभिवन्दन-परायण विप्र-वर्ग
सम्झाइदिन्छ मुनिमण्डित आदि सर्ग ॥

२६

टाढ़ा दिनेश, उनको परिँदैन फेला
शीतांऽशुको उदयलाई हुँदै छ वेला ।
मौका मिल्यो असल यो अब जुन्किरीको
सेखी सखाब गरने कुन ? माधुरीको ॥

२७

ताराहरू पिलिपिली दुइ-चार मात्र
सत्पात्र-तुल्य कलिका, कृश दैन्यपात्र ।
निस्के, परन्तु तिनको रति छैन भाउ
हेरी लिँदा फगत जुन्किरिकै छ दाउ ॥

२८

साम्राज्य भो गगनमा अब खास मेरो
भन्ने लिएर मनमा छिचरो चमेरो ।
नाचीरहेछ बलमाफिक वेग मारी
छाता सरी अजिन-पक्ष दुवै फिँजारी ॥

२९

नासो-समान रविको परिताप-माला
सल्केर कोकवनितामनलाइ हाला ।
पारीदियो अब कतातिर जाँ ? भनेर
रुन्छे बिचेत बिचरी निजनाथ-नेर ॥

३०

पक्षी ठुलो हुचिल-नामक त्यो प्रसन्न
घन्काइ घोर पहराहरु घन्न-घन्न ।
पैशाचिक प्रबल ढोल-समान बोली
बोलीरहेछ भयभावन कण्ठ खोली ॥

३१

बासा बसे सकल, शून्य भनी मुलूक
को रोकने अब मलाइ भनी उलूक ।
फुर्ती झिकेर डरका घर-तुल्य आँखा
थाल्यो घुमाउन बनी बहुतै चनाखा ॥

३२

ठाडो गरी शिर शिखाबलको बथान
गर्दै सकौतुक सबैतिर दृष्टि-दान ।
खोजी गरूँ मिहिरमण्डलको भनेर
लाग्यो कि ? हेर्न ठुलो रुखमा चढेर ॥

३३

पारी सबै गगनमण्डल नाट्यशाला
नक्षत्र-हार पहिरीकन रात्रि-बाला ।
आँटी अवश्य अब खेलन केहि काल
पर्दा गिऱ्यो तिरमिरे छविको विशाल ॥

३४

एकै थिए अघि अनन्त सबै पदार्थ
झल्काउने रवि महाकवि झैं यथार्थ ।
बत्तीहरू घरघरै अब सोहि काम
गर्छौं भनी जलिरहेछन धूमधाम ।[१]

---

१. यो कविता १९८० सालमा नेपाली चौथो पुस्तकमा छाप्नलाई लेखिएको हो । -लेखक

# पूर्व-स्मृति

१

त्यो शुद्ध श्रौतशिक्षा-क्रम गुरुकुलको, त्यो विचार-प्रणाली
त्यो श्रद्धा, त्यो तपस्या-प्रणय, शमदमाऽभ्यास त्यो धैर्यशाली ।
त्यो दैवी शान्ति शोभा-सहित चहकिलो सत्य, सन्तोष, निष्ठा
त्यो अध्यात्म-प्रभाले चमचम गरदो विश्वपूजा प्रतिष्ठा ॥

२

त्यो लाखौं उच्च विद्या-विषयक पटुता, दृष्टि त्यो पारदर्शी
त्यो दिव्याऽऽदर्श हाम्रो, अनुपम जुग त्यो, विश्वकल्याणवर्षी ।
त्यो सत्कर्म-व्यवस्था घरघर सबको, त्यो सफा शान्ति-धारा
त्यो सारा लागिहाल्यो समय-जलधिको पट्ट पल्लो किनारा ॥

# मनः परिवर्तन

*(सत्य घटना)*

*(आफूले एक दिनअघि छातीमा गोली हानेर मारेकी पन्ध्र वर्षकी सेवताल-बालिकाको पाउ पक्रेर कप्तान मनरो साहेब भन्दछन्-)*

१

अयि ! सुन्दरि मत्तकाशिनी !
तिमीलाइ पशु-तुल्य नै गनी ।
अघिबाट कुकर्म जो भयो
अब त्यै हा ! मुटुको फियो भयो ॥

२

अति निन्दित नीच जङ्गली
अछुती नै समझी घमण्ड ली ।
किन हेरिनहूँ कठैबरी
मुख तिम्रो शिव ! हाय ! त्यो घरी ॥

३

तमले सब छोपदा मन
अभिमानी म जयन्ति ! त्यो दिन ।
जुन राक्षसभावमा थिएँ
उसलाई अब बिर्सँदै गएँ ॥

४

अधिको न विरोध क्यै थियो
न त तिम्रो अपराध नै थियो ।
कसरी म बनेँ अकारण ?
नलिनीमा मदमत्त वारण ॥

५

यस घोर कुकर्मले गरी
म कुकर्मी कुन नर्कमा परी ।
कुहुने कसरी ? कहाँतक ?
टरनेछैन अवश्य पातक ॥

६

कलिली अबला कठै ! तिमी
वनमा आफुखुशी घुमी घुमी ।
रहने बिचरी चरी-सरि
म शिकारी शठ पाप-पोखरी ॥

७

भुलमा अपराध त्यो गरें
तर आई फिर पाउमा परें ।
खलको भुलमा क्षमा गर
तिमि छैनौ म-समान निठ्ठुर ॥

८

तिमिले नगरे ममा क्षमा
म अभागी सबका समक्षमा ।
जिउँदै उस नर्कमा गएँ
जसमा देवि ! नजन्मँदै थिएँ ॥

९

जगदीश्वरका अघिल्तिर
तिमि हामी सब छौं बराबर ।
नबुझी तर यो सहोदर-
भगिनी-घात गरें सरासर ॥

१०

जुन घातक हात हुन् उनै
अब तिम्रा पदमा शनैः शनैः ।
प्रणिपात गरी क्षमा लिन
अघि सारें भयभीत भैकन ॥

११

सुनको प्रतिमा-समानकी
  तिमि देवी उस आसमानकी ।
म कठै ! शठ नर्कको किरो
  अझ पारेँ उसलाई साँघुरो ॥

१२

तिमी कोमल वन्य वल्लरी
  अथवा नूतन चूत-मञ्जरी ।
सुकुमारि ! म नीच पागल
  बनिहालेँ तिमिमा दवाऽनल ॥

१३

करुणामयि ! रङ्‌ जातिको
  जुन हो गर्व गुमान छातिको ।
अब त्यो सब गैगयो गली
  पहिलो व्याकुल भावको चली ॥

१४

म डुबेँ, विकराल शोकमा
  पुगिहाल्यौ तिमि देवलोकमा ।
उहिँबाट दयाऽवलोकन
  गर हे देवि ! दयावती बन ॥

१५

गइथ्यौ जुन गोलिले तिमी
    उहि फर्की दिलमा घुस्यो घुमी ।
गर देवि ! दयावती ? दया
    दिल मेरो छ सबै छिया-छिया ॥

१६

तिमिलाई म खास मारने
    तिमि ढोका दिलको उघारने ।
मुटुमा बजदो छ बेसुरा
    कुन यो राग अहो !! पुरा-पुरा ॥

१७

पहिले जुन गोलि बन्दुक
    लिइ फिर्थें म बनी समुत्सुक ।
अब त्यो सब हा ! हलाहल
    विष सम्झी दिल रुन्छ आकुल ॥

१८

पदमा म झुकें नकच्चरो-
    अपराधी, दिलमा हुँदा खरो ।
करुणा गर क्यै नल्यौ चुरो
    भन देवी ! (मनरो ! न रो, नरो)॥[१]

---

१. यो कविता पैले ६४ सालमा अनुवादित जयन्ती नामक ऐतिहासिक उपन्यासमा लेखिएको छ । -लेखक

# वंशीधरको दिव्य वंशी

१

सारा भौतिकवृन्दरूप जड यो विस्तीर्ण वृन्दावन
घन्काएर घनक्क, भित्र उसमा भर्दै नयाँ जीवन ।
हे वंशीधर ! विश्वमोहन ! परा वाक्रूपिणी बाँसुरी
फुक्छौ नित्य नयाँ नयाँ सुर झिकी व्यामोह–वर्षा गरी ॥

२

त्यो चर्को सुरबाट जागृत बनी तिम्रै गरी खोजनी
घुम्न रासविलासको रहरमा धीवृत्ति छन् गोपिनी ।
साथै छौ, तर लुक्नमा चतुर छौ, हाँसीरहन्छौ लुकी
त्यै तिम्रो रस–रङ्गमा छ रसिलो यो सृष्टिको चक्चकी ॥

# भाग दुई

# राष्ट्रभावनाको गीत

सुन्दर यौटा स्वर्गपुरी हो हाम्रा खातिर हाम्रो नेपाल ।
जसमा जन्म्यौं, खायौं, खेल्यौं, हुर्क्यौं हेर्दै अचल हिमाल ॥

शीतल हावा, शीतल पानी, हिमको शीतल मधुर मुसकान ।
सबतिर कलकल शीतल झर्ना, शिवगौरीको वासस्थान ॥

वन जङ्गलको कृषि वैभवको, हरियाली लहराएको ।
पौरुष गर्दै पुर्खाहरुले, जुनिभरी पसीना भिजाएको ॥

स्वतन्त्रताको गौरव धारी, विश्वशान्तिको शान्त पुजारी ।
रसिलो हँसिलो हामी सबैको जीवनफुलको फुलबारी ॥

रवि-शशि-शोभित झन्डा हाम्रो, शशिकुल-दीपक राम्रो राजा ।
सत्य धर्म अटल यशस्वी सबको प्यारो सबको साजा ॥

# गौँथलीको चिरिबिरी

१

उपर दलिनमा गौँथलि बस्ता
तलतिर उसको मैला खस्ता ।
म उठेँ सहसा रिसले जागी
त्यो गुँड भत्काउनका लागि ।

२

मेरो चुरिफुरि जोश विचारी
मसिनू तीखो चञ्चु उघारी ।
भ्रमको पर्दा च्याती ध्यार्र
गौँथलि बोल्यो चिरिबिरि-च्यार्र ।

३

'तिमीले भन्छौ यो घर मेरो
म पनि कहन्छू यै घर मेरो ।
वास्तवमा तिम्रो हो वा मेरो
खुब लगाऊ मनमा फेरो ॥

४

ईंटा-काठको बटुली राश
    यो घर ठाडो पार्ने खास ।
सकल बिलाए कर्मी ज्यामी
    ओत बसेका छौँ अब हामी ॥

५

छोड सबै त्यो रिस र राग
    पुछिद्यौ दिलको कालो दाग
मिलिजुलि सबले घाम र पानी
    छलनै पर्दछ आखिर नानी !!

६

अघि कति भन्थे यै घर मेरो
    कति कति घस्थे रङ्ग कमेरो ?
अब सब तिनको नाता पर भो
    विधिवश अहिले हाम्रो घर भो ॥

७

पछि कति कतिको यो हुन जाला
    कति कति जीवन यसले खाला ?
कति छौँ अहिले यसमा हामी
    हेर कलेजा भरसक छामी ॥

८

शब्द तलामा सुन अझ चर्को
चाँ चाँ चूँ चूँ गर्दछ अर्को ।
जब तिमी सुत्छौ अनि उफ्रन्छ
घरको मालिक मै हूँ भन्छ ॥

९

खनि खनि चारैतिर ओडार
पार्दछ खानारहित भँडार ।
सजिलो बाटो झिकि तलमाथि
खेल्छ हजारौं बटुली साथी ॥

१०

चतुर त्यो पनि तिमी जस्तै छ
घरको ममता-वश मस्तै छ ।
न त त्यो सर्दछ न त क्यै दिन्छ
तिमीसित उल्टो भाडा लिन्छ ॥

११

मलिकपनको झिक्दै भाउ
आउँछ अर्को गर्दै ङ्याउ ।
उसकन झटपट झापड दिन्छ
दूध दही सब चाटी लिन्छ ॥

१२

तिमी जब हान्छौ धुरीमा चढ्छ
ताउ जुँगामा दिन्छ र लड्छ
मनमन मेरै घर हो भन्छ
तिमिकन सेवक सरि सम्झन्छ ॥

१३

यो सब रमिता जानी जानी
किन तिमी गर्छौ मुफत रिसानी ?
बस तिमी तेही आसन-माथि
मकन पियारो मानी साथी ॥

१४

तेत्ती आसन तिम्रो ठान
यो गुँड मेरो बिर्ता जान ।
अरु सब बाँकी सेरोफेरो
बैठक साजा तिम्रो मेरो ॥

१५

त्यो पनि थोरै दिनका लागि
आखिर जानै पर्दछ त्यागी ।
बटुवासरि छौँ सब तिमी हामी
अगुवा एकै अन्तरयामी ॥

१६

तिमिले खर्च्यौ रुपियाँ धेर

जानिरहेछु त्यो पनि हेर ।

तर रुपियाँको रूप विचार

सम्झ भयङ्कर त्यो तरवार ॥

१७

जुन रुपियाँले गर्दा आज

सब दुनियाँको मगज मिजाज ।

शुष्क गरायो, उसका लागि

किन तिमी बन्छौ दुच्छर दागी ??

१८

मानिस रुपियाँ जपि जपि मर्छन्

रुपियाँ छिन छिन डेरा सर्छन् ।

उपियाँको झैं सरुवा बानी

यिनको सम्झनुपर्दछ नानी !!

१९

जति जति रुपियाँ सञ्चय गर्छौ

उति उति तिमि सङ्कटमा पर्छौ ।

यो सब मनमा नहुँदा थाह

मुफत निकाल्यौ तेत्रो डाह ॥

२०

शिरमा सञ्चय रोग बलाई
      नभये-देखी आज मलाई ।
सुर-नगरीको सुर सम्झन्थ्यौ
      जन्म चराको पाऊँ भन्थ्यौ ॥

२१

ममता गरि जड मट्टी-माथी
      कति दिन भुल्छौ व्यर्थै माती ।
मानिस तिमि छौ, खोली छाती
      होउ चराको चेलो जाती ॥

२२

उन्नति तिम्रो आध्यात्मिक हो
      भवसागरको जुन नाविक हो ।
उसतिर देख्दा तिम्रो पीठ
      बहुत मलाई लाग्यो टीठ ॥

२३

भैतिक सम्पति अरब कमाऊ
      जल, थल, नभ सब टम्म जमाऊ ।
त्यसमा तिम्रो उन्नति छैन
      त्यो सब सपनाको हो चैन ॥

२४

बिन्ति छ नानी ! अझ पनि बिउँझ
यो चिडियाको बोली सम्झ ।
मस्त नीदमा यसरी गम्की
कति दिन गर्छौ लम्कीझम्की ??

२५

दीन दुखीमा करुणा राख
प्रेम-सुधारस भरशख चाख ।
होउ चराको चेलो आऊ
चेतन चोला सफल गराऊ ॥'

२६

यो सब धारो कर्ण-विवरमा
बहँदा-बहँदै अद्‌भूत सुरमा ।
बाहिर पानी बर्स्यो स्यार्र
गौँथलि बोल्यो चिरिबिरि-च्यार्र ॥

२७

देखि तिमीकन लायक पात्र
आज बनाएँ मैले छात्र ।
अब कति पारौँ घाँटी घ्यार्र
सबसित भन यो चिरिबिरि च्यार्र ॥

# विरहिणीका उपर सखीको प्रश्न

१

जुटाइ शिरमा लटा वदन-फुस्रो गरी
बसी विजन ठाममा नयन नासिकामा धरी ।
विचार कुन तत्त्वको गरदछ्यौ अ-केली बनी
सखी ! भन वियोगिनी हुन गयौ कि ? वा योगिनी ॥

२

शरीरभर बाहिरै झलकँदा नसा(शा)- जाल यो
विशेष-रुचि भङ्गको स(श) कल चित्तले देखियो ।
झुकीकन महेशको गरदछ्यौ पुकार पनि
सखी ! भन वियोगिनी हुन गयौ कि ? वा योगिनी ॥

३

घडी विकट भस्त्रिका[1] हुन्छ निःश्वासले

घडी अचल भै तिमी अडदछ्यौ सुखाऽऽभासले ।

विलक्षण छ वातको गति, बुझिन केही पनि

सखी ! भन वियोगिनी हुन गयौ कि ? वा योगिनी ॥

४

बगाइ पसिना घना खलखली, सही कम्पन

बलैसित उठाइछौ सब सहस्रपत्राऽऽसन[2]।

झिजो बहुत मान्दछौ अलिक बात चल्दा पनि

सखी ! भन वियोगिनी हुन गयौ कि ? वा योगिनी ॥

५

चढ्यो अब शनैः शनैः पवन कण्ठमा भन्दछ्यौ

विशालतम विश्व यो सकल शून्यझैं ठान्दछ्यौ ।

बसी फगत सुन्दछ्यौ विविध मञ्जु गुप्त[3] ध्वनि

सखी ! भन वियोगिनी हुन गयौ कि ? वा योगिनी ॥

---

१. खलाँती र प्राणायामको भेद ।

२. पत्राऽऽसनः कमलको पत्रको आसन र पद्माऽऽसन

३. गुप्तः गुप्ती मीठा कुरा र अनहित

६

जिऊ सब शुकी-शक्यो, पलक लाउँदीनौ रति
कुनै विषयमा पनि सुमुखि ! छैन भन्छ्यौ मति ।
असम्भव छ के अहो !! अब-लयै[४] हुनमा पनि
सखी ! भन वियोगिनी हुन गयौ कि ? वा योगिनी ॥

७

घडी तिमि लगाउँछ्यौ फगत दृष्टि नाडीतिर
घडी विविधचक्रको विषय-तर्फ दिन्छ्यौ सुर ।
विचारकन गर्दछ्यौ बहुत कुण्डलीको[५] पनि
सखी ! भन वियोगिनी हुन गयौ कि ? वा योगिनी ॥

८

घुमाई मनमा सदा प्रण-वलाइ[६] बेसरी
निरन्तर-र-त-रङ्गको[७] मधुर तान एकै घरी ।
मुनि-व्रत लिँदालिँदै शुकिशक्यो सबै जवानी
सखी ! भन वियोगिनी हुन गयौ कि ? वा योगिनी ॥

---

४. बालाशून्य हुनामा र लय हुनामा ।
५. जन्मपत्री र कुण्डलीशक्ति ।
६. प्रण-वलाइः प्रणको बलाई र ॐकार ।
७. कहिल्यै नसकिने विषयभोगको रङ्ग र लगातार आत्मसाक्षात्कारको धमीठोतरङ्गविषयक ।

९

चढ्यो चढनुसम्म यो अ-तनु-वेधको[८] वैभव

खडा छ पिंजडाविषे फगत हंस मात्रै **अब** ।

म देखदिन खेचरी[९] हुन बिलम्ब कत्ती पनि

सखी ! भन वियोगिनी हुन गयौ कि ? वा **योगिनी** ॥

१०

निरञ्जन,[१०] निरीह,[११] निर्मय,[१२] नितान्त,[१३] निर्लेप,[१४] यो

स्वरूपकन देखदा तन सशङ्क मेरो **भयो** ।

दया गर अलीकती, बुझिन मर्म कत्ती पनि

सखी ! भन वियोगिनी हुन गयौ कि ? वा **योगिनी** ॥

---

८. अ-तनु-वेधको: कामदेवको वाण वेध र महावेध

९. खेचरी: देहत्याग र मुद्रा

१०. निरञ्जन: केहीले पनि नरङ्गिने र गाजलशून्य ।

११. निरीह: इच्छा नभएको ।

१२. निर्मय: निडर

१३. नितान्त: ज्यादा वैलाएको र अत्यन्त ।

१४. चन्दनादि लेप नलाएको र पाप-पुण्यरहित

# प्रवासीलाई आमाको प्रत्युत्तर

१

हे बाबू ! पुतली भयौ र निशिको बत्ती निभाई गयौ
हुच्चीको डुरिमा पर्‍यौ, पर पुग्यौ, चिट्ठी धमीलो दियौ ।
यो सारा झुपडी छ धूमिल यता, तिम्रा पखेटा उता
खुस्केछन् पहिल्यै, दुवैतिर कठै ! कत्रो निरालम्बता ॥

२

त्यो मेरो वयका वसन्त ऋतुका जम्मा तीनओटा फुल
फक्रेका तिमि एक, भाइ बहिनी साना कली कोमल ।
सन्तापाऽऽनल सल्कि जीवन-लता शुक्तो छ रातो-दिन
यस्को आश्रयमा कली अब कठै ! के शक्दथे फक्रन ॥

३

उम्लेको छ उराठिलो घनघटा, भास्दैन क्यै सामुमा
भकानू मुटुमा छ, नैन-पुतली डुब्छन्, सदा आँसुमा ।
भेजूँ यो गतिमा म खर्च कसरी कस्को कहाँको झिकी ।
गर्दैछू दुइ साँझलाई अरुकै जाँतो, पनेरो, ढिकी ॥

४

प्यूँदै पानि तुरुन्त फर्क, मनको लाछीपना छाड़िद्यौ
त्यो कुल्लिगिरीलाई त्यै जमिनमा खाल्टो खनी गाडिद्यौ ।
त्यो अन्धोपन गैशक्यो, जब तिमी फर्की यहाँ आउला
देख्नेछौ अनि आफनै मुलुकमा धन्दा हजारौं खुला ॥

५

शिक्षा, स्वास्थ्य, विकास, खानि, बिजुली, बाटो, घरेलू कला
पैनी, पूल र बाँध, खेतिहरुका उद्योग लाखौं ठुला ।
खुल्दै छन् तिनले सबैतिर सदा तिम्रो ठुलो स्वागत
गर्नेछन्, अब रल्लिएर नबसे यै अर्ति दिन्छू म त ॥

६

बाबु ! हामि अजान कोटि जनको सौभाग्य रेखा बनी
झुल्केको छ सफा महेन्द्र-जुगको यो शीतल रोशनी ।
यस्को आदर गर्नुपर्छ सबले यै शान्तिको मूल हो
यस्को कोहि विरोध गर्दछ भने त्यस्को ठूलो भूल हो ॥

# प्रवासी बन्धुसित

१

बर्मा, सिक्किम, दार्जलिङ् र मलया, आसाम, सिङ्गापुर
कालिम्पोङ र देहरादुन तथा भूटान, भाक्सुतिर ।
बस्ने जो प्रिय बन्धु छन्, सकलको यै राष्ट्रभाषाप्रति
देख्दा प्रेम सदैव हर्ष मनमा उर्लन्छ मेरो अति ॥

२

अर्थोपार्जन, जीविका, इलम वा उद्योगको खोजनी
गर्दै, दूर विदेशमा नियतिले पुस्तौं गले तापनि ।
भाषा, भेष, नरेश, संस्कृति, कला जो जाति बिर्सन्न रे
उस्को राष्ट्रिय भावना हृदयको मेटेर मेटिन्न रे ॥

३

हे मेरा प्रिय बन्धु ! हाल तिमीले साहित्यका खातिर
जो लेख्यौ अनुरोधपत्र, उसको एकै छ यो उत्तर ।
मेरो हेर, उनाशि वर्ष वय भो त्यो शक्ति भागीशक्यो
के लेखूँ ? कसरी कठै ! कलमले विश्राम मागीशक्यो ॥

४

यस्तो हालत देहको छ, तर यो मेरो मयालू मन
लेख्ने लालच गर्छ बन्धुजनको सम्झी प्रवासीपन ।
यो मायामय पाशको वश परी जो लेखुँला त्यो कुरा
राखे है प्रिय बन्धुवर्ग ! मुटुमा सारांश सम्झी पुरा ॥

५

यी लम्बा हिमशैलका चहकिला अग्ला हजारौं चुली
यी छाँगा, छहरा यिनै नद, नदी मुस्कानको भाव ली ।
तिम्रै पूर्वजका कथामय मिठा गाथा सुसेल्छन् सब
स्वप्नामा पनि बन्धुवर्ग ! नभुले नेपालको गौरव ॥

# प्रवासी पुत्रको मार्मिक चिट्ठी

१

थुङ्गाबाट छुटी अचानक कुनै चर्को हुरीमा परी
सानू लाल गुलाफका कुसुमको पत्ती उडे झैं गरी ।
हुच्चीमा अरुको फसी बहकिँदै आएर ज्यादा पर
भोग्दै छु परदेशमा म जननी ! तड्पेर लाखौं पिर ॥

२

हुर्दुङ्गेपनमा परेर अघि नै खल्ती सबै रित्तियो
आँशूका भरमा कठै ! जठरको ज्वाला ननिभ्ने भयो ।
थाकें योग्य अनेक कामहरुको खोजी तलासी गरी
लाचारी-वश आखिरी शरण भो निर्लज्ज कुल्लीगिरी ॥

३

यै कुल्लीगिरीमा पनी हरघडी बाधा अनेकौं थरी
मैजस्ता हतभाग्य अन्धहरुका धक्का र धुक्की परी ।
यस्तो दुर्गतिमा परेर जननी ! शुक्ता पनी जीवन
तिम्रै पाद-सरोजका स्मरणले थामीरहेछू मन ॥

४

सङ्लो शीतल पानि शीतल हवा, धर्ती थियो शीतल
तिम्रो शीतल लालना हृदयको साथी सबै शीतल ।
तेस्तो शीतलता कठै ! अब कहाँ, खाली छ सन्तापको
ज्वाला मात्र, फुट्यो कि भाग्य ? अथवा घैला कुनै पापको ॥

५

जो पैले हिमशैलको तलतलै पाखा, पखेरा, वन
घुम्थें मस्त भएर, गीत सुरिला गाई सुसेलीकन ।
त्यो सम्झी मन कल्पँदो छ जननी ! घर्कन्छ छाती सब
यस्तो हालतमा कठै ! म कसरी फर्केर आऊँ अब ॥

६

कुल्ली-काम गरी अटूट पसिना मैले बगाएँ अति
दन्केको जठराग्निमा बनि-शके सम्पूर्ण ती आहुति ।
आँशूमा पनि खास आहुति हुने त्यस्तो भये तागत
फर्कन्थें उहिल्यै म रेलपथको गर्दै ठुलो स्वागत ॥

७

सुन्दै छू समचार यो म जननी ! "सर्वत्र नेपालमा
माहेन्द्री मधुर प्रभा दिनदिनै बढ्दै छ रे हालमा ।"
पाये खर्च तुरुन्त राजपथमा आयेर जुट्ने थियें
सच्चा राष्ट्रिय भावको जुनिभरी आनन्द लुट्ने थियें ॥

# सत्य सन्देश

१

बेला आयो शरद्‌को चमचम गरने चन्द्रिका हुन्छ राम्रो
मैलो हेमन्त निस्क्यो जब अनि कुइरो, शीत-सम्पात राम्रो ।
फुस्रो छारो तुषारो-सहित शिशिरको सिर्सिरे वायु राम्रो
वासन्ती कान्तिलाई मलय-पवन वा पुष्प-माधुर्य राम्रो ॥

२

चर्को ग्रीष्मर्तुमा त्यो खलखलि पसिना काढने घाम राम्रो
वर्षामा मेघमाला मलिन भल, हिलो, भेल, आहाल राम्रो ।
जो बेला जो व्यवस्था प्रकृति-नियमले प्राप्त भो, त्यै छ राम्रो
जो त्यो मान्दैन राम्रो समझ अबुझ हो त्यो त्यसैको नराम्रो ॥

# विवेक-वाटिकाको सानू फूल (क)

कोही विद्वान् कहन्छन्
ऋषि मुनितकले
ब्रह्म चिह्नु छ गाह्रो ।

माया-जञ्जाल जान्ने
विषयकन कुनै
ठान्दछन् उग्र गाह्रो ।

भन्छन् कोही महात्मा
पुरुष पुरुषको
भाग्य जान्नू छ गाह्रो ।

कोही रोएर भन्छन्
कुटिल मतलबी
मित्र चिह्नू छ गाह्रो ॥

# राष्ट्रभाषाको भविष्यउपर एक दृष्टि

१

राज्य-व्यवस्था-विधि वा विधान
रहन्छ जस्मा लिपि-लिख्यमान ।
बोलिन्छ चारैतिर जो विशेष
त्यै राष्ट्रभाषाकन मान्छ देश ॥

२

धेरै जनाले प्रिय मानिएको
जो राष्ट्रभाषा छ चलीरहेको ।
यस्मा छ जातीय महत्त्व हाम्रो
प्रचार यस्कै हुनुपर्छ राम्रो ॥

३

प्रचारका साथ शनैः सुधार
सुधारमा नैतिकता-विचार ।
विचारमा जागृति जग्मगाओस्
परन्तु उच्छृङ्खलता नआओस् ॥

४

यो फूर्तिलो बालक राष्ट्रभाषा
लिएर लाखौँथरि भित्र आशा ।
हर्दो छ प्यारा कविको मुहार
चाहन्छ तीखो कलमी विचार ॥

५

त्यो चाह-माथी समयाऽऽनुसार
शनैः शनैः पूर्ण गरी सुधार ।
साहित्यको सिर्जनमा नलागे
यो राष्ट्रभाषा रहँदैन आगे ॥

६

कैशोर यस्को छ उमेर खास
कमै छ माधुर्य-कला विलास ।
सुडोल छन् अङ्ग परन्तु साना
चाहन्छ यो पौष्टिक तत्त्व नाना ॥

७

शैथिल्य, भद्दापन दोष फाली
कुनै कडा बन्धनमा नहाली ।
यस्लाई पारौं परिपुष्ट राम्रो
कल्याण यस्मा छ अनन्त हाम्रो ॥

८

हिमालको स्वच्छ उपत्यकामा
    जो खेल्छ ठण्डा हिमको हवामा ।
त्यो राष्ट्रभाषा बलियो नहोला
    भन्ने जगत्मा कुन मूर्ख होला ??

९

यस्लाई हुर्काउनका निमित्त
    जो भानुभक्ताऽऽदि थिए प्रवृत्त ।
पवित्र तेही तिनको प्रयास
    प्रकाशमा आज खडा छ खास ॥

१०

विशुद्ध नैसर्गिकता नमारी
    नचाहिंदो नक्कल दूर सारी ।
त्यै रूप-रेखाहरुमा विशेष
    सौन्दर्य भर्दै गर भन्छ देश ॥

११

नवीन विच्छित्ति-विशेष-शाली
    पाश्चात्य क्यै रङ्गसमेत हाली ॥
यस्लाई सर्वोत्तम गर्नुपर्छ
    जस्बाट कर्णाऽमृत सर्र गर्छ ॥

१२

नेपालका सन्तति हामि कोटि
यै कामको खातिर एक चोटि ।
भयौं भने तत्पर एक-साथ
निस्कन्छ अर्कै जुगको प्रभात ॥

१३

मुक्ताऽऽवली झैं पदयोजना होस्
माधुर्य भित्री तहमा घना होस् ।
सुन्दा र भन्दा रसिलोपनाको
प्रकाश झल्कोस् कवि-कल्पनाको ॥

१४

भाषा छ यो कल्पलता-समान
साहित्य जो उज्ज्वल पुष्प जान ।
जो गर्छ त्यस्ले मतिको विकास
स्वर्गीय त्यै हो फुलको सुवास ॥

१५

यो कल्पवल्ली बिच कल्पनाको
प्रभावले पुष्प कुवासनाको ।
निस्क्यो भने त्यो पर गर्नुपर्छ
सुपुष्पको आदर गर्नुपर्छ ॥

# परशुरामको द्रोणाऽऽचार्यसँग उक्ति

*(सम्पूर्ण पृथ्वी ऋषिवर्गलाई दान दिएर त्यागी बनेका परशुरामका अगाडि धनको इच्छाले उपस्थित भएका द्रोणाचार्यलाई देखेर परशुराम भन्नुहुन्छ -)*

१

दानी छ राम भनि नाम सुनेर आयौ
हे विप्रवर्य ! तर केवल दुःख पायौ ।
मौका गयो, पछि भयौ, अब आज हाय !
तिम्रो गरूँ म कसरी धनले सहाय ??

२

सीदत्कुटुम्ब तिमि छौ, तिमिमाथि भारी
दारिद्र्यको पिर छ घोर अनर्थकारी ।
देखिन्छ साफ सब यो अनुहारबाट
देखेर हुन्छ तर के म फकीरबाट ॥

३

ऐश्वर्य बाहुबलले अघि जो कमाएँ

त्यो कश्यपाऽऽदि ऋषिलाई दिएर आएँ ।

विप्रेन्द्र ! एक दमडी पनि छैन पास

दारिद्र्यको गरिदिऊँ कसरी विनाश ??

४

अर्थी, अकिञ्चन, अनाथ तिमी-समान

सत्पात्रलाई दिन पाइनँ केहि दान ।

यै बातले बहुत आज चिरिन्छ छाती

दिग्दारिको लहर चल्दछ भाँतिभाँति ॥

५

सम्पत्तिमा मसित देशसिवाय छैन

तेसै बिदा यदि गरूँ मन मानदैन ।

शास्त्रास्त्रको बरु म दिन्छु समस्त शिक्षा

यै भो तिमीकन जनम्भरलाई भिक्षा ॥

# ईश-विनय

१

जय जगदीश्वर ! जय अविनाशी
        जय जय भगवन् ! करुणाराशि !
शक्ति छ प्रभुको अपरम्पार
        घुम्दछ जसमा सब संसार ॥

२

जलचर, थलचर, ग्रहगण, तारा
        सूर्यलगायत सुर, मुनि सारा ।
केवल प्रभुको करुणा पाई
        गरछन्, निजनिज कर्म रमाइ ॥

३

सुर, मुनिदेखि भुसुनासम्म
        प्रभु नै सबका घटमा टम्म ।
प्रभुका लेखा प्राणी मात्र
        पुत्र-बराबर करुणा-पात्र ॥

४

जल, थल, तेज, पवन, आकाश
हो सब प्रभुको इच्छाऽऽभास ।
यसमा केही छैन महत्ता
छिनमा गरछौ सकल बिपत्ता ॥

५

प्रभु नै सब सुख-सम्पत्ति-दाता
प्रभु नै सबको भाग्य-विधाता ।
प्रभु नै सबमा करुणाधारी
प्रभु नै सबको पालनकारी ॥

६

प्रभु नै उन्नति अवनति गरने
प्रभु नै सबकुछ हरने भरने ।
प्रभु नै दुनियाँ-भरको स्वामी
शरणाऽऽगत छौं प्रभुकै हामी ॥

७

बालक हामी शिर निहुराई
प्रभुका पदमा भक्ति लगाई ।
पढ्न तयारी छौं सब नाथ !
पार लगाए करुणा-साथ[१] ॥

---

१. यो कविता समितिको पहिलो किताबमा छापिएको छ ।

# राष्ट्रको जागृति

१

लङ्कामा अघि कुम्भकर्ण बलियो पूरा छ मैह्ना सुती
उठ्थ्यो रे मुटुमा कडा विषयको लाग्दा कुनै कुत्कुती ।
हाम्रो राष्ट्र त आज दुर्नियतिले निद्रा शये वर्षको
भोगी भर्खर ब्यूँझँदै छ मुखमा मुद्रा दिई हर्षको ॥

२

त्यो लङ्का प्रिय मान्दथ्यो सुनहरा, यो यै धरा शाङ्करी
चाहन्थ्यो जडवाद त्यो फगत, यो अध्यात्मको माधुरी ।
उसको राक्षसराज रावण थियो आराध्य लङ्केश्वर
यस्को राम र रामराज्य दुइमा श्रद्धा छ लोकोत्तर ॥

३

त्यो यौटा हँसिलो उपक्रम थियो टाढा छ त्यस्को कथा
यो हाम्रो प्रिय राष्ट्र भर्खर उठ्यो भोगी हजारौं व्यथा ।
यस्को शौर्य र धैर्य शक्ति गुणको राखी सदा सम्झना
गर्नै पर्दछ हामि कोटि जनले अभ्यर्थना, अर्चना ॥

४

त्यो जादू तरवारको लपलपे, त्यो तापसी मन्तर
लाग्दा लट्ठ भई हिमाल तकिया हामी अड्याई शिर ।
त्यो भैंमा चिरकाल मूर्छित सरी पल्टीरहेको थियो
डस्ता उत्कट कीटले रगतको धारा बहेको थियो ॥

५

त्यस्तो हालतमा पनी हृदयको भित्री मिही चेतना
अर्धोन्मीलित भावमा अलिअलि क्यै गर्दथ्यो चिन्तन ।
भित्रै केवल कल्पना कलमले तस्बीर लेख्दै थियो
मानू स्वप्न कुनै नवीन युगको प्रत्यक्ष देख्दै थियो ॥

६

देखेथ्यो जुन त्यो अपूर्व सपना उस्ले बिहानीपख
निद्राबाट उठेपछि सकल त्यो छर्लङ्ग भो सम्मुख ।
उस्को त्यो सुकिलो हिमाल तकिया सारा सुनौलो गरी
चौतर्फी उदयाऽऽद्रिका शिखरमा झल्क्यो उषा माधुरी ॥

७

मैला लोचनको र भित्र मनको नैराश्य अल्छीपना
पन्छाएर सबै उषा किरणले धोई, पखालिकन ।
तीखो दृष्टि घुमाउँदै जगतका हेर्दो छ चारैतिर
यो हाम्रो प्रिय राष्ट्र हामिहरुकै कल्याणका खातिर ॥

८

माहेन्द्री छवि हो कि ? कोटिजनको सौभाग्यको रोशनी
यद् वा गोरखनाथका हृदयको कारुण्य मन्दाकिनी ।
हो वा यै हिमशैल-निर्गत सुधा धारा जगज्जीवनी
जो भर्दो छ पलापला घरघरमै निर्माणको सन्सनी ॥

# कविताको खोजी

१

कविजी ! त्यो कविता कुन होला ?
जुन कविताको रसले हाम्रो जीवनको मैला धोला ।

२

हुन ता लडने भिडने शूरा कोटि उपर छौं नेपाली ।
किन्तु समझका सब कङ्गाली केवल अरुका हतगोला ।
कविजी_____

३

हामी कुनै पनि अन्धा छैनौं तर आँखाले देख्दैनौं ।
कसले कति कति लुछ्यो, उडायो, धार्नि बिसौली टुकुनी तोला ॥
कविजी_____

४

मुखको लाखन गुड्डी हाँक्छौं स्विजरल्यान्डको इज्जत ताक्छौं ।
फेन्सी चीजमा पैसा याँक्छौ, कसले चाट्यो महका पोला ?
कविजी_____

५

आय बिनाको व्ययको भरमार् नून तेलको हाहाकार ।
कसरी भर्ने हाय ! विधाता !! प्लेन सिनेमाहरुका झोला ॥

कविजी........

६

धसियेका छौं कुन दल्दलमा ? फसीरहेछौं कसका छलमा ?
कसको आँट पिसने कलमा ? पिसिँदै आयो चेतन चोला !

कविजी........

७

गरी भयङ्कर लूट-खसोट, जीवनको नै राखी होट ।
नपियेदेखि चिया चुरोट, इज्जतमा नै पर्छ खिचोल ॥

कविजी........

८

लोभी गुरुका लालची चेला, चतुर चमेरा नाच्ने वेला ।
हेर्दै यो सब झेलझमेला, मुसुमुसु हाँस्छन् पशुपति भोला ॥

कविजी........

# पाटीमा ढाक्रेको पसारो

१

त्यै ठेलम्ठेल घुर्चो, हडबड सब त्यै त्यै छ खैला र बैला
डोको, कुम्ला, झिटीको लटपट सब त्यै त्यै छ फोहोर-मैला ।
त्यै ताकाताक सेखी, सनक छ, सब त्यै वास बस्ने प्रयास
तेही चौका चुल्हाको खटपट, सबको त्यै अमिल्दो मिजास ॥

२

त्यै भित्र नेत्र चिम्ली तरह-तरहले घुर्र घुर्ने झमेला
तेही तेरो र मेरो तँ तँ र म म-मय भ्रान्तिले पूर्ण मेला ।
त्यै याताऽऽयात गर्ने पथ, उस पथमा त्यै सधैंको अँध्यारो
ढाक्रेको त्यै अँध्यारो पथ-बिचबिचको पाटिमा त्यो पसारो ॥

# सत्य सन्देश

मेरो जीवन पुष्पको जगतले पाओस् मिठो वासना
आओस् सौरभ विश्वको पनि ममा भन्ने भए चाहना ।
आफूमा तिमी दोष खोज गुणको गर्वीपना दूर होस्
अर्काको गुण खोज दोषहरुको चर्चा, चियो क्यै नहोस् ॥

## सत्य सन्देश

विद्याको वयको र बुद्धि, बलको, सौन्दर्यको, मानको,
प्रज्ञाको, कुल-जातिको, इलमको, ऐश्वर्यको, ज्ञानको ।
तातो ग्यास मनुष्यका मगजको सम्पूर्ण उत्री-दिए
पृथ्वीमा सब देवता घरघरै आएर खेल्ने थिए ।।

# पतित-पावनी गङ्गाजीको झाँकी

१

ठाडै कैलासदेखि  द्रुततर गतिले गड्गडाएर झर्दी
झर्दा श्री शङ्करैको  गल-गलित ठुलो सर्प झैं सल्ल पर्दी ।
लाखौं चट्टान चिर्दी, विकट गिरिशिला कन्दरा चूर्ण गर्दी
घुम्दै नाची दगुर्दी, श्रवण-विवरमा दिव्य सङ्गीत भर्दी ॥

२

आमा ! भन्दै झरेका सकल गिरिनदी काखमा टप्प धर्दी
छर्दी पीयुष जस्ता जलकण लहरी-हस्तले, मस्त पर्दी ।
कालो बर्दी-सरीको कलिमल मनको ध्वस्त पारेर हर्दी
गङ्गामा भुक्ति-मुक्ती  दुई दिदि-बहिनी नित्य खेल्छन् कपर्दी ॥

# धीर

१

चाहे लक्ष्मी वैरिन थालून् परबाट
चाहे स्वेच्छा माफिक भागून् घरबाट ।
बोझ हर्ष ग्लानि दुवैको पर सारी
कर्तव्यैमा हुन्छ बढेको धृतिधारी ॥

२

चाहे कोही नित्य बगाऊन् स्तुति-धारा
चाहे गाऊन् केवल निन्दाकन्न सारा ।
भित्री प्रज्ञा ज्योति दुवैमा नबिगारी
कर्तव्यैमा हुन्छ बढेको धृतिधारी ॥

३

शङ्का, सुर्ता, हर्ष, अमर्ष, स्तुति, निन्दा
लज्जा, त्रास, ग्लानि, विलासाऽऽदिन फन्दा ।
तोडी सारा निर्भय पारी मन भारी
कर्तव्यैमा हुन्छ बढेको धृतिधारी ॥

४

चाहे होऊन् मानिस आफूसित लट्ठ
चाहे छोडून् औसर पारी सब झट्ट ।
एकैनासे व्योम सरी भै अविकारी
कर्तव्यैमा डुब्दछ सच्चा धृतिधारी ॥

५

बाबू, आमा, पुत्र र पत्नीहरु आई
फालै हालून् पाउ समाई समझाई ।
सारालाई शान्त गराईकन टारी
कर्तव्यैमा बढ्छ अगाडि धृतिधारी ॥

६

कस्तै लागून् दुःसह सांसारिक शूल
कस्तै पापी दैव बनोस् त्यो प्रतिकूल ।
खाली एकै लक्ष्य लिई त्यो अधिकारी
कर्तव्यैमा हुन्छ डुबेको धृतिधारी ॥

७

चाहे देऊ दिव्य विलासी दरबार
चाहे घाँटी-माथि बसाऊ तरवार ।
श्रद्धा सुर्ता लिन्न कुनै निर्भय चारी
कर्तव्यैमा चल्छ सदा त्यो धृतिधारी ॥

८

छीः छीः छीः छीः थुक्क कहाँको हतभागी
आई लाग्यो जाः, पर जाः जाः, भनि जागी ।
घोक्रेछुत्ती लाउ तिमी, त्यो अविकारी
कर्तव्यैमा हुन्छ डुबेको धृतिधारी ॥

९

साहू आओस् खुब खुवाओस् गलहत्ती
भागून् पत्नी-पुत्र, निभोस् जीवन-बत्ती ।
आँसू थामी लक्ष्य निहारी अविकारी
कर्तव्यैमा डुब्दछ सच्चा धृतिधारी ॥

१०

हत्याराले जाल फिँजारी निहुँ पारी
मारी सारा द्रव्य उजारी घर बारी ।
राम्रै सत्यानाश गरोस् खेल बिगारी
कर्तव्यैमा हुन्छ डुबेको धृतिधारी ॥

११

रम्भा आई स्वर्ग चलोस् आज सवारी
प्यारा ! प्यारी नित्य म बन्छू भनि भारी ।
बिन्ती लाओस् तापनि सच्चा अविकारी
कर्तव्यैमा झुक्तछ विद्वान् धृतिधारी ॥

१२

मर्यादाको त्याग गरी सागर सात
उर्लून् छोप्दै पर्वतवर्ती रुख-पात ।
जस्तै हाहाकार उठोस् त्यो क्षयकारी
कर्तव्यैमा हुन्छ डुबेको धृतिधारी ॥

१३

पृथ्वी एकछत्त गराईकन सारा
झर्दै वर्षून् लाखन लम्बे जलधारा ।
त्यो वर्षाको भीति र चिन्ता पर सारी
कर्तव्यैमा हुन्छ डुबेको धृतिधारी ॥

१४

चाहे बाह्रौं वर्ष नवर्षोस् जल-वृष्टि
चाहे ज्वालारुप बनोस् यो सब सृष्टि ।
छाती साह्रो वज्र-बराबर पारी
कर्तव्यैमा हुन्छ डुबेको धृतिधारी ॥

१५

चाहे डाँवाडोल बनोस् त्यो ग्रहगोल
चाहे कालो काल बजाओस् लय-ढोल ।
चिन्ता सारा दुर्घटनाको पर सारी
कर्तव्यैमा हुन्छ डुबेको धृतिधारी ॥

१६

साक्षात् आफैं काल खडा भै शिरमाथि
लाखौं एकैचोटि लगाए पनि ताली ।
आत्मा वज्र-स्तम्भ समानै स्थिर पारी
कर्तव्यैमा हुन्छ डुबेको धृतिधारी ।।

१७

लागी लाखौं अद्भुत गोला गड्याम्म
लोटून् आफैंनेर करोडौं जन झ्याम्म ।
तत्कालैमा ती सब मुर्दा पर सारी
कर्तव्यैमा हुन्छ खडा त्यो धृतिधारी ।।

१८

बाह्रैओटा सूर्य कराल द्युतिधारी
निस्कून् एकैपल्ट जगत्को क्षयकारी ।
भित्री आत्मा तैपनि कत्ती नबिगारी
कर्तव्यैमा हुन्छ डुबेको धृतिधारी ।।

१९

चाहे पल्टोस् उच्च सुवर्णाऽऽचल सारा
चाहे उल्टोस् निश्चलमूर्ती ध्रुव तारा ।
आँखा खोली दुर्घटना त्यो ननिहारी
कर्तव्यैमा हुन्छ डुबेको धृतिधारी ।।

२०

ब्रह्माजी हे वत्स ! म दिन्छू वरदान
भन्दै आऊन् खूब बढाईकन मान ।
प्रज्ञालाई तैपनि लक्ष्य-स्थित पारी
कर्तव्यैमा हुन्छ डुबेको धृतिधारी ॥

## विवेक–वाटिकाको सानू फूल (ख)

होच्याई अरुलाई क्यै किसिमले आफू ठुलो भैकन
    बस्ने खायस पर्छ धेर दुनियाँ, जान्दैन सानू हुन ।
सानू भैकन विश्व-सेवन सदा गर्ने महापूरुष
    जन्मन्छन् बहुधा कमै, भुवनमा चम्कन्छ जस्को यश ॥

# कलमसित

१

कलम ! अघि तँलाई कष्ट कत्ती नमानी
प्रणयसँग लिएथैं भाग्यको चिह्न जानी ।
कुसुमसरी हलुङ्गो ठानि गर्ने पियार
हृदय-बिच खिचिन्थ्यो भक्ति-रेखा अपार ॥

२

अलिअलि गरि ताते हातमा नित्य खेल्थिस्
पिइकन मसि कालो पत्रमा त्यो उकेल्थिस् ।
जति किरिमिरि धर्का पर्दथे त्यो मसीका
कलम ! उति म देख्थैं स्वप्न लाखौं खुसीका ॥

३

उस बखत तँ भन्थिस् विश्वको कान्ति-धारा
यहि मलिन मसीमा पोखिदिन्छू म सारा ।
कलम ! म पनि मानी त्यै कुरामा पत्यार
अब कवि बनिहालें भन्दथैं बारबार ॥

४

गतिविधि फितलो त्यो, चञ्चले बालभाव
सब तृणसरि ठान्ने बादसाही स्वभाव ।
सरस चहक तेरो देखदा दङ्ग पर्थें
कलम ! तँकन छैटौं अङ्गुलीमा म दर्थें ॥

५

छुनुमुनु गरि मेरा अङ्गुलिभित्र खाली
अलिअलि कविताको रङ्ग-रेखा निकाली ।
कलम ! जति दगुर्थिस् पत्रमा वेगसाथ
उति मनमन भन्थें भाग्यमानी छ हात ॥

६

यसरि तँसित मेरो मस्कँदा प्रेम-पाश
कलम ! सकल अर्कै रङ्गको भो मिजास ।
रसमय कविताको निम्तिमा दौडधूप
वरपर तलमाथी गर्न थालें म खूप ॥

७

बिजुलि, वन, बगैंचा, मेघ, नक्षत्र, तारा
ग्रह, जलनिधि, हावा, पर्वत-श्रेणि सारा ।
मतिमय चलनीमा राखि चालेर सार
कलम ! तँकन दिन्थें प्रेम-पुष्पोपहार ॥

८

बिनिबिनि सब मेरा प्रेमका ती विचार
कलम ! तँ पनि उन्दै निर्मलाऽऽकार हार ।
सहृदय जनलाई दङ्ग पार्छु म भन्थिस्
निशिदिन ननिदाई घोटिँदैमा खिइन्थिस् ॥

९

खिइखिइकन ठाडै घोटिँदै चञ्चु तेरा
मगज सकल घुम्थ्यो चक्कराएर मेरा ।
न त अलिकति आफू केही विश्राम लिन्थिस्
कलम ! न त मलाई सुन्न साऽऽनन्द दिन्थिस् ॥

१०

पलपल मुख चोपी चप्प कालो मसीमा
कलम ! रगड खाँदै त्यो मसीको कसीमा ।
अणुमय अति सानू भैसकिस् नाम-शेष
किन अझ कवितामा चाह तेरो विशेष ??

११

कविकुलगूरु उस्ता व्यास, वाल्मीकि जस्ता
मुनिवरहरुको त्यो काव्यको दिव्य रस्ता ।
अब सब सपना भो घोटिने काम छैन
कलम ! नियति-रेखा क्यै गरी मेटिँदैन ।

*(यो कविता पहिला कविसम्मेलनमा पढिएको हो ।)*

# आश्चर्यचकित चातक

१

त्यै यो जीर्ण विहङ्ग पूर्ण तपसी,त्यै स्निग्ध निःश्वास छ
त्यै कौतूहल-पूर्ण चञ्चु पुटमा उल्लास वा प्यास छ ।
त्यै श्रद्धामय दृष्टिमा चटुलता,त्यै भावना पावनी
पत्ता छैन परन्तु हाय ! नभमा त्यो कृष्ण-कादम्बिनी ॥

२

तारा मात्र लिएर झल्ल कहिले झल्कन्छ नीहारिका
कैले केवल चाँदनी चहकिलो चेतश्चमत्कारिका ।
कैले सूर्य-मरीचिको प्रखरता, कैले तमो-विभ्रम
साह्रै अद्भुत वा विचित्र विधिको यो सृष्टिलीला-भ्रम ॥

# प्रभात

१

तरी तमः सागर त्यो तमाम
आँखा उघारीकन राम-राम ।
जप्दै सुबिस्तासित विश्व सारा
लाग्दै गयो जागृतिको किनारा ॥

२

काली मिहीं चादर दूर सारी
गुलाफ-रङ्गी महुडा उघारी ।
मुसुक्क हाँसी रसिली उषा यो
मुस्कान उस्को नभले समात्यो ॥

३

त्यै मोहिनी कान्तिमती उषाको
छाया परी कृष्णमुखी निशाको ।
व्यक्तित्व वा व्यापकता बिलायो
आलोकमा लोचन सल्बलायो ॥

४

पोतेर पूर्वी नभको किनारा

सिन्दूरझैं सुन्दर कान्ति-धारा ।

बिस्तार चारैतिर बढ्न थाल्यो

हिमाललाई पहिल्यै अँगाल्यो ॥

५

त्यो चाल पायो कुखुरा करायो

आकाशको नीरवता हरायो ।

संसारले जागृति-रङ्ग पायो

सर्वत्र अर्कै सुषमा उदायो ॥

६

त्यै कान्ति रातो पछिबाट सुस्त

बन्दै सुनौलो धरणी समस्त ।

कुनाकुनासम्म रँगाउँदै गो

आनन्दको स्रोत बगाउँदै गो ॥

७

प्रसन्नतासाथ चराचुरुङ्गी

सिकेर नानाथरि भावभङ्गी ।

उही उषाको मधुर प्रभाती

जगाउँदै छन् सब भाँतिभाँति ॥

८

जताततै उज्ज्वल कान्ति-धारा
जताततै जागृतिको पुकारा ।
सिरीसिरी चल्दछ मन्द वात
असाध्य राम्रो रसिलो प्रभात ॥

# कोपिलालाई आश्वासन

१

तँ कोपिला त्यो मुख बन्द तेरो
तँलाई देख्दा मन घुम्छ मेरो ।
ऐले छ त्यो संयमको अवस्था
जस्बाट मिल्नेछ पछी सुबिस्ता ॥

२

राखी कडा संयम धैर्य भित्र
साधिन्छ जो काम पछी पवित्र ।
त्यो हुन्छ लोकोत्तर शान्तिवर्षी
जो गर्दथे सिद्ध ठुला महर्षि ॥

३

तेरो पनी हालत त्यै छ आज
देख्दै छ त्यो हालत यो समाज ।
वसन्त पर्खी, तँ न हो निराश
निराशतामा छ ठुलो विनाश ।

४

सौन्दर्य शोभा मृदुता सुवास
गर्दै छ तेरो सब गुप्त-वास ।
अवश्य त्यस्तो दिन आउनेछ
जो त्यो सबै बाहिर ल्याउनेछ ।

५

समाधिमा मग्न कुनै महात्मा-
समान तेरो अहिले छ आत्मा ।
आए पछी उज्ज्वल सिद्धिवेला
त्यस्मा नहोला कुन भक्त भेला ॥

६

ए कोपिला ! कोकिल-गानसाथ
सञ्जीवनीतुल्य वसन्त-वात ।
भन्छु म चाँडो अब सन्सनाओस्
मुस्कान तेरो मुखमा उदाओस् ॥

७

मुहार तेरो ढकमक्क सारा
पर्खेर बग्दा मकरन्द-धारा ।
संसार सौन्दर्य-सुवास-वश्य
झुक्नेछ तेरा पदमा अवश्य ॥

८

परागमा लट्पटिँदै सुनौला
बनेर अभ्यागत भृङ्ग नौला ।
झुल्दा र बोल्दा मकरन्दमाथि
हुनेछ आनन्द-विभोर छाती ॥

९

के देवता के सरताज राजा
के भीखमङ्गा सबको तँ साजा ।
सुवास लिन्छन् सबले समान
कस्ले नगर्ला गुणकीर्ति-गान ॥

१०

संसारमा आज कुनै विशेष
परोपकारी प्रिय वस्तु शेष ।
भेटिन्छ वा मिल्छ भने तँ भिन्न
अर्को कसैको पनि नाम लिन्न ॥

# वयोवृद्ध कोइलीको बिलौना

१

उज्यालो त्यै अग्लो हिमचुलि छ त्यै नील गगन
तिनै खोला नाला, रुखहरु तिनै त्यै छ पवन ।
म त्यै छू, त्यै प्यारो खग जुनि छ, त्यै चञ्चुपुट यो
कठै ! त्यो आनन्दी मधुर वय मेरो सब गयो ॥

२

जवानीको चढ्दो अति चहकिलो रङ्ग रसमा
म देख्थें नाचेको सकल वनमा स्वर्ग-सुषमा ।
गलामा घन्केको कहुँ कुहुँ, कुहुँ-कौतुक थियो
कठै ! त्यो आनन्दी मधुर वय मेरो सब गयो ॥

३

जुनेली वासन्ती सरस निशिको अन्त्य पहर
जसै देख्थें लाग्थ्यो हृदयबिच अत्यन्त रहर ।
चुचो खोल्थें बोल्थें, मनमन सबै गद्‌गद थियो
कठै ! त्यो आनन्दी मधुर वय मेरो सब गयो ॥

४

पखेटा छन् लाटा, चटुल गतिको गौरव छुट्यो
चनाखा आँखामा किनकिन धमीलोपन जुट्यो ।
खलातीझैं छाती, तन सब जरा-जर्जर भयो ।
कठै ! त्यो आनन्दी मधुर वय मेरो सब गयो ॥

५

दिशा त्यो माहेन्द्री, उदय गिरिमा त्यो सुनहरी-
उषाका उठ्दै छन् अति मृदुल आलोक-लहरी ।
म बोलूँ भन्दै छु, तर सब गला घर्घर छ यो
कठै ! त्यो आनन्दी मधुर वय मेरो सब गयो ॥

# कविको उन्निद्रता

१

नीलाऽऽकाशै विशद चँदुवा, तारका छन् सितारा
शय्या पृथ्वी, अतुल तकिया शैलमाला छ सार ।
लेटिन् उस्मा प्रकृति तमको च्यादरु सर्र तानी
अर्कौ निस्क्यो मलिनवदना यामिनीको कहानी ॥

२

शब्दग्राही श्रवण कुँजियो, खुम्चियो स्पर्शशक्ति
स्वाँफ्वाँ मात्रै जिनतिन रह्यो घ्राणमा प्राणभक्ति ।
लोटीलोटी चपल रसना, दृष्टि अर्कै किनारा
लाग्यो, दैवी चटक-सुखमा मुग्ध भो विश्व सारा ॥

३

देख्ने सुन्ने विषय लय भो, शून्यता सर्सरायो
तेरो मेरो तँ तँ र म म-को ग्याँस पीरो हरायो ।
निद्राद्वारा घननन बज्यो मोह-वंशी विचित्र
जस्ले अर्कै विकसित गऱ्यो स्वप्न-संसार-चित्र ॥

४

त्यै स्वप्नामा सकल दुनियाँ मस्त भै खेल्न लाग्यो
यो संसारी विषयतिरको सम्झना दूर भाग्यो ।
देख्दा त्यस्तो शयन-सुख वा त्यो श्रमच्छेद-लीला
हुन्छन् मेरो किनकिन कठै ! नेत्र दोटै धमीला ॥

५

तृष्णा मेरो पनि छ त्यसमा, नित्य भन्छू निदाऊँ
निद्रालाई तर अब कहाँ देख्न वा भेट्न पाऊँ ?
प्यारी ! निद्रा ! किन पर गयौ ? विन्ति मेरो छ आऊ
भन्दाभन्दै विकल मुटुको उग्र चस्कन्छ घाऊ ॥

६

चिम्लूँ भन्छू नयन, सहसा जोरिंदैनन् परेला
जोरी-हालें जिनतिन भने पर्छ अर्कै झमेला ।
नानी भन्छन् किन मुफतमा गर्दछौ द्वार बन्द
आँसू भन्छन् तलतल झरी बग्न द्यौ मन्द मन्द ॥

७

उठ्छू, बस्छू, उस मधुरिमातर्फ उम्लन्छ आशा
जस्ले मेरो अलि दिन बसेथ्यो मुटू-भित्र वास ।
त्यस्तो प्यारो मधुर मुहुनीदार त्यो कान्तिधारा
खोज्दाखोज्दै सब दश दिशा देख्न थालें अँध्यारा ॥

८

कालो देख्छू सकल धरणी, शैलमाला छ कालो
कालो हावा जलधिजलको रङ्ग झन् उग्र कालो ।
खोला, नाला, वन, उपवन-श्रेणि सम्पूर्ण कालो
कालैकालो सकल दुनियाँ, त्यो प्रभा खै उज्यालो ??

९

हर्दम् भन्छन् मनसित रुँदै प्राण "खै त्यो कहाँ छ ?"
रुञ्चे प्राणैसित मन रुँदै भन्छ "खै त्यो कहाँ छ ?"
वाणी भन्छे तिनिहरु दुवै-सङ्ग "खै त्यो कहाँ छ ?"
भन्छू आफैं म पनि सब ती-सङ्ग "खै त्यो कहाँ छ ?"

१०

यस्तो भित्री हृदय-दहमा प्रश्नको आँधि चल्दा
ढल्दा धैर्य-द्रुम, मगजको धारणाशक्ति गल्दा ।
आशाचाहीं नयन युगका ज्योतिको तार-भित्र
घुस्री सारा घन तिमिरमा दौड गर्छे विचित्र ॥

११

जाँची सारा पवन, पृथिवी, सिन्धुका बिन्दु जाँची
जाँची विद्युज्जलद, नभमा खोजका साथ नाची ।
फर्केका यी थकित बिचरा डब्डबाऽऽकार नानी
धुन्छन् खाली गरम जलले जीर्ण शय्या, सिह्रानी ॥

१२

चिन्ता चर्को, छटपटि कडा, धड्‌धडाऽऽकार छाती
सुस्केराको वदन बहुधा फुक्छ तातो खलाँती ।
रुक्खा खस्रा अधर-पुटमा टप्प कालो कलैंटी
दल्दामल्दा पनि जुन कठै !! दाग मेटिन्न मेटी ॥

१३

बिर्सूँ भन्छू म सब, तर त्यै सम्झना झस्सझस्स
आई गड्‌दा मृदुल मुटु ता भित्र चस्कन्छ चस्स ।
त्यस्ले पार्दा सकल खुकुला पेच पुर्जा कमानी
चल्ला खल्लो कति दिन कठै !! जीर्ण यो जिन्दगानी ॥

१४

बिर्सी जम्बै विषयतिरको दौड युद्धा झमेला
आरामीको अनुभव लिने यो उही शान्त बेला ।
ऐले अर्कै प्रलय-विधिको आखिर लग्नजस्तै
बन्दै आयो विकल मुटुको रक्त वा शक्ति चुस्तै ॥

१५

भन्दा होलान् अरु अब सुती राह अत्यन्त छोटो
मेरो निम्ति तर कठिन त्यो दीर्घ दुर्लङ्घ्य खोटो ।
घण्टाघण्टा उपर दिलमा कल्पको कल्पना छ
झस्को-चस्कोसहित जसमा दर्द वा वेदना छ ॥

१६

बाली वैश्वानर विरहको छट्पटीको कह्राई
राखी उस्का उपर, घिउझैं चित्त यो कट्कटाई ।
कस्का निम्ती किन छिनछिनै कल्पनाका बतासा
हाल्छे झिक्छे मलिनवदना एकली यो दुराशा ??

१७

सम्झीसम्झीकन जुन महामञ्जु आलोक सत्ता
कल्पेको छू पलपल कठै ! त्यो छ सारा बिपत्ता ।
उल्टो काला रजनिचरका पर्दछन् मूर्ति देखा
कस्तो कालो नियति-गतिको खेल वा कर्मरेखा ??

१८

कैले छाया घन-तिमिरमा भूतका भाँतिभाँति
कैले भोको विकट नर-कङ्कालको चल्छ ताँती ।
कैले ऐंठी तन मन सबै अक्कडिन्छन् पिचाश
कैले चर्को श्रवण-पुटमा प्रेतको अट्टहास ॥

१९

देख्दा त्यस्ता रजनिचरका लास्य-लीला अनेक
काँप्छन् सारा अवयव कठै ! भाग्छ टाढा विवेक ।
शङ्का-सुर्तासहित भयको उग्र तूफान चल्छ
जस्तै मेरो पलपल सबै जीवनी-शक्ति गल्छ ॥

२०

कस्ले मेरो मगज यसरी गिल्गिल्याई निचो-यो ?
कस्ले निद्राजनित सुखको शान्ति-सर्वस्व चो-यो ?
भन्ने चिन्ता लिइकन जती गम्दछू बारबार
उत्ती देख्छु सकल धमिलो जिन्दगी नै उजार ॥

२१

कैलेकाहीं तिमिरपटमा जुन्किरी तान्छ धर्को
धर्को देख्दा क्षणिक, मनमा वासना जाग्छ चर्को ।
लिन्छू, कापी, कलम कलना-तन्तुको तान बुन्छु
बुन्दाबुन्दै किनकिन उठी गुन्गुनाएर रुन्छु ॥

२२

आँसू बग्छन् चटचट गरी तानमा तन्तु टुट्छन्
आतस्बाजी विविध मुटुमा पट्पटाएर फुट्छन् ।
झिल्का झल्के झललल कठै !! अन्त्यमा फुस्स सारा
कस्को कस्को ?श्रवणपुटमा घुम्छ अर्कै पुकार ॥

२३

लाखौंलाखौं ध्वनिकण घना शून्यमा सर्र उड्छन्
उड्दा उड्दै तम-जलधिमा गै-ह चुर्लुम्म बुड्छन् ।
पक्रूँ भन्छू म सब तिनको तथ्य वा सत्य सार
अत्तोपत्तो नमिलि बिचमा लोट्छ लाटो विचार ॥

२४

फेला पार्ने कठिन त्यसमा सत्यको ज्योति कहीं
    हाँगा हाली लहलह खडा झुटको धूम चाहिं ।
सारा तारा ग्रह पिलिपिली त्यै धुवाँमा निमग्न
    खाली काली जडप्रकृतिको जाड्यलीला छ नग्न ॥

२५

ऐले मेरो श्रुति-विवरमा घुम्छ जो शब्दजाल
    जोजो देख्छन् नयन अनिदा दृश्य कालो कराल ।
त्यस्मा खाली जटिल धमिलो जाड्य जादूगरी छ
    यद् वा कालो नियति-गतिको वञ्चना आसुरी छ ॥

२६

कैले देख्छू, जलधि-जलमा विश्व सारा डुबेको
    कैले जल्दै अति जहरिलो धूममा त्यो उडेको ।
कैले ईर्ष्या-कलुषित कडा दानवी लम्किझम्की
    कैले फोस्रा फगत मुखमा गर्जना, धाक, धम्की ॥

२७

कैले देख्छू विलय-विधिको आपसी तम्तयारी
    कैले यारी कुटिल कपटी शान्तिको भ्रान्तिधारी ।
यस्तो क्या हो ? किन मगजमा उग्र उद्भ्रान्त भाव
    गायो ? जस्ले सकल बदल्यो आज मेरो स्वभाव ॥

२८

निद्रालाई अलि छिन अघी ठान्दथें शान्तिकुञ्ज
ऐले पल्ट्यो समझ, अब त्यै देख्दछु दुःख-पुञ्ज ।
डुब्नाले नै सकल दुनियाँ नींदको मूढतामा
नाच्छन् हाँस्छन् निशिचरहरु लाम लागेर लामा ॥

२९

जागा होस् ता सकल जनता, चूप के लाग्न सक्थ्यो ?
आगो फुक्थ्यो पथ कुपथमा बत्ति बालेर ढुक्थ्यो ।
हुन्थ्यो चारैतिर अलिकति रङ्ग अर्कै उज्यालो
के निस्कन्थ्यो यसरि ननिको दानवी नृत्य कालो ??

३०

यो संसारी नियम सुखको जाग्रतैमा रहन्छ
निद्रामा त्यो स्मरण नहुँदा भ्रान्तिमा नै बहन्छ ।
बाली भुल्का बिहग[१] बिचरो यै कुराको चिराक
यामैपिच्छे उठिकन सदा भन्छ त्यो जागजाग ॥

३१

निद्रा हाम्रो अधम रिपु हो, भूत बेताल डाक्छ
निद्राले नै सब हृदयको चेतना-शक्ति ढाक्छ ।
निद्रामा नै घर ढुकुटिमा चोर चालाक घुस्छन्
निद्रामा नै उडुस उपियाँ रक्त निःशङ्क चुस्छन् ॥

---

१. लाटोकोसेरो

३२

भन्छन पैले नियति गतिले नींदमा विष्णु पर्दा

ब्रह्मालाई दनुज दुइले घातको यत्न गर्दा ।

ब्रह्माजीले स्मृति-वचनले नींद त्यो दूर सारे

ब्यूँझे विष्णु, भ्रम पर हट्यो, ती दुवै दैत्य मारे ॥

३३

त्यो बेलाको अगम हरिको योग-निद्रा त त्यस्तो

होला हामी अबुझ नरको मोहको नींद कस्तो ?

निद्राले नै सब तलतलै लोक यो भासिंदो छ

सत्ता-पत्ता सकल सुखको शान्तिको नासिँदो छ ॥

३४

निद्राभन्दा शत-शतगुना बेस उन्निद्रता छ

देखैं यस्मा सहज हँसिलो भावको भद्रता छ ।

निद्रा भागोस् परपर, बनोस् विश्व उन्निद्र सारा

उन्निद्रा भै थरिथरि छरोस् लेखनी लेख-धारा ॥

# म मधेशमा

१

प्रभाव गङ्गातटको विशेष
हेरेर आएँ म फिरी मधेश ।
बस्नै पऱ्यो क्यै दिन झोपडीमा
फसेर दैवी गतिको कडीमा ॥

२

उराठिलो धूसर चैत्र मास
धुलैधुलाका सबतर्फ राश ।
गर्मी बढेको छ, हवा छ तातो
निस्क्यो भने बाहिर उड्छ सातो ।

३

मध्याह्न-वेला छ पला-पलामा
चुहुन्छ खाली पसिना थलामा ।
पल्टी तताएँ भरिशक्य खाट
भएन निद्रासित भेटघाट ॥

४

उठ्दै र बस्तै फिर लोटपोट
गरी सुकाई मुख, कण्ठ, ओठ ।
यताउती नेत्र दुवै घुमाएँ
घुमाउँदा अद्भुत दृश्य पाएँ ॥

५

होचो अली दक्षिणतर्फ कुप्रो
थोत्रो, अँध्यारो खरको छ झुप्रो ।
छ्याङ्छ्याङ्ति सारा छितरो छ छानु
चौतर्फि च्याई नभ हाँस्छ मानू ॥

६

पानी न रोकिन्छ, न छेक्छ घाम
न गर्छ त्यो शीत-निरोध काम ।
आँधी-हुरीको न त रोकथाम
छ नाम मात्रै घर त्यो तमाम ॥

७

कुचुक्क भै चाउरि झोल्लिएको
रस्ता नराम्रो लयको लिएको ।
ढल्दो कुनै जर्जर जीवसङ्ग
दाँजेर हेर्दा सब ठिक्क रङ्ग ॥

८

गली-सकेको लडिया बिकम्बा

भ्याल्सी कुहेका धमिरालु खम्बा ।

कोरा थुनी गिर्न सबै तयार

जता दियो दृष्टि उतै उजार ॥

९

टाटी डिसिप्लेन सबै टुटेको

कुराज्य जस्तै बहुधा फुटेको ।

जस्बाट लोप्राहरु पट्टपट्ट

गिर्छन टुटी दन्तसरी बिछट्ट ।

१०

काठे-किरा 'कट्कट' शब्दकारी

काठैपिछे छिद्र अनन्त पारी ।

वर्षाउँछन् धूसर धूलि-धारा

दुर्दर्श लीला लयको छ सारा ।

११

सारौं, परेवा र चिभे, भँगेरा-

काकाऽऽदि चोट्टा चिडिया घनेरा ।

त्यै जीर्ण छानु उधिनी उजारी

बोक्छन् चुचाले खर चट्ट धारी ॥

१२

साटी टुटेका, रसकी टुटेका

सहस्र धारा जलका छुटेका ।

मानू सबै धार्मिक-भावहीन

समाज झैं छिन्न र भिन्न दीन ॥

१३

घुरान फोहोर लिएर नासो

मोटो र गन्दा बिचरो करासो ।

जम्मा झिंगा लाखन भन्नभन्न

भन्की-रहन्छन् सब हाल भन्न ॥

१४

लर्की-रहेको खर, झार, पात,

धूलो, धुवाँसो जसमा छ खात ।

हावा चलेमा सब नाच्न थाल्छन्

नाची नयाँ कौतुकिता निकाल्छन् ॥

१५

चल्यो जहाँ बाहिर हर्र हावा

वहाँ धुलाको घरभित्र धावा ।

छोपेर आँखा, मुख, नाक, कान

घुमी घुमी गर्दछ नाच-गान ॥

१६

थरीथरी कीट-पतङ्ग-जाति
गर्दै तमासा हर एक-भाँति ।
खेली-रहेका उस झोपडीमा
देखें सबै अद्भुत त्यै घडीमा ॥

१७

कतै त सिन्के सुनबारुलाका
पोला उभिन्डा नमुना कलाका ।
कतै अरिङ्गाल कतै छ मौरी
कतै घुमेको छ किरो मदौरी ॥

१८

'टटट्-टटट्' शब्द गरेर भारी
कतै ठूला माउसुली शिकारी ।
कोखा फुलाएर शिकारलाई
घुमी-रहेका सब सुल्सुलाई ॥

१९

कुनै कुनातर्फ कुमालकोटी
कीरो घुसाई गुँडमा चिमोटी ।
देखाई विद्याबल त्यो अनल्प
शनैः शनैः गर्दछ कायकल्प ॥

२०

जालो कतै टम्म छ माकुराको
बनावटी जाल सरी कुराको ।
फसेर जस्मा बिचरा अजान
दिन्छन् शिकारी शठलाई ज्यान ॥

२१

कतै तिखा दन्त धसी खनेका
आदर्श चौर्य-श्रमको बनेका ।
टेढा र बाङ्गा गहिरा सुरुङ्ग
देखी मुसाको दिल हुन्छ दङ्ग ॥

२२

कतै छरीता कमिला शिकारी
कुनै कुनाबाट शिकार मारी ।
घिच्याउँछन् लाखन लागि ताँती
मिलाई मेलो, मन, माग, छाती ॥

२३

कतै त काठे भुमरो कराल
काठे-किराको गहिर पुवाल ।
खोस्रन्छ बर्बर्ति धुलो खसाल्छ
कीरा चपाईकन पेट पाल्छ ॥

२४

कतै फटयाङ्ग्राहरूको छ धर्ना

फिटिक्फिटिक् फिट्ट कतै किथर्नां ।

कतै कुनै कीट-शिकार तारो

ताकी जमेको चतुरो क्षपारो ॥

२५

कतै त घोरै ढिकिच्याउँ चल्छ

कतै विषालू खजुरो टहल्छ ।

कतै करोडौं धमिरा घुसेका

कतै किराले पुतली चुसेका ॥

२६

देखें सबै कीट-पतङ्गभित्र

मनुष्यकै तुल्य असच्चरित्र ।

बलिष्ठले निर्बल टप्पटप्प

पक्री निलेको सब कप्पकप्प ॥

२७

देखेर त्यो प्राकृत शक्तिवाद

यै बातको भो सहसैव याद ।

रहेछ सच्चा न त पुंजीवाद

न उच्च सैद्धान्तिक साम्यवाद ॥

# नेपाल र नेपाली

१

उत्तर हिमगिरि मुकुट समान
दक्षिण सीमा हिन्दुस्थान ।
पूर्व र पश्चिम मेची काली
नदी बगेको सीमा पाली ॥

२

यस चौखुटको भित्र विशाल
देश छ हाम्रो प्रिय नेपाल ।
बल, साहसमा जसको नाम
लिन्छ खुशीले विश्व तमाम ॥

३

डाँडा, चुचुरा, खोँच, पखेरा,
टार तराई-प्रभृति घनेरा ।
अङ्गभङ्ग छन् यसका राम्रा
जीवन-पोषक आश्रय हाम्रा ॥

४

सर्प बराबर कुटिलाऽऽकार
　　विविध नदीका उज्ज्वल हार ।
देख्दा यसको वक्षस्थलमा
　　खुशिको नचरी लाग्दछ दिलमा ॥

५

पर्वत-माला पत्रै पत्र
　　परी जमेका प्रबल पवित्र ।
हिमगिरि-तटको देश छ हाम्रो
　　सबको प्यारो सबको राम्रो ॥

६

शीतल हिमको स्वच्छ निथार
　　बग्दा लिइकन लाखन धार ।
जो जति छाँगा, छहरा पर्छन्
　　तिनले अद्‌भुत सुषमा भर्छन् ॥

७

खहरे, खोल्चा, डन्डुर छहरा
　　काला चुचुरे लेक र पहरा ।
प्रकृति-विनिर्मित शिल्प अनेक
　　देख्दा दिलमा लाग्छ उदेक ॥

८

उज्ज्वल लम्बा हिमको काँठो

बहुधा बादल हिंड्ने बाटो ।

त्यस बाटाको तल्लो भेक

विकट भोट वा ठन्डा लेक ॥

९

असी वर्षतक पूर्ण जवानी

कायम राख्ने हावा पानी ।

तर त्यो खपने बिरलै हुन्छन्

जुन लेकाली खास भनिन्छन् ॥

१०

हिमका अद्‌भुत बुटी निकाली

च्याङ्ग्रा भेडा चम्री पाली ।

जीवन-यापन गर्ने क्रम छ

खेती-पाती बहुतै कम छ ॥

११

न सभ्यताको कृत्रिम छाप

न ठगी, झगडा चुक्ली-पाप ।

हट्टा-कट्टा भोला-भाला

सबको जीवन-पन्थ निराला ॥

१२

हिमको वनमा शुद्ध पवनमा
    सानू गद्‌गद भैकन मनमा ।
प्रकृति निरन्तर चहचह गर्छे
    कृत्रिम जुगतिर आँखा तर्छे ॥

१३

शिरको शोभा त्यसमा बेस
    मृदुल पैतला-तुल्य मधेश ।
मेरुदण्ड झैं बिचको खण्ड
    दिन्छ दुवैतिर जोड अखण्ड ॥

१४

अहिल्यै हिमगिरिबाट छुटेका
    खण्डखण्ड भै टम्म जुटेका ।
उपपर्वतमा जीवन धारी
    लाखन झुप्रे गाम तयारी ॥

१५

तिनमा रहने धेरै जाति
    किन्तु काममा एकै छाती ।
धान, मकै, जौ, गहुँ, भटमास-
    प्राकृत सबको खेती खास ॥

१६

कतै घना वन, बाँझो, पर्ती
    कतै अबादी रसिलो धर्ती ।
कतै उज्याला जलका माला
    कलकल खलखल खोलानाला ॥

१७

वारी पारी गर्नुपर्दा
    विकट नदी वा खोला तर्दा ।
साना फड्के, साँघू डुङ्गा
    कतै तुइन अद्‌भुत झोलुङ्गा ॥

१८

तलतल बेसी, माथी गाम
    पाठ परेको बस्ने ठाम ।
किसिमकिसिमका स्वाँरा बारी
    ठामठाममा गोठ तयारी ॥

१९

नागबेलिया धर्का जस्ता
    गामगाममा पस्ने रस्ता ।
थोरै तेर्छा धेरै गाढा
    वरपर घरघर बाच्छा पाडा ॥

२०

खेती-पाती, डोको-नाम्लो
गाई-भैंसी कुम्लो-काम्लो ।
भेडा-बाख्रा भन्दै सारा
बग्छ निरन्तर जीवन-धारा ॥

२१

पसिना काढी साँझ सबेर
जिनतिन गुजरा गर्ने धेर ।
जाति अनेकौं यहाँ रहन्छन्
भाग्यवादमा प्रायः बहन्छन् ॥

२२

बिच-पर्वतको यो सब चाला
अझ तलतिरको रङ्ग निराला ।
लम्बा सानू चुरिया डाँडो
साथै अद्भुत जङ्गल ठाडो ॥

२३

यसमा कम छन् बस्ती बास
मलेरियाको यो छ निवास ।
दक्षिणपट्टी धान्याऽऽगार
सम्म तराईखण्ड अपार ॥

२४

यो छ मटीलो भाग मधेश
    यसमा उबजा हुन्छ विशेष ।
राष्ट्रकोषको पोषण पूर्ति
    गर्छ सदा यो मङ्गल मूर्ति ॥

२५

ग्रीष्मकालको गरमी बढ्दा
    नील गगनमा मेघ नचढ्दा ।
रोम कूपका खोली द्वार
    सलसल बग्छन मुक्ताहार ॥

२६

सब देहाती चातक बन्छन्
    कुन यो तातो पातक ! भन्छन् ।
तर वर्षाको शीतल आशा
    पलपल दिलमा दिन्छ दिलासा ॥

२७

यसमा पनि छन् धेरै जाति
    भेष र भाषा सब देहाती ।
न त त्यो हिन्दी न त नेपाली
    सकल गँवैया बोली-चाली ॥

२८

शिरमा गौछा कटिमा धोती
थोरै श्रममा धेरै मोती ॥
देहातीको जीवन-सार
असली जो छन् उनकै हार ॥

२९

साँघु, डुङ्गा, रास्ता पक्की
बाँध पैनको नयाँ तरक्की ।
क्यै नहुनाले सब देहाती
बखतबखतमा पिट्छन् छाती ॥

३०

यसमा केही काल अगाडि
थियो भयङ्कर जङ्गल झाडी ।
बढ्दै आयो पछि आबादी
वन दिन थाल्यो मृत्यु-समाधि ॥

३१

चौबर बढ्दा कृषिको भन्दा
लकडी बिक्री गर्ने धन्दा ।
वनमा ज्यादा घुमे कुठार
नाम मात्र भो कृषि-विस्तार ॥

३२

तृष्णा अन्धो, लाल्चा धमिलो
लोभ छ मुटुमा चिलने कमिलो ।
जसले हाम्रो वन-धन जम्बा
पहिल्यै ज्यादा गऱ्यो बिकम्बा ॥

३३

तीन किसिमको हावा-पानी
तीन किसिमको आनी-बानी
तीन किसिमको शक्ति-विचार
राष्ट्र छ तरु एक अपार ॥

३४

यो हो हाम्रो प्रिय नेपाल
प्रमुख पहाडी राष्ट्र विशाल ।
यसमा रहने भुजबल-शाली
वास्तव हामी सब नेपाली ॥

३५

जन्म जहाँको जाति वहाँको
वास जहाँको भास वहाँको ।
ठाम मात्रको भेद छ खालि
राष्ट्र-दृष्टिमा सब नेपाली ॥

३६

खोच, घाँच, वा टार, कछाड,
थूम, तराई, लेक पहाड ।
सबतिर रहने भुजबल-शाली
वीर लडाकू सब नेपाली ॥

३७

म छु मधेसे तिनि लेकाली
तिमि छौ जुम्ली, उनी पाल्पाली ।
प्रान्त-विनिर्मित भेद निकाली
हेर्दा हामी सब नेपाली ॥

३८

एक बगैंचा, लाखन-भाँति
ढकमक फुलका भेद र जाति ।
तिनको रक्षक राजा माली
एक छ, हामी सब नेपाली ॥

३९

मनमा सल्लो साल गुहेँली
थरिथरि रुखहरु छुनुमुनु खेली ।
साथ रहन्छन् जात नफाली
हामी करोडौं सब नेपाली ॥

४०

कोही कटिमा पटुका बाँधोस्
कोही शिरमा फेटा बाँधोस् ।
कोही भाङ्रा गादोस् खालि
वास्तव हामी सब नेपाली ॥

४१

चाहे घोकौं चण्डी गीता
चाहे प्रापारमीता ।
धार्मिक मतको भेद छ खालि
वास्तव हामी सब नेपाली ॥

४२

लड्दा उनको शक्ति लिएर
दूर काँगडासम्म गएर ।
बोल्थ्यौं जय जय गोरख-काली !
थियौं यशस्वी सब नेपाली ॥

४३

उस वेलाको राष्ट्र-विधाता
गोर्खाऽधिपको लाग्दा नाता ।
पाएका हौं पद गोर्खाली
वास्तव हामी सब नेपाली ॥

४४

रहन-सहन वा भाषा-भेष
फरक भए तापनि यो देश ।
सबको प्यारो मङ्गल माली
यसको जनता सब नेपाली ॥

४५

भिन्नै होस् त्यो हावा-पानी
भिन्नै होस् यो आनी-बानी ।
भिन्नै होस् त्यो बोली-चाली
तैपनि हामी सब नेपाली ॥

४६

चाहे खुकुरी खड्ग जगाऊ
चाहे बन्दुक तोप दगाऊ ।
चाहे लेऊ भाला खालि
वास्तव हामी सब नेपाली ॥

४७

जसका कुलको जस्तो धर्म
त्यै माफिकको त्यसको कर्म ।
छैन कसैको निन्दा गाली
वास्तव हामी सब नेपाली ॥

४८

यै हो हाम्रो वीर-पताका
    यै हो हाम्रो राष्ट्र चनाखा ।
यसकै रेखा-रूप सम्हाली
    रहने हामी सब नेपाली ॥

४९

भाक्सू, मलया, बर्मा, श्याम,
    सिक्किम सबतिर भाषा नाम ।
थामी रहने धैर्य अँगाली
    कोटि अधिक सब नेपाली ।

५०

यो नेपाली पलको माने
    व्यापक छ भनी मर्म नजाने ।
रहला कसरी राष्ट्र विशाल
    गर्नै पर्दछ यसको ख्याल ॥

# प्रतिभा

१

प्रतिभा मुट्टु हो मनुष्यताको
प्रतिभाले पद लिन्छ देवताको ।
प्रतिभा बिजुली-समान चल्छ
प्रतिभाले सब दुःख-दर्द ढल्छ ।

२

प्रतिभामय शास्त्र छन् अनेक
प्रतिभा गर्दछ तत्त्वको विवेक ।
प्रतिभा कविता बनेर खेल्छ
प्रतिभा रङ्ग नयाँनयाँ उकेल्छ ॥

३

प्रतिभा दिलमा प्रकाश भर्छ
प्रतिभा दुस्तर अन्धकार हर्छ ।
प्रतिभा सुख-शान्तिको निवास
प्रतिभा गर्दछ सभ्यता-विकास ॥

४

प्रतिभा नभमा विहार गर्छ
　　प्रतिभा सात समुद्र पार तर्छ ।
प्रतिभा अणुसम्म फोर्न सक्छ
　　प्रतिभा स्वर्ग सबै निचोर्न सक्छ ॥

५

प्रतिभा युगको प्रवाह देख्छ
　　प्रतिभाले सजिलो विधान लेख्छ ।
प्रतिभा छ अनन्त-शक्ति-धाम
　　प्रतिभा बन्दछ विश्वको लगाम ॥

# आर्यजाति

१

मनुष्यमा खास मनुष्यताको
विकास गर्दै फिर सभ्यताको ।
आलोक भर्ने सब विश्वमाथि
संसारमा धन्य छ आर्यजाति ॥

२

धेरै अगाडी मुटुभित्र त्यस्को
पऱ्यो र दैवी गतिरुप चस्को ।
बितर्कमा खूब तरङ्गिँदै गो
मस्तिष्क उस्को सब रङ्गिँदै गो ॥

३

छाती टटोल्यो, दुनियाँ टटोल्यो
पशुत्वमा मूर्च्छित दृष्टि खोल्यो ।
देख्यो उषाको हँसिलो मुहार
उत्थानमा भो सहसा तयार ॥

४

बगाइ चौतर्फि सुधार-धारा

धोयो पखाल्यो पशुभाव सारा ।

उद्‌बुद्ध त्यो उज्ज्वल आर्यजाति

फुक्तै गयो जागृतिको खलाँती ॥

५

ओडारको वा वनको निवास

विकासको हेतु बन्यो र खास ।

मस्तिष्कको कोष शनैः फुकायो

आर्यत्वको तत्त्व निगूढ पायो ।

६

प्रपञ्जको भासक सत्य सत्ता

समाधिका साथ लगाइ पत्ता ।

त्यो गद्‌गदाऽऽकार बन्यो र फेरि

क्यै घोरियो जीवन-लक्ष्य हेरी ॥

७

यो विश्वको केन्द्र महेन्द्र-धाम

त्यस्को नियन्ता परिपूर्ण राम ।

जस्ले मनोमन्दिरमा निहाऱ्यो

सर्व शिवं शान्तमिदं पुकाऱ्यो ॥

८

विचार चौतिर सल्बलायो ।
कर्तव्यमा त्यो फिर सल्बलायो ।
प्रपञ्ज विस्तारक चारु वेला
तुरुन्त पायो मुटुभित्र फेला ॥

९

त्यस्मा पुऱ्याएर पुरा विचार
कर्तव्य सच्चा समयाऽऽनुसार ।
देख्यो र लेख्यो पनि वेद चार
यो ज्ञानका सागर छन् अपार ॥

१०

अध्यात्मको अद्‌भुत शक्तिमाथि
कब्जा गरी तथ्य कुरा समाती ।
त्यो धीर लोकोत्तर आर्यजाति
थाल्यो क्रिया गर्न अनेक भाँति ॥

११

देखाई आदर्श उदारताको
समाजमा त्याग र एकताको ।
प्रभाव चारैतिर भर्न थाल्यो
छाती कडा पत्थरको पगाल्यो ॥

१२

अनेक विज्ञान-विवेकशाली
शाखा-प्रशाखा श्रुतिका निकाली ।
दैवी कला हासिल गर्न शक्ने
त्यै आर्यता भो कहिल्यै नझुक्ने ॥

१३

विद्या परामा बहुतै सचेत
रहेर सारा अपरासमेत ।
जान्ने ठुला अद्‌भुत दूरदर्शी
यै जातिका रत्न थिए महर्षि ॥

१४

अन्यायकारी सुरराजसम्म
पल्टाउने शक्ति र सत्त्व टम्म ।
यै जातिको भित्र निवास गर्थ्यो
जस्देखि संसार अचम्म पर्थ्यो ॥

१५

अध्यात्म साथै अधिदैव लक्ष्य
राखी मिलाई अधिभूत पक्ष ।
जस्ले खुलायो सब सृष्टितत्त्व
उस्को न होला कसरी महत्त्व ॥

१६

परत्रको वास्तव वस्तुतत्त्व
वरत्रको जीवनको महत्त्व ।
बुझी दुवैको सुख-तारतम्य
यै जाति गर्थ्यो उपदेश रम्य ॥

१७

आस्तिक्यको दीपक दिव्य बाली
कालो कडा नास्तिकता पखाली ।
जस्ले जगाई प्रतिभा उज्यालो
विश्वात्मा विश्वेश्वरमा बसाल्यो ॥

१८

खगोल भूगोल सबै निहारी
रहस्य उस्का गतिको विचारी ।
समस्त सृष्टिक्रम-तारतम्य ।
यै जातिले स्पष्ट गर्‍यो सुरम्य ॥

१९

देवेन्द्रदेखि कृमि कीटसम्म
देखी महाचेतन-ज्योति टम्म ।
'आत्मैव सर्वम्' जुन जाति भन्थ्यो
आनन्दमा गद्‌गद भै रहन्थ्यो ॥

२०

सन्तोषः  कारुण्य, परोपकार

इत्यादि दैवी गुणको प्रचार ।

जो विश्वमा शान्तिनिमित्त गर्थ्यो

सम्पत्तिको सञ्चयदेखि डर्थ्यो ॥

२१

अनार्यता वा जडवाद ज्यादा

बढ्यो भने गर्दछ विश्व-बाधा ।

भन्ने विचार जुन आर्यजाति

झुक्थ्यो सदा चेतनवाद-माथि ॥

२२

विधि-व्यवस्था समयाऽऽनुसार

सबै मिलाईकन बारबार ।

यै जाति शिक्षा सबलाई दिन्थ्यो

बन्धुत्वमा विश्व समस्त उन्थ्यो ॥

२३

सङ्गीत शिल्पादि कला प्रशस्त

विस्तार गर्दै दुनियाँ समस्त ।

यै जातिले खूब रमाउँदै गो

कर्तव्यको ज्योति जगाउँदै गो ॥

२४

उदार यस्कै उपदेश-धारा
चुर्लुम्म पारीकन विश्व सारा ।
अनार्यता-दोष सदा पखाल्थ्यो
आर्यत्वको उज्ज्वलता निकाल्थ्यो ॥

२५

रजस्तमो-दूषित वृत्तिबाट
संसारमा पर्दछ बिल्लिबाठ ।
भन्ने बुझी नित्य समाजभित्र
यै भर्दथ्यो सात्त्विकता पवित्र ॥

२६

के शस्त्र, के धार्मिक शास्त्रतत्त्व
के शिल्प, सङ्गीत, कलामहत्त्व ।
के स्वास्थ्य, वाणिज्य, कृषि प्रयास
सर्वत्र आर्यत्व थियो प्रकाश ॥

२७

त्यै आर्यको संस्कृति विश्वभित्र
छँदै छ अद्याऽऽपि बडो पवित्र ।
यथार्थ विश्लेषण गर्न उस्को
संसारको शक्ति छ आज कस्को ??

२८

त्यै आर्यको संस्कृतिको समाज
आर्यत्वको मूल भुलेर आज ।
आनार्यता वा जडवाद-माथि
झुक्तो छ सङ्कीर्ण गरेर छाती ॥

# जीवन-नदी

१

आज्ञानका दुर्गम शिखरमा बेहद जमेको सर्वदा
हिमराशि सञ्चित कर्मको भवितव्यता-वश पग्लँदा ।
प्रारब्धमय-निस्पन्द निस्क्यो मानस-सरोवरमा खस्यो
भुमरी परी त्यो फिर फन्फनायो समभावना दृढ रङ् बस्यो ।

२

सारा सरोवर समतुल्य भैगो, थाल्यो छचल्किन बेसरी
चौतर्फी खलबल बग्दै त्यो लाखौं हजारौं मुख गरी ।
जम्बा हुँदै सब कलनाऽऽनुसारी अवितर्क्य एकै धारमा
पत्तै नपाई घुस्तै गयो त्यो विकराल मोह-द्वारमा ॥

३

कालो भयङ्कर गर्भे गुफामा धसियो, घुस्यो अलमल्ल भो
अलिबेर तेही अलमल्लमा नै अर्कै प्रभा झलमल्ल भो ।
आफू खसेको डण्डुर कालो ठाडो भयानक देखियो
लाग्यो कहाली त्यो देखदामा सोला अत्याहटले दियो ॥

४

चक्कर लगायो, फिर अस्पटायो, अन्योल भो लाचार भो
कछुवासरी भै डल्लो परी गो व्यामोह नै आधार भो ।
एतावता त्यो कालो गुफामा साह्रै जखडबन्द थियो
मान्यो हवाले धक्का अचानक, फेरि तलैतिर हुत्तियो ॥

५

यै चालले नै बाङ्गो र टेढो विकराल भिर सब तय गऱ्यो
संथर सफा मैदानजस्तो परिपञ्जमा फिर त्यो झऱ्यो ।
बिर्स्यो अघिको रस्ता उभिन्डो, ठक्कर भयङ्कर ती भुल्यो
यसतै रहूँला, यस्तै थिएँ पो भन्ने सुखी सुरमा चल्यो ॥

६

जाग्रत र सपना दुइटा किनारा, वासनामय टम्म भो
आशामयी सब लहरीहरुको सौन्दर्य उसमा गम्म भो ।
सुख-कल्पनाका फिर घुम्न थाले भुमरी निरन्तर फन्फनी
लीला सुरु भो दश जातका ती कलहंसको मनमोहिनी ॥

७

मिहिनेत-मिश्रित टन्टा हिलो सब देखिन्न उसमा भित्र छ
ऐश्वर्य-नामक पुष्पित कमलको जसमा झकाझक चित्र छ ।
विस्तार हरहर हावा निरन्तर चल्दो छ श्वासोच्छ्वासको
दह पर्छ बिचमा नीलो र कालो अपशोच, चिन्ता त्रासको ॥

८

प्रतिबन्ध विघ्न-प्रस्तरहरूमा ठक्कर परेमा अलिकति
आवाज चर्को निस्कन्छ उसको, बदलिन्छ, साधारण गति
कलकल र छलछल त्यो गर्छ काहीं, काहीं शान्त भैकन चल्दछ
कहिं शब्द उसको पञ्चम रसीलो स्वर-माधुरीसित मिल्दछ ॥

९

आकाश-चुम्बी सङ्गीत गर्दै आकाशमा फूल हेरदै
आकाश राखीकन काख-बीचमा सुख-मालिकाकन फेरदै ।
चल्दो छ हाम्रो जीवन-नदी यो नाचेर सुन्दर चालमा
विच्छेद काहीं कता नपारी लयमा सुरमा तालमा ॥

१०

धूलो, पतिङ्गर, मैला, हिलो वा वैरिन्छ जोजो त्यो पनि
प्रेम प्रभावले सारा दबाई फट्टिक सरी निर्मल बनी ।
मिल्दी छ कत्ती बाधा नमानी हाँसी खुसी उस सिन्धुमा
जसभित्र पुग्नासाथै सबै त्यो लय हुन्छ सानू बिन्दुमा ॥

# केदार-दर्शनको रहस्य

लाखौं चोसे र मोसे विषयसुख-शिलाशंल चिर्दै बहेकी
श्रद्धा-मन्दाकिनीको विकट तटतटै भै चनाखो विवेकी ।
कैलासोपत्यकाको सुमधुर छविमा घुस्छ जो भक्तिसाथ
तीर्थाऽऽत्मा तीर्थवासी उहि जन मनले देख्छ केदारनाथ ।

# विचित्र-वाहिनी

१

*प्रश्न-*

स्नान सन्ध्याऽऽदिको बेला फाली हेला गरीकन ।
मनले कसको ध्यान लियौ हे बटुवा ! भन ॥

२

*उत्तर-*

अन्त जान् झिंजो मानी साँझका माझमा हिजो ।
यो पौवामा बसें राती दुर्दशाले समातिंदा ॥

३

छैन साथी पनी साथ थिएँ खालि म एकलै ।
तेसै बेला परें फेला ठेलम्ठेला पसे सबै ॥

४

बिचरो पिल्पिले बत्ती निदायो वा बिदा भयो ।
देह मानू हुल्याहाको हूललाई सिधा भयो ॥

५

आकाश शब्दले ढाक्यो चित्त ढाक्यो तपासले ।
लुच्चो भएर कुर्कुच्चो ठोक्यो होश हवासले ॥

६

छुटचो अत्यासले रेल थर्क्यो हृदय-टेशन ।
मैले रुमाल हल्लाएँ गोराले झैं बिदा दिन ॥

७

कहाँ त्यो सभ्यको चाला कहाँ ती मूर्खको गिदी ।
के सम्झन्थे कठै ! मेरो त्यो शिष्टाऽऽचारको विधि ॥

८

उल्टो मेरो बिदालाई सम्झी सोझो निमन्त्रण ।
फर्क्यो फरक्क तत्कालै त्यो सारा दुष्टको गण ॥

९

पायौं निमन्त्रणा, आयौं, गर पूजा भनीकन ।
लागे मानू सबै छुच्चा पाहुना खल्बलाउन ॥

१०

कहाँ पाद्य, कहाँ अर्घ्य, कहाँ विष्टर, आसन ।
पार्न थालें तिनैलाई म उल्टो रक्तचन्दन ॥

११

त्यस्ले झन्झन् रिसाएर खैलाबैला गरी ठुलो ।
गर्न थाले जबर्जस्ती धैर्य मेरो भयो धुलो ॥

१२

जबर्जस्ती पस्यो मानू लाखौं दुर्जेय पल्टन ।
उल्टायो शान्तिको किल्ला मैले पाइनँ पल्टन ॥

१३

ममाथि हमला गर्ने सुरले दुष्ट दुश्मन ।
टाँटी टाँटी गरी थाले मानू बिगुल फूकन ॥

१४

त्यो टीं टीं शब्दका साथै मार्च भारी भयङ्कर ।
चलि-हाल्यो मुटू मेरो थाल्यो काँपन थर्थर ॥

१५

मार्चको शब्दले हो वा भानले हो विमानको ।
निद्रादेवी उडी-हालिन् पर्दा खोलेर कानको ॥

१६

लुट मानू चली-हाल्यो, न गुहा न गुहार भो ।
सातो-पुत्लो कठै ! मेरो तिनैको उपहार भो ॥

१७

आत्तियो चित्त चौपट्ट छट्टपट्ट बिछट्ट भो ।
कालो निस्पट्ट त्यो रात्रि दुःखको घोर घट्ट भो ॥

१८

देख्दादेख्दै निमेषैमा खैलाबैला ठुलो चल्यो ।
मानू दुर्भाग्यको वृक्ष लटऱ्याम्म भई फल्यो ॥

१९

डेरालाई दिई घेरा जबर्जस्ती सबै पसे ।
जायाजात लिनालाई आएका फौजझैं बसे ॥

२०

कुनै घुच्च्याउने तेसै कुनै चिच्च्याउने पर ।
गर्न थाले कुनै लुच्चा ठाडै घिच्याउने सुर ॥

२१

राँका लिएर आएका डाँका-तुल्य कडा बनी ।
हाकाहाकी दिए हाँक छाक पाछौं यहीं भनी ॥

२२

दुष्टको धुइरो लम्बा पुसको कुइरो सरी ।
झ्यालैबाट घुस्यो भित्र विचित्र रमिता गरी ॥

२३

बाजा गग बजाएर राजाझैं दङ्ग भै पसे ।
ताजा रगतका धारा खाजा पारे भुँडी कसे ॥

२४

म शिकार थिएँ यौटा ती शिकारी कडोरन ।
रक्त मानू बिलो लाए थोपाथोपा गनीकन ॥

२५

खाई भतेर फालेका टपरीमा बडा छुचा ।
कागझैं खल्बलाएर धस्न थाले कडा चुचा ॥

२६

बोल्दा मुख भरी पस्ने सुन्दा कान भरी सब ।
हेर्दा नयनमा घुस्ने नाकको के कुरा अब ??

२७

कुनै लामू सिटी दिन्थे कुनै साथी सुध्याउँथे ।
कुनै फलामझैं साह्रा कर्र कर्र उध्याउँथे ॥

२८

मामा ! मामा ! भनी लामा स्वरले परदेखि नै ।
पियारो साहिनू लाई बोलाई दगुरे कुनै ॥

२९

कुन भानिज हो भन्दै हेर्दा नेत्र गरी कडा ।
गह्नाएका सिह्नामाथि गिद्धझैं ती थिए खडा ॥

३०

पटापटी दिएँ चट्ट भाञ्जाको दक्षिणा भनी ।
तर जिब्रो नरङ्गाई हटेनन् ती कुनै पनि ॥

३१

कुनै लागे कुनातर्फ कुनै तुर्लुङ्ग झुन्डिए ।
कुनै ढुन्मुनिंदै खुस्के कुनै ठाडै उभिन्डिए ॥

३२

जोरले हुर्रिंदै आई कोही टिनिनिनी गरी ।
पल्टे पुर्लुङ्ग भाडाका थोत्रो बाइस्कलै सरी ॥

३३

बिकम्बा ती सबै जम्बा मेघझैं हुन्हुनाउँदै ।
घुम्न थाले जथाभाबी मानू हर्ष मनाउँदै ।।

३४

सप्रेका पात-तरुमा पाकेका फलझैं गरी ।
टीं टीं आवाजका साथ गिर्न लागे उसै घरी ।।

३५

बाबु मऱ्यो भने(फेरि) छोरा नाति पनि मरे ।
कन्दराको कुनै मानू लुटेरा फौजझैं झरे ।।

३६

लगाई छातिमा लात्ती तीखा दाह्रा धसी अति ।
चुसी चुसी पिए सारा रक्त-धारा मिले जति ।।

३७

उठी क्रोध पिठो पारूँ भनी बाँधी कडा मुठी ।
पिटैं पटापटी फेरी किटी दाँत कटाकटी ।।

३८

चोट मेरो छली चट्ट झट्ट भागे अली पर ।
चोटले आफनै अङ्ग बन्यो चौपट्ट जर्जर ।।

३९

यता हाने उता जाने कानैमा फेरि नाचने ।
नहाने रगतै खाने कसोरी हो नि बाँचने ।।

४०

लाल गाला कठै !! खालि छाला-शेष हुँदै गयो ।
तालुमा दन्तमालाले ज्वाला नै बेसरी दियो ॥

४१

म यौटा छु हजारौं ती झम्टँदा छन् वरीपरी ।
ढाडिएको गँड्यौलामा विषालु कमिलासरी ॥

४२

हाल-बाला भई टाला जम्मा पारी धुवाँ दिँदा ।
कुइरोमा कराएर घुमेका कागझैँ हुँदा ॥

४३

धीरे धीरे झरे फेरी तरी धुम-महोदधि ।
घोर सागर नाघेर वीर गोराहरू सरी ॥

४४

त्यो वेला म थिएँ मानू निर्धो निर्बुद्धि भारत ।
तिनी थिए डच, फ्रेन्च, पोर्चुगीज र इङ्लिश ॥

४५

भोका ती रक्तका प्यासा ब्वाँसा-तुल्य बलीकन ।
नरमी चालले थाले सुस्तसुस्तै कन्याउन ॥

४६

भरौँला पेटको थैलो मरौँला अथवा भनी ।
सबै हाँहाँ दिँदै दौडे बडा आहारिसे बनी ॥

४७

ख्याल गर्दा बिरालाले मुसाको जुन हालत ।
हुन्छ, तेही भयो मेरो हरायो होश-तागत ॥

४८

कता बुद्धि कता शुद्धि केही नचलने भयो ।
विधर्मीले अँठ्याएर हिन्दूको ठीक भै गयो ॥

४९

पौवा चितौनको झाडी मोटो गैँडा म छु खडा ।
शिकारी दुष्ट ती भाला रोप्न थाले तिखा कडा ॥

५०

दुष्टको दुष्टता निद्रा-वनलाई सलाइ भो ।
आँखा झिमिक्क लागेन प्राण-बाधा मलाइ भो ॥

५१

जब सूर्य उदाएथे उज्यालो प्राण झैं बनी ।
अनि ती छुट्टु लाम्खुट्टे भागे, जागे अरु भनी ॥

५२

यही चोला सही मित्र ! अहिले भित्रबाट म ।
आउँदै छू यहाँसम्म यो अचम्म कहें सब ॥

५३

निका निका रसिकको मन-रञ्जन पारन ।
हास्यको भास पारेर लेखें यो वाहिनीकन ॥

# हाँसेको साहित्य-सागर

१

कोही वायुकुमार-तुल्य बलिया गर्छन् उडी लङ्घन
कोहि बन्धन हाल्दछन् नलसरी ढुङ्गा-मुढा लीकन ।
कोही अङ्गद नीलझैं घुमिघुमी आलोचना गर्दछन्
सीता निश्चय भेट्दछौं भनि कुनै आनन्दमा पर्दछन् ॥

२

केही भित्र घुमाइ खूब उसमा उत्साहको मन्दर
गर्छन् मन्थन देव-दानव सरी पीयूषको खातिर ।
त्यो देखी कवि(पि)- वर्गको हरघडी चापल्य वा जाँगर
हाँसी नित्य छचल्किँदो छ धमिलो साहित्यको सागर ॥

# पिंजराबाट छुटेको शुगा

१

हाय ! म हूँ त्यै द्विज शुकनामा

बन्द थिएँ जो उस पिंजरामा ।

विधिवश अहिले उम्कें बल्ल

किन्तु परेको छू असरल्ल ॥

२

बढदो चढदो वय पञ्चरमा

सकल बिताएँ कष्ट-कहरमा ।

यस हालतमा बाहिर आई

कसरी मैले जिउने ? हाई !!

३

त्यो पिंजरामा पहिले पस्ता

उकुस-मुकुस भै रोई बस्ता ।

जो जति भोगें सङ्कट-बाधा

अझ त्योभन्दा अहिले ज्यादा ॥

४

उडने कसरी ? हिंडने कसरी ?

वनको चारा चर्ने कसरी ?

यो सब सम्झन सक्तिनँ केही

थरथर काँप्दछ केवल देही ॥

५

लडदै पडदै स्याँस्याँ गर्दै

बालक जस्तै बामे सर्दै ।

खुला जगत्मा, आएँ किन्तु

हृदय छ मेरो इन्तु न चिन्तु ॥

६

मीठा फलफुल च्याप्दै मुखमा

भुर्र म उड्थेँ जुन रुखरुखमा ।

ती सब रुखहरु देख्दा आज

लाग्छ कहाली साथै लाज ॥

७

थोरै बाङ्गा टेवाजस्ता

निश्चल खुट्टा दुर्गम रस्ता ।

नयन दुवै छन् धमिला ज्यादा

शिव ! शिव ! म उपर कत्रो बाधा !!

८

अति कुँजिएका बस्ता बस्ता
कत्ति न फुक्ने कैंचीजस्ता ।
उभय पखेटा केवल भार
दुर्विधिको यो कत्रो मार ??

९

यही गगन हो यही पवन हो,
यै सब मैले खेल्ने वन हो ।
तर अब योसित मेरो नाता
के छ र ? ल्याइस् हाय ! विधाता !!

१०

बिर्सी खगको वाङ्मय धारा
नरको बोली बोल्दा सारा ।
जनम जवानी फालें मैले
तर यो बुझ्ने कसले ऐले ??

११

जबतक बोली टिप्न म सक्थें
भने बमोजिम सबकुछ बक्थें ।
तबतक सारा गद्गद हुन्थे
धन्य छ हाम्रो तोता भन्थे ॥

१२

लहै लहैमा उच्च स्वरले
    भक्ति न श्रद्धा खाली करले ।
बोलें कहिले आत्माराम !
    कहिले पशुपति ! राधे-श्याम ॥

१३

पयर पखेटा सब कुँजिनाले
    नसानसामा दर्द हुनाले ।
कैदी म थिएँ एकै डल्लो
    जीवन लाग्थ्यो अतिशय खल्लो ॥

१४

उस वयमा त्यो बन्धन हाली
    अब यस वयमा बाहिर फाली ।
दैव ! तँ हेर्छस् अझ कुन रमिता ?
    किन यति गाह्रो तेरो कविता ??

१५

त्यसरि तपस्या गर्दागर्दा
    दिन, ऋतु, महिना निक्कै फिर्दा ।
दर्द मथर भो स्थिरता आयो
    त्यै पिंजरामा ममता छायो ॥

१६

त्यै घर, तेही घरका व्यक्ति,

त्यै पिंजरामा क्रमसित भक्ति ।

बढ्दैबढ्दै आयो मेरो

अरु सब बिर्सें सेरोफेरो ॥

१७

शनैः शनैः सब फिऱ्यो जमाना

जर्जरताले माऱ्यो ताना ।

शिथिल भयो जब बोल्ने शक्ति

अनि पछि पाएँ बन्धन-मुक्ति ॥

१८

धन्य दयालू मानुष-जाति

धन्य विवेकी तेरो छाती ।

जसले गर्दा प्राण-भिखारी

बिचरो म भएँ वारी न पारि ॥

१९

कुन त्यो त्यस्तो जन्मोत्सव हो ?

कुन त्यो अद्‌भुत करुणा-द्रव हो ?

जसले मरणाऽऽसन्न मलाई

यस हालतमा फाल्यो हाई !!

२०

उसको जन्मोत्सवको वेला
म परेँ मरणोत्सवको फेला ।
कस्तो अन्धो मानुष-जाति ?
कस्तो निर्दय पत्थर छाती ??

२१

पहिले पिंजरादेखि तानी
फगत पिलाई अलिकति पानी ।
हुर्र मलाई पर मिल्कायो
लडेँ जमिनमा मूर्छा आयो ॥

२२

थुनिंदा मेरै कर्म थियो रे
छुट्दा उसले धर्म लियो रे ॥
ग्रहको बाधा सकल टऱ्यो रे
जन्मोत्सवमा शान्ति गऱ्यो रे ॥

२३

स्वार्थ-सिद्धि नै पौरुष ठान्दा
पर पीडाको पाप नजान्दा ।
मानिसले सब सृष्टि बिगाऱ्यो
पृथ्वीतलमा नरक उताऱ्यो ॥

२४

जुनिभर भोगी यै सब गोता
　　यै वयमा त्यो छुट्दो हो ता ।
सब सम्झन्थ्यो पुण्य र पाप
　　पक्का मान्थ्यो पश्चात्ताप ॥

२५

हाय ! विधता ! कहाँ म जाऊँ ?
　　कसरी जाऊँ ? कोसँग जाऊँ ?
थामूँ कसरी जीवन शेष ?
　　शिव ! शिव ! जुनिभर कत्रो क्लेश ?

२६

टुट्तै–आयो दिलको आशा
　　हेर्छु जतातिर उतै निराशा ।
अब निभने भो जीवन–दीप
　　कस्तो कालो कुटिल नसीप ??

२७

पिंजरामय त्यो देवल भित्र
　　म थिएँ द्यौता एक विचित्र ।
जो कुट पूजा मिल्थ्यो खान्थें
　　बालकहरुकन पूजक ठान्थें ॥

२८

कहिले कोशा, अम्बा, केरा
कहिले खोर्सानीको घेरा ।
त्यो सब चारा सपनामय भो
दैव ममाथि अति निर्दय भो ॥

२९

फुलझैं सून्दर कलिला साना
बालक उनका लीला नाना ।
घुमि-रहेछन् भित्र नयन्मा
हाय !! कहाँ ती अब यो वनमा ॥

३०

पिंजरा बोकी तोता हाम्रो
भन्दै राखी ममता राम्रो ।
शिशुहरु खेल्दा उस आँगनमा
झुल्दै गद्गद हुन्थें मनमा ॥

३१

पल्लव जसतो औंला शिशुले
उस पिंजरामा हाल्दा खुसिले ।
बुढिया नचला, टोक्ला भन्थिन्
नजर दयालू मउपर दिन्थिन् ॥

३२

शुक्यो शुगा त्यो, ए सान्नानी !
किन नदिएको चारा पानी ?
भन्ने करुणा-रसको धारा
आज नजरमा छल्क्यो सारा ॥

३३

खगको चोला, नरको बोली
कठिन तपस्या ऋषिमुनिको ली ।
जहाँ बिताएँ जनम तमाम
कसरी बिर्सुं अब त्यो ठाम ??

३४

पलपल त्यै घर, त्यै परिवार
त्यै पिंजराको गोल दिवार ।
त्यो सब खाना घुम्दछ मनमा
दैव ! पछारिस् किन यो वनमा ??

३५

विन्ति छ मेरो कुटिल ! विधाता !
अब नछुटाएस् यस्तो नाता ।
सारा वनमा लगा डढेलो
खरानीको गर छेलोखेलो ॥

# मातृभूमिको प्रार्थना

१

हे मातृभूमि ! तिम्रा हामी सबै पुजारी ।
गिरिराजकी सुपुत्री तिमि पार्वती दुलारी ॥

२

शिव भावना छ मनमा बसछ्यौ पवित्र वनमा ।
हिम-भूति त्यो वदनमा झल्कन्छ चित्तहारी ॥

३

मेची जया सखी छन् विजया विशाल काली ।
बस्छन् दुवै बगलमा तिम्रै प्रभाव निहारी ॥

४

सादा छ भेषभूषा सादा छ वन्य खाना ।
तर इष्टसिद्धि-खातिर तपको प्रयास भारी ॥

५

देखी विचार-धारा स्तुति गर्छ विश्व सारा ।
साना ठुला सबै छन् गुण शक्तिका भिखारी ॥

# बूढा बटुवाको प्रातःकालीन गन्थन

१

छैन लोक भरमा तम कालो
भैशकेछ झलमल्ल उज्यालो ।
मित्रवर्ग ! उठ लोचन खोल
रङ्ग हेर रविको अनमोल ॥

२

च्याउँच्याउँ गरदै चिडियाले
राग सुन्दर सुनाउन थाले ।
छैन हामिकन त्यो सब थाह
नींदले गरि-शकेछ तबाह ॥

३

एकनास दुनियाँभर खास
भैसकेछ मृदु कान्ति-विकास ।
मित्र ! व्यर्थ यसरी मुख छोपी
दोषको पहिरने किन टोपी ??

४

पुष्पको लिइ अनन्त सुवास
    मन्दमन्द बहँदो छ बतास ।
काटिनेछ सहजैसित पन्था
    ओढने किन सुती अब कन्था ??

५

कुम्भकर्ण सरि भैकन पाऊ
    तानि व्यर्थ यसरी ननिदाऊ ।
सार्थ हुन्न यसले नरचोला
    मित्रवर्ग ! पछितो पछि होला ॥

६

हेर हामिहरु आज निँदैमा
    मस्त भैकन यसै घुरदैमा ।
व्योम-मण्डल भयो झलमल्ल
    पर्दछौं किन वृथा अलमल्ल ॥

७

गाउँदो छ दुनियाँ कुन राग ?
    कान खोलि सुन त्यो उठ जाग ।
नेत्र छोपि यसरी कतिसम्म
    मित्रवर्ग ! परने अझ गम्म ??

८

हेर हामी यसरी सुतनाले
　　खिस्सखिस्स सब हाँसन थाले ।
यो पनि गरनु पर्दछ याद
　　भैशकेछ सुतदा बरबाद ॥

९

विन्ति मित्र ! उठ, जल्दि चनाखा
　　पारि लाउ दुनियाँतिर आँखा ।
कत्तिको मधुर रङ्ग छ हेर
　　गर्दछौं किन सुतेर अबेर ॥

१०

भन्नभन्न गरदै मुखनेर
　　भन्कँदा पनि झिंगा नउठेर ।
हामिले पथिकवर्ग हँसायौं
　　आफनू समय व्यर्थ गुमायौं ॥

११

मार्गमा जति सुत्यो उति भित्र
　　तीव्र हुन्छ अलसीपन मित्र !
पर्दछौं अझ कती लमतन्न
　　ज्यास्ति भो, नयन चिम्लन हुन्न ॥

१२

नाम गाम सब थोक गुमाई
हाइहाइ गरदै मुख बाई ।
मार्गको शयन मात्र तताई
लाभ के छ अरुलाई हँसाई ॥

१३

स्वच्छ पारि पहिले मनलाई
दूर सारि अलसीपनलाई ।
झट्टपट्ट उठ लोचन खोल
राम ! कृष्ण ! शिव ! शङ्कर बोल ॥

१४

मित्रवर्ग ! नगिचै छन गङ्गा
स्नान, शौच गर ह्वौ सब चङ्गा ।
नीदको समय वास्तव छैन
कृत्य धर्म यसरी रहँदैन ॥

१५

मित्र ! नाघिन जङ्गल कालो
लागनुछ पछिबाट उकालो ।
घाम केहि पछि चर्कन जाला
कष्टले सकल जीवन खाला ॥

१६

हामिमाझ दिनमा झक मारी

फेदिमा यसरि पाउ पसारी ।

पर्दछौं जति सुती अलपत्र

औललाइ उति पर्दछ सत्र ॥

१७

व्यर्थ फालि हिंडने शुभ वेला

शैलमाथि कसरी पुगिएला ?

धामले पछि सरासर हामी

बन्दछौं सब अवश्य बिकामी ॥

१८

मित्र ! यो समय व्यर्थ नफाल

धोउ हात मुख चित्त सम्हाल ।

कृत्यको सरल मार्ग समातौं

स्वप्नको भ्रम लिएर नमातौं ॥

१९

मित्रवर्ग ! बटुवाहरु धेर

सुस्तसुस्त सजिलैसित हेर ।

शैलमा चढिसके किन व्यर्थ

गर्दछौं अझ सुतेर अनर्थ ॥

२०

मित्रवर्ग ! उठ ईश्वरलाई
सम्झ भक्तिसित माथ झुकाई ।
भारि तारि कस होश सम्हाल
सत्य कर्म-पथमा पद हाल ॥

२१

भन्दछू प्रणयले सबलाई
जो हुने भइसक्यो अबलाई ।
मित्रवर्ग ! उठ मार्ग समाऊँ
प्रेमपूर्वक मिली सब जाऊँ ।[१]

---

१. (यो लेख राणाशासनको टायममा दार्जीलिङबाट प्रकाशित भएको हो ।)

# राम-राज्य (प्राचीन शैलीमा)

१

सीता साथ लिई राम सभाको बिचमा बसे ।
कविका कविता-वर्षा, शिरमा बर्बरी खसे ॥

२

गयो ताप महाराज ! सारा भारतवर्ष यो ।
पूर्ण चन्द्र उदाएको स्वच्छ आकाश झैं भयो ॥

३

पृथ्वी, लक्ष्मी दुवै पत्नी विष्णुका प्रभुले लिँदा ।
बिचराको बुढो शय्या कान्ताशून्य भयो सदा ॥

४

चतुरङ्गवती सेना बसेकी छ वरिपरी ।
प्रभुलाई प्रभावपूर्ण भानुको बिम्ब झैं गरी ॥

५

धैर्य गाम्भीर्यको वास प्रभुमा छ टनाटन ।
अगस्त्यले शुकाएको सिन्धुको छैन वर्णन ॥

६

बलेको छ प्रतापाऽग्नि भनला कविजी कुन ?
सकेन शुक्रकान्ताको अश्रुधारा शुकाउन ॥

७

प्रताप-बह्नि चीसै हो प्रभुको, न भए किन ।
कालो ओढी गुफाभित्र काँप्दथे सब दुश्मन ??

८

अलङ्घ्य प्रभुको अङ्ग रङ्गभूमि गरीकन ।
नाचदो शौर्यको ढङ्ग देख्दैमा दङ्ग भो मन

९

चिन्ताले प्रभुको चित्त सकदैन डगाउन ।
होला समुद्र शफरी उफ्रँदा धमिलो किन ??

१०

मिलेको छ महाराज ! काजमा नीति-पद्धति ।
नपुगेको कहाँ होला ? काव्यमा रसको गति ॥

११

लक्ष्मीको रिसले हो कि मुखमा गै सरस्वती ।
बोलेकी छन् धरानाथ ! दीयताम् दीयातामिति ॥

१२

विचित्रै छ महाराज ! प्रभुको मन्त्र-पद्धति ।
जसले गरदाखेरी डढे सारा वि-पक्ष-ति ॥

१३

छातीमा शत्रुकान्ताको दिनरात निरन्तर ।
हाराऽऽकार बगेका छन् अश्रुधारा मनोहर ।।

१४

अधकल्चा गराएर छोडेको किन दुश्मन ?
हेरदा तिनका नारी दगुर्दै छन् प्रतिक्षण ।।

१५

खड्गलाई थियो खाली वैरीका रक्तको भर ।
अब वैरी कुनै छैन पऱ्यो दुर्भिक्षको डर ।।

१६

धिक्कार हो महाराज ! प्रभुको चातुरी पनि ।
स्वर्गमा शत्रु छन् माथि प्रभु आफू उनै मनि ।।

१७

पियारी कीर्ति-कान्ताको ज्यादा छ छिचरोपन ।
घुमीघुमी गरेकी छ कविको मुख चुम्बन ।।

१८

चन्द्रको कालिमा-दोष नसकेर पखालन ।
पुगी पातालमा कीर्ति थाली मुख लुकाउन ।।

१९

कीर्तिले जगतै ढाकी भनला को गफी बनी ।
रक्तले शत्रुका राज्य लालै छन् ती अझै पनि ।।

२०

कीर्ति-रुपी सफा सारी लतारी दिग्बधूजन ।
राम्रै प्रकाश गर्दै छन् आफनू विधवापन ॥

२१

प्रभुको कीर्तिले छोप्ता उज्याला बन्दछन् शशी ।
अँध्यारा बन्दछन् लाग्दा शत्रु-दुर्यशको मसी ॥

२२

पृथिवीको थियो पुत्र अगाडि एक मङ्गल ।
प्रभुको सङ्गले आज पाइन् लाखन मङ्गल ॥

२३

प्रभाव-मन्त्र-उत्साह-शक्ति भक्ति ठुलो धरी ।
राज्यश्रीको सदा गर्छन् सेवा टहल बेसरी ॥

२४

देखेको छैन राजेन्द्र ! प्रजाले दुःखको मुख ।
जगत् छोपी बसेको छ मुखरुपी ठुलो रुख ॥

२५

नाना प्रकारका गान बजानाहरुले गरी
नगरी छ धरानाथ ! नाचदी अप्सरा सरी ॥

२६

स्वतन्त्र छू भनी गर्न उठोस कोहि कालमा ।
फसेको देख्दछौं हामी प्रजाको भक्तिजालमा ॥

२७

शिक्षा-वंश विचाराऽऽदि देखिन्छन् सब उन्नत ।
कहाँबाट मिल्यो राजन् ! नम्रता गुण विस्तृत ??

२८

कु-शाऽऽसन[1] फिँजारेर बस्ति[2]-पीडा गरीकन ।
ऋषि लागे महाराज ! बलले चक्र[3] चालन ।।

२९

पसेको छ महाराज ! राज्यमा न्याय बञ्चरो ।
बिउलाई पनि छैन कतै अन्यायको जरो ।।

३०

रोक टोक कतै, छैन खुला छन् ती दशै दिशा
मध्य आकाशमा सूर्य छँदासम्म कहाँ निशा ??

३१

अन्याय भो महाराज ! शकिँदैन बताउन ।
सबैका काखमा एकै शान्ति-सीमन्तिनी किन ??

३२

महाराज ! कतै छैन डाँका, चोरी, कुटाकुट ।
प्रभुका नामको मात्र परेको छ लुटालुट ।।

---

१. कुशको आसन र खराब आसन
२. बस्ति भाग र गामबस्तीहरू
३. षट्चक्र र व्युहचक्र आदि

३३

प्रभुबाटै मिलेको छ चिताएको टपाटप
छैन दोस्रो महाराज ! लोकमा कल्प-पादप ॥

३४

अलिकति कतै छैन राज्यमा रोगको गति ।
मरेको छ धरानाथ ! जराले दुनियाँ जति॥

३५

राजेन्द्र ! दुनियाँ नाम भए तापनि वास्तव ।
दुनिएको कतै छैन फुकेकै छन् प्रजा सब ॥

३६

अनेकता कडा त्यस्तो, खडा त्यस्तो छ एकता ।
धन्य कस्तो चमत्कारी प्रभुको नीति-निष्ठता !!

## श्रद्धाऽऽञ्जलि

१

अग्ला अग्ला उज्याला हिमगिरि-चुचुरा मौलि-माला समान
जस्का छन् गर्दथ्यो जो समर-विजयमा गर्व यद्वा गुमान ।
त्यै शंल प्राय हाम्रो प्रबल-विदित यो राष्ट्र नेपाल खास
हामी कोटि प्रजाको निहित छ यसमा जिन्दगीको विकास ॥

२

आफू सानै छँदा यो प्रबल भरत झैं सिंहका साथ खेल्थ्यो
जो जो हुन् आइलाग्ने रिपुहरु उनमा जाइलाग्थ्यो धकेल्थ्यो ।
वैरी भाग्थे दगुर्थे बहुत पर पुगी दीर्घ निःश्वास लिन्थे
सम्झन्थे जित्नलाई कठिन जब अनी मित्र बन्थे नुहुन्थे ॥

३

साहित्याऽऽकाश हाम्रो उस बखत थियो शून्य निष्पट्ट कालो
मानू हाली-रहेथ्यो फगत विजयको जोशले नै अँगालो ।
त्यै वेला दैवगत्या उदय शिखरमा भानु झैं भानु हाम्रो
आए यता उदाए सबतिर भरदै चेतना-ज्योति राम्रो ॥

४

तिखो सान सुरीलो कलम-किरणले त्यो तमोजाल सारा
हेर्दै सर्वत्र भर्दै मधुर अरुणिमा-पूर्ण आलोक धारा ।
भो भाषा रूप हाम्रो मुकुलित नलिनी-कोषलाई फुकाए
कामैले नाम आफ्नु प्रिय कविवरले सार्थतामा पुऱ्याए ॥

५

नेपाली कोटि हामीहरु सब जुन यो बोल्दछौं मातृभाषा
जस्मा राष्ट्रीयताका विविध विषयको नित्य उर्लन्छ आशा ।
त्यस्को आराधनामा तन मन धनले व्यग्र पैला पुजारी
धन्याऽत्मा भानुभक्त प्रथम कवि अहा !! राष्ट्रकल्याणकारी ॥

६

हाम्रा शास्त्रीय राम्रा किसिम-किसिमका छन्दमा टक्कटक्क
नेपाली भावशाली पदमय रसिला पुष्प उन्दै थपक्क ।
जस्ले माला बनाई रघुपति चरिताऽऽमोदले पूर्ण खास
पैह्राए राष्ट्रलाई खुसिसित, तिनको धन्य हो त्यो प्रयास ॥

७

त्यै मालाबाट उड्दो मधुर महकमा रङ्गियो देश सारा
भाषाको द्वेष गर्ने कृपणमति सबै लाग्न थाले किनारा ।
चौतर्फी चम्चमायो क्रमसित सब यो भानुको वाग्विलास
बढ्दो राष्ट्रीयतामा सरस चहकिलो पर्न थाल्यो प्रकाश ॥

८

बढ्दो-चढ्दो रसीलो वय लवकुशझैं राष्ट्र यो शक्तिशाली
चाहन्थ्यो भित्र उस्को उस नव वयले उच्च शिक्षा-प्रणाली ।
भेट्टायो भानुभक्त प्रिय गुरु नगिचै वन्य वाल्मीकि तुल्य
जो यै अध्यात्म रामायण अति रसिलो ग्रन्थ लेख्थे अमूल्य ॥

९

भाषामा त्यो हुनाले सहजसित सबै राष्ट्रले पढ्न पायो
पढ्दा सुन्दा र गुन्दा प्रमुदित मन भो भाव अर्कै उदायो ।
त्यस्ले कोटि प्रजाको हृदय-बिच मिही ऐक्यको बीज हाल्यो
यै हाम्रो राष्ट्रभाषा भनि सब दुनियाँ दङ्ग भै भन्न थाल्यो ॥

१०

वर्षैपिच्छे हजारौं प्रति उस कृतिका छापिए छापिंदै छन्
बाँकी काहीं रहन्नन्, खुसिसँग दुनियाँ नित्य किन्दै लिंदै छन् ।
निस्कून् लाखौं करोडौं अरु नव कविता किन्तु यस्को महत्ता
खोस्ने छैनन् कसैले जबतक रहला राष्ट्रमा शक्ति सत्ता ॥

११

भाक्सु, आसाम, बर्मा, सिकिम र मलया, दार्जिलिङ्, श्याम सारा
नेपाली बास-बस्तीहरु-बिच रसिलो भानुकै काव्यधारा ।
हर्दम् बग्दो छ अद्याऽवधि घरघरमा, दूरता-दोष धुन्छ
मानू जातीयताका सब-फुल बटुली ऐक्यको हार उन्छ ॥

१२

जो निस्केको छ ऐले विविध किसिमको नव्य साहित्य-सृष्टि
त्यस्मा भाषा-विकास प्रणयमय उही भानुको तीक्ष्ण दृष्टि ।
पौडी खेल्दोछ हर्दम् अमृतमय मिठो रङ्ग अर्कै निकाली
टल्केको उर्मिमाला-विलुलित सरमा हंसझैं भाग्यशाली ॥

१३

कस्तो मौका थियो त्यो ? किन कविगुरुले लेखनी त्यो लिएथे ?
कस्तो निन्दा घृणाको सहिकन कटुता काव्य त्यस्तो दिएथे ।
त्यस्ले के लाभ ल्यायो सकल मुलुकमा यो सबै जान्नुपर्छ
जानी ती भानुलाई प्रथम कवि भनी राष्ट्रले मान्नुपर्छ ॥

१४

नेपाली गैह्र हामी, हिमगिरितटको राष्ट्र नेपाल हाम्रो
हाम्रो यो राष्ट्रभाषा प्रचलित सजिलो, छन्द-शैली छ हाम्रो ।
त्यो हाम्रो आदिकाव्य प्रिय कविवर ती भानु आचार्य हाम्रो
हाम्रो यै भावनाले जुग जुग तब, यो बन्छ नेपाल राम्रो ॥

१५

राखी आदर्श सीता रघुवर दुइको विश्वकल्याणकारी

भित्री आँखा उघारी कठिन हृदयमा सत्यको चोट पारी ।

चल्तीका छन्द छामी नियमित कविता लेख्नमा दक्ष नामी

मेधावी भानुभक्त प्रिय कविवरका छौं ऋणी गैह्र हामी ॥

१६

पैले एकै थिए ती कविवर तनहूँ-प्रान्तमा भानुभक्त

ऐले हामी हजारौं नियति-वश बन्यौं भक्तिले भानु-भक्त ।

श्रद्धा राखी मनाऊँ अब सब उनको जन्मको यो जयन्ती

जस्ले त्यो फर्फराए जुगजुग कविता-शक्तिको वैजयन्ती ॥

कविशिरोमणि लेखनाथ पौड्यालद्वारा रचित अति लोकप्रिय कविताहरूका सङ्कलन हुन्- **'लालित्य भाग १ र २'** । कवि जीवित छँदै बि.सं. २०१० सालमा छापिएको भाग १ मा ६१ वटा र कवि दिवाङ्गत भैसकेपछि २०२५ सालमा छापिएको भाग २ मा ३८ वटा रचना समेटिएका छन् ।

मानवता र प्रकृतिप्रेम छचल्किएका यी कविताहरू साँच्चिकै रसमय छन् । बालबालिकादेखि सामान्य साक्षरसम्मले पनि वाचन गर्नसक्ने यी कविताले मीठो काव्यिक मिठास दिन्छन् ।

दार्शनिक चिन्तन कविशिरोमणिका हरेक रचनाको विशेषता नै हो । सरल शैलीमा उच्चकोटिको सन्देश दिने यी कविताले कविशरोमणिलाई वास्तवमै अमर बनाएका छन् ।

मञ्जरी
MANJARI PUBLICATION
Putalisadak, Kathmandu
manjaripublication@gmail.com

9 789937 712347
मूल्य रु. ३६५/-